# दाङ्ग जिल्लामा मौरीपालन व्यवसायको अवस्था तथा संभावनाहरू



## नेपाल राष्ट्र बैंक

### नेपालगञ्ज कार्यालय

### बैंकिङ्ग विकास तथा अनुसन्धान इकाई

कार्तिक, २०७०

# भूमिका

नेपालका अधिकांश जनता न्यून खेतीयोग्य जमिनको भरमा आफ्नो जिविकोपार्जन गरिरहेको तथ्यहरु सार्वजनिक हुने गरेका छन् । कृषिमा आश्रित नेपालीहरुबीच पनि भूमिको वितरण समान नभएकाले एकातिर धेरै भूमी हुनेहरुको भूमि पूर्ण सदुपयोगमा आउन सकेको छैन भने अर्कोतिर न्यून भूमि हुनेहरुलाई आफ्नो जिवन धान्नै गाह्रो भइरहेको छ । यस्तो अवस्थामा न्यून भूमि हुने या भूमिहीन रहेका नेपालीहरुको आर्थिक उन्नति गर्ने वैकल्पिक उपायहरु अवलम्बन गर्नु आवश्यक छ । यसै सन्दर्भमा नेपालमा हाल मौरीपालन व्यवसाय एउटा यस्तो वैकल्पिक कृषिको रुपमा अगाडि देखिएको छ । दाङ्ग जिल्लामा पनि पछिल्लो समय अधिक भूमि आवश्यक पर्ने अन्य कृषि पेशा भन्दा पनि न्यून भूमिमा पनि गर्न सकिने मौरीपालन व्यवसाय तर्फ कृषकहरु बिशेष रुपले आकर्षित हुँदै गएको पाइएको छ । अतः उक्त जिल्लामा फस्टाउँदै गएको मौरीपालन व्यवसायका अवस्था तथा संभावनाहरु सम्बन्धमा स्थिति उजागर गर्ने उद्देश्यका साथ यस कार्यालयको आर्थिक वर्ष २०६९/७० को वार्षिक कार्ययोजना अन्तर्गत रही यो विशेष अध्ययन कार्य सम्पन्न गरिएको हो ।

"दाङ्ग जिल्लामा मौरीपालन व्यवसायको अवस्था तथा संभावनाहरु" बिषयक यो बिशेष अध्ययन गर्ने क्रमको प्रारम्भमा दाङ्ग जिल्लामा मौरीपालन व्यवसाय गरिने प्रमुख स्थानहरुको पहिचान गरी सो आधारमा तुलसीपुर नगरपालिका, घोराही नगरपालिका, लक्ष्मीपुर तथा पवननगरलाई छनौट गरियो । छनौट गरिएको क्षेत्रहरुको स्थलगत भ्रमण गरी उत्तरदाताहरुलाई मौरीपालन पेशा अंगाल्ने तथा नअंगाल्ने गरी दुई समूहमा वर्गीकरण गरी मौरीपालन समूहबाट २५ जना तथा गैर-मौरीपालन समूहबाट २५ जना गरी जम्मा ५० जना उत्तरदाताहरुबाट अभिमत संकलन गरी अध्ययन कार्य सम्पन्न गरिएको छ ।

अध्ययन प्रतिवेदनलाई ५ वटा खण्डमा प्रस्तुत गरिएको छ । पहिलो खण्डमा परिचय, दोस्रोमा कृति समीक्षा, तेस्रोमा अध्ययन विधि, चौथोमा तथ्याङ्क प्रस्तुतिकरण तथा विश्लेषण र पाँचौमा निष्कर्ष तथा सुझावहरु उल्लेख गरिएको छ । अध्ययनबाट दाङ्ग जिल्लामा मौरीपालन व्यवसायको वर्तमान अवस्था तथा संभावनाको आंकलन भई मौरीपालक कृषकहरुले भोगेको समस्याहरुको समाधानका लागि सुझावहरु प्राप्त भएको छ । व्यवसायिक मौरीपालन फस्टाएको दाङ्ग जिल्लामा केन्द्रित रहेर गरिएको यो अध्ययनबाट मौरीपालन व्यवसायको वास्तविक स्थिति जानकारीमा आएको हुनाले नीति निर्माताहरु, सम्बद्ध व्यवसायीहरु, अनुसन्धानकर्ताहरु, विद्यार्थीहरु लगायत सम्बन्धित सबै पक्षलाई उपलब्धीमूलक हुने विश्वास लिएको छु । प्रतिवेदनमा देखिएको त्रुटीहरुको सम्बन्धमा पाठक वर्गबाट रचनात्मक सुझावको आशा पनि गरेको छु ।

अन्तमा, यस विशेष अध्ययन कार्यमा संलग्न यस कार्यालयका नायब व्यवस्थापक श्री अनुज दाहाल, सहायक व्यवस्थापकद्वय श्री सुबास आचार्य तथा श्री तुलाराम ओझा प्रति र अध्ययनका लागि बजेटको व्यवस्था तथा अध्ययन प्रस्तावलाई स्वीकृत गर्ने सम्बन्धमा सहयोग प्रदान भएकोमा नेपाल राष्ट्र बैंक, संस्थागत योजना विभाग र अनुसन्धान विभाग प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै, अध्ययन कार्यमा सहयोग पुऱ्याउनु हुने मौरीपालक तथा गैर-मौरीपालक व्यक्तिहरु लगायत सम्पूर्ण पक्षहरुलाई समेत धन्यवाद दिन चाहन्छु ।

मिति : २०७० कार्तिक

मुकुन्द कुमार छेत्री
व्यवस्थापक
नेपालगञ्ज कार्यालय

# बिषय सूची


| | | पेज नं. |
|---|---|---|
| कार्यकारी सारांश | | च |
| परिच्छेद १ | परिचय | १ |
| परिच्छेद २ | कृति समीक्षा | ३ |
| परिच्छेद ३ | अनुसन्धान विधि | ५ |
| परिच्छेद ४ | तथ्याङ्क प्रस्तुतिकरण तथा विश्लेषण | ८ |
| परिच्छेद ५ | निष्कर्ष तथा सुझावहरु | ३५ |
| सन्दर्भ सामाग्री | | ३९ |
| अनुसूचीहरु | | ४० |

# मञ्जुषा सूची


| | | पेज नं. |
|---|---|---|
| मञ्जुषा नं. १ | मौरीका उपयोगिताहरु | ४ |
| मञ्जुषा नं. २ | मौरीका भौतिक आवश्यकताहरु | ७ |
| मञ्जुषा नं. ३ | मौरी सम्बन्धमा रोचक प्रसंगहरु | १० |
| मञ्जुषा नं. ४ | प्राणी जगतमा मौरी | १६ |
| मञ्जुषा नं. ५ | महमा हुने पौष्टिक शक्ति | २१ |
| मञ्जुषा नं. ६ | मौरीका दुश्मनहरु | २८ |

# चार्ट सूची


| | | पेज नं. |
|---|---|---|
| चार्ट नं. १ | मौरीपालक कृषकको अन्य पेशागत संलग्नता | १२ |
| चार्ट नं. २ | मौरीपालक कृषकले मौरीपालन व्यवसायका लागि विभिन्न स्रोतहरुबाट उपभोग गरेको कर्जाको स्थिति | १३ |
| चार्ट नं. ३ | मौरीपालक कृषकको समग्र खुद मुनाफाको अवस्था | १५ |
| चार्ट नं. ४ | मौरीपालक कृषकहरुबीच मुनाफाको वितरण स्थिति | १६ |
| चार्ट नं. ५ | मौरीपालक कृषकहरुको वार्षिक मह उत्पादन तथा बिक्रीको स्थिति | १९ |
| चार्ट नं. ६ | मौरीपालक कृषकहरुले उत्पादन गरेको महको बजार | २० |
| चार्ट नं. ७ | मौरीपालक कृषकहरुको कुल बिक्रीमा विभिन्न उत्पादनको हिस्सा | २१ |
| चार्ट नं. ८ | मौरीपालक तथा गैर-मौरीपालक समूहको आवासमा विभिन्न घरेलु सरसामानहरुको उपलब्धता | २३ |
| चार्ट नं. ९ | विभिन्न स्रोतबाट उपभोग गरेको कर्जाको स्थिति | २५ |
| चार्ट नं. १० | विभिन्न स्रोतबाट परिचालित कर्जाको औसत ब्याजदर | २५ |
| चार्ट नं. ११ | मौरीपालन समूहको पारिवारिक उपभोग प्रवृत्ति | २६ |
| चार्ट नं. १२ | गैर-मौरीपालन समूहको पारिवारिक उपभोग प्रवृत्ति | २७ |
| चार्ट नं. १३ | मौरीपालन समूहका कृषकलाई उपलब्ध सेवाको गुणस्तर | २७ |
| चार्ट नं. १४ | गैर-मौरीपालन समूहका सदस्यहरुलाई उपलब्ध सेवाको गुणस्तर | २८ |
| चार्ट नं. १५ | मौरीपालन तथा गैर-मौरीपालन समूहभित्रका सदस्यहरुको सामाजिक स्तर | २९ |
| चार्ट नं. १६ | मौरीपालन व्यवसायमा संलग्न नहुनुको कारणहरु | ३० |

# तालिका सूची

पेज नं.


| | | |
|---|---|---|
| तालिका नं. १ | नेपालमा मह उत्पादनको क्षेत्रगत स्थिति | ८ |
| तालिका नं. २ | नेपालमा मह उत्पादनको जिल्लागत स्थिति | ८ |
| तालिका नं. ३ | त्रिबर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) को मह उत्पादनको लक्ष्य/उपलब्धी | ९ |
| तालिका नं. ४ | मौरीपालन व्यवसायमा पूँजी लगानीको अवस्था | १२ |
| तालिका नं. ५ | मौरीपालक कृषकहरुको कर्जा तथा ब्याजदरको स्थिति | १३ |
| तालिका नं. ६ | वार्षिक मुनाफाको स्थिति | १४ |
| तालिका नं. ७ | आर्थिक वर्ष २०६९/७० को मुनाफाको वितरण स्थिति | १५ |
| तालिका नं. ८ | मौरीघारको रोजाई स्थिति | १७ |
| तालिका नं. ९ | मौरीघार तथा उत्पादकत्व | १८ |
| तालिका नं. १० | मह बिक्री हुने बजार | १८ |
| तालिका नं. ११ | मौरीजन्य उत्पादनको बिक्रीबाट प्राप्त आम्दानी | २० |

# कार्यकारी सारांश

नेपालमा पछिल्लो समय न्यून भूमी तथा पूँजी आवश्यक पर्ने वैकल्पिक कृषिको रुपमा मौरीपालन व्यवसाय फस्टाउँदै गएको छ, जसको कारण हाल मुलुकका १२ हजार किसानहरुबाट वार्षिक १८ सय मे. टन मह उत्पादन हुने गरेको छ । करीब २ हजार मे.टन आन्तरिक माग रहेकोमा आन्तरिक खपतलाई धान्न भारत तथा चीनबाट समेत मह आयात हुने गरेको देखिन्छ भने निर्यात अत्यन्त न्यून छ । दाङ्ग जिल्लामा सानाठूला गरी करीब सवा तीन सय मौरीपालक किसानहरु रहेको तथा यी सबैसँग करीब १२ हजार मौरीघार रहेको र यहाँको स्रोतबाट ५० हजार मौरीघारलाई चरन उपलब्ध भई वार्षिक करीब १ हजार ५ सय मे.टन सम्म मह उत्पादन हुन सक्ने अनुमान गरिएको छ । यहाँको उत्तरी भेगमा चिउरी तथा तल्लो भेगमा तोरी प्रशस्तै फुल्ने भएकोले जिल्लाको हावापानी मौरीपालन व्यवसायका लागि उपयुक्त मानिएको छ ।

अध्ययनबाट दाङ्ग जिल्लाका अधिकांश मौरीपालक कृषकहरु ३६ देखि १५ वर्ष उमेरका रहेको पाइयो । त्यसैगरी, प्लस टु वा सो भन्दा कम शैक्षिक योग्यता भएका किसानहरु ७२.० प्रतिशत रहेको पाइयो । जिल्लामा मुख्यगरी २०४९/५० देखि २०६४/६५ बीचको अवधिमा मौरीपालन व्यवसाय फस्टाएको देखिन्छ । अधिकांश मौरीपालक कृषकहरुले यो पेशा पुर्खेउली नभई आफैंले शुरुवात गरेको पाइएको छ । अध्ययनबाट औसत २२ हजार रुपैयाँबाट व्यवसाय शुरु गर्ने कृषकले आफ्नो लगानीलाई २०.९ गुणाले बढाई ४ लाख ६९ हजार रुपैयाँसम्म पुऱ्याएको पाइयो । साथै, ४४.० प्रतिशत कृषकहरुले बाह्य स्रोतहरुबाट पनि कर्जा लिई व्यवसायमा लगानी गरेको पाइयो । यस्तो कर्जाको औसत ब्याजदर १७.४ प्रतिशत रहेको देखिन्छ । मौरीपालक कृषकहरुले रु. ४ हजार ३ सय प्रति घार मुनाफा गर्ने गरेको पाइए तापनि पछिल्लो ५ वर्षको अवधिमा कृषकहरुको प्रति घार मुनाफा भने घटेको छ । मुनाफामा रहेका कृषकहरुले आर्थिक वर्ष २०६९/७० मा गरेको कुल मुनाफा रु. ८३ लाख ७९ हजारमा ५२.२ प्रतिशत कृषकको हिस्सा ८४.१ प्रतिशत र बाँकी ४७.८ प्रतिशतको हिस्सा १५.९ प्रतिशत मात्र रहेकोले मुनाफाको वितरण समान रहेको देखिएन । मुनाफाको वितरणमा व्यवसायको स्तरले प्रभाव पारेको देखिन्छ । कृषकहरुले प्रति सेरेना घार औसत ५.४ के.जी. प्रति वर्षका दरले तथा प्रति मेलिफेरा घार औसत ४४.० के.जी. प्रति वर्षका दरले मह उत्पादन गर्दै आएको पाइएकाले यहाँ सेरेना भन्दा मेलिफेरा घार तर्फ आकर्षण बढ्दै गएको छ । यहाँका कृषकहरुसँग ९८.५ प्रतिशत मेलिफेराको घार तथा १.५ प्रतिशत मात्र लोकल सेरेना घार रहेको छ । कृषकहरुले व्यापारीलाई भन्दा सर्वसाधारणलाई बढी मूल्यमा मह बिक्री गर्ने गरेको पाइयो । व्यापारी तथा सर्वसाधारणलाई सेरेना मह प्रति के.जी. औसत क्रमशः रु. ३ सय ५० तथा रु. ४ सय १७ र मेलिफेरा मह प्रति के.जी. क्रमशः रु. १ सय ४२ तथा रु. २ सय १० मा बिक्री हुने गरेको पाइयो । कृषकहरुले करीब आधाजति मह उद्योगी, मध्यस्थकर्ता तथा व्यापारीलाई बिक्री गर्ने गरेको पाइयो । मौरीपालन व्यवसायबाट मह बाहेक अन्य मौरीजन्य उत्पादनहरु पनि प्राप्त हुने भए तापनि ८८.२ प्रतिशत आम्दानी महको बिक्रीबाट मात्र प्राप्त हुने गरेको पाइयो । यहाँको मौरीपालन व्यवसायमा आयातित सामाग्री तथा उपकरणको उपस्थिति शून्य छ ।

मौरीपालन व्यवसायमा कृषकहरुले आफ्ना पारिवारिक सदस्यहरुका अतिरिक्त केही बाहिरिया व्यक्तिहरुलाई पनि रोजगारी दिएका छन् । समग्रमा २५ वटा मौरीपालन व्यवसायमा ७८ जनाले रोजगारी पाएको देखियो । व्यवसायीहरुले विभिन्न १५ वटा संघ संस्थाहरुबाट आधारभूतदेखि शीप विकास तहसम्मको १३ वटा विविध बिषयहरुमा तालिम पनि हासिल गरेको पाइयो । जिल्लामा रहेका मौरीपालन व्यवसायसँग अग्रसम्बन्ध तथा पृष्ठसम्बन्ध भएका व्यवसायहरु सबै मुनाफामा रहेको देखिए तापनि यिनीहरुको हिसाबकिताब पारदर्शी रहेको पाइएन ।

अध्ययनबाट मौरीपालन समूहको आवासमा गैर-मौरीपालन समूहका सदस्यहरुको आवासमा भन्दा स्तरीय ढंगको खाना बनाउने इन्धन/प्रविधि, खानेपानीको प्रबन्ध तथा शौचालयको व्यवस्था रहेको देखियो । मौरीपालन व्यवसायमा उच्च मध्यम वर्गका व्यक्तिहरु पनि संलग्न रहेको पाइयो । मौरीपालन व्यवसायले जिवनस्तरमा खासै सुधार ल्याउँदैन अर्थात् जिवनस्तर यथास्थितिमा नै रहन्छ भन्ने सोचका कारण अधिकांश

गैर-मौरीपालक व्यक्तिहरु सो व्यवसायमा संलग्न नभएको भएतापनि अध्ययनबाट मौरीपालन व्यवसायले संलग्न किसानहरुको जिवनस्तरमा सुधार ल्याएको देखिएको छ ।

कृषकहरुले मौरीपालन सम्बन्धमा बलियो राष्ट्रिय नीतिको माग गरेका छन् । उनीहरुले महको उचित मूल्य नपाएको, जिल्लामा भएको चरन क्षेत्रमा अन्यत्रका मौरीहरु स्थानान्तरण भई ल्याएकाले स्रोत बाँडिएको, बढ्दो इन्धन मूल्यले मौरीलाई स्थानान्तरण गराउँदा लाग्ने यातायात खर्च बढ्न गएको, प्रशासनले अनायासै दु:ख दिने गरेको, वरपरको समुदायबाट सहयोग नपाएको, चरन क्षेत्रसम्म सहज बाटोघाटोको अभाव रहेको, राजनैतिक दलहरुले बेलावखत गर्ने अकस्मात बन्द तथा हडताललले स्थानान्तरणमा रहेका मौरीहरु मासिई नोक्सानी हुने गरेको, बैंकहरुले कर्जा नदिने तथा दिए पनि उच्च ब्याजदरमा दिने गरेको, बढ्दो चिनीको मूल्यले बेमौसममा मौरीलाई बचाउन गाह्रो भएको, गुणस्तरहीन तथा आयातीत सस्तो महले आन्तरिक बजार ओगट्दा पनि सरकारी अनुगमन फितलो भएकोले आन्तरिक बजार हिस्सा गुमाउँदै गएको, मौरीको नश्लको सुधार हुन नसकेको, चरन क्षेत्रमा बिषादीको प्रयोग बढ्न गएको तथा परजिवीले मौरीहरुलाई मार्ने गरेको आदि समस्याहरु देखाएका छन् । त्यसैगरी, स्थानीयस्तरमा प्रयोगशाला तथा मौरी प्राविधिज्ञ नहुँदा रोगको समयमै पहिचान हुन नसकेको, मौरीपालनका लागि चाहिने सामाग्री, उपकरण तथा औषधीको सधैं अभाव हुने गरेको तथा पर्याप्त व्यवसायिक तालिम प्राप्त हुन नसकेको जस्ता समस्याहरु पनि देखिएका छन् । नेपाल सरकार, वित्तीय क्षेत्र, निजी क्षेत्र तथा आम समुदाय सबैको सहयोगबाट यी समस्याहरुको समयमै उचित समाधान हुन सके प्रशस्त संभावना बोकेको यहाँको मौरीपालन व्यवसायले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिन सक्ने देखिएको छ ।

## परिच्छेद १
# परिचय

### १.१ अध्ययनको पृष्ठभूमि :

नेपाल सरकार अर्थ मन्त्रालयले सार्वजनिक गरेको आर्थिक सर्वेक्षण २०६९/७० बमोजिम आर्थिक वर्ष २०६०/६१ देखि २०६९/७० बीचको एक दशकको अवधिमा नेपालको आर्थिक वृद्धिदर औसत ३.७ प्रतिशत मात्र रह्यो । आर्थिक वर्ष २०६९/७० को वर्ष आर्थिक वृद्धिदर ३.६ प्रतिशत मात्र रहेको अनुमान छ । त्यसैगरी, मुलुकको कुल गार्हथ्य उत्पादनमा कृषि क्षेत्रको योगदान एक तिहाईको हाराहारीमा रहेको छ भने करीब दुई तिहाई जनसंख्या यसै क्षेत्रमा आय आर्जनका लागि क्रियाशील रहेको अवस्था छ । केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको नेपाल श्रमशक्ति सर्वेक्षण २००८ बमोजिम ७८.४ प्रतिशत घरपरिवारसँग मात्र खेतीयोग्य भूमि रहेको छ भने विभागले सार्वजनिक गरेको मोनोग्राफ एग्रिकल्चर सेन्सस (२००१-२००२), २००६ बमोजिम माथिल्लो २५.१ प्रतिशत परिवारसँग ६१.१ प्रतिशत भूमि रहेकोमा तल्लो ४७.५ प्रतिशतसँग केवल १४.७ प्रतिशत मात्र रहेको देखिन्छ । यसरी मुलुकका अधिकांश जनता न्यून खेतीयोग्य जमिनको भरमा आफ्नो जिविकोपार्जनका लागि कृषि क्षेत्रमा आश्रित हुनु परेको यथार्थ छ । यसबाट अर्थतन्त्रको न्यून गतिको प्रमुख कारण कृषि क्षेत्रको घट्दो योगदान रहेको तथा कृषि क्षेत्रको योगदानमा कमी आउनुको एक प्रमुख कारण भूमिको असमान स्वामित्व रहेको देखिन्छ । यस्तो अवस्थामा न्यून भू-स्वामित्व रहेका वा भूमिहीन रहेका किसानहरुको आर्थिक उन्नति गर्ने वैकल्पिक उपायहरु अवलम्बन गर्दै सो को माध्यमबाट राष्ट्रिय उत्पादनमा उल्लेख्य योगदान पुऱ्याउनु पर्ने देखिएको छ । कृषि अन्तर्गत खेतीपाती, वन, पशुपंक्षीपालन, मत्स्यपालन जस्ता अधिक भूमि आवश्यक पर्ने व्यवसाय भन्दा पनि न्यून भूमिको आवश्यकता पर्ने व्यवसाय तर्फ किसानहरुलाई आकर्षित गराउनु पर्ने देखिएको छ ।

तुलनात्मक रुपमा कम क्षेत्रफलमा न्यून लगानीबाट अधिकतम प्रतिफल लिन सकिने मौरीपालन व्यवसाय तर्फ नेपाली कृषकहरु विषेश आकर्षित हुँदै आएका छन् । यो व्यवसाय नेपालको विभिन्न क्षेत्रहरुमा गरिने भए तापनि केही क्षेत्रहरु अति संभाव्य क्षेत्रको रुपमा देखिएका छन् । पछिल्लो समयमा दाङ्ग जिल्ला मौरीपालनका लागि राम्रो पकेट क्षेत्रको रुपमा विकास हुँदै आएको छ । अध्ययनबाट सो जिल्लामा सानाठूला गरी करीब ३ सय २५ कृषकहरुले करीब १२ हजार घार सहित मौरीपालन व्यवसाय गर्दै आएको देखिन्छ भने अन्यत्रका व्यवसायीहरुले समेत करीब ३८ हजार मौरीघार चरनका लागि यो जिल्लामा ल्याउने गरेको तथ्याङ्क छ । यसरी यहाँको वन्यस्रोतले ५० हजारसम्मको मौरीघारलाई चरन उपलब्ध गराएको छ । प्रति घार ३० के.जी. मात्र मह उत्पादन भएमा पनि यहाँ वार्षिक १५०० मे.टन बराबर मह उत्पादन हुने देखिन्छ । यस आधारमा यो जिल्ला मौरीपालनको दृष्टिकोणले अति संभाव्य क्षेत्र मानिएको छ ।

यसै सन्दर्भमा दाङ्ग जिल्लामा यो व्यवसायको अवस्था थाहा पाउनु तथा यसका भावी संभावनाहरुको अध्ययन गर्नु उपयुक्त हुने देखियो । अर्थतन्त्रमा यहाँको मौरीपालन व्यवसायबाट के कति योगदान पुगेको छ ? यस व्यवसायमा के, कति तथा कस्ता परिवार संलग्न रही आएका छन् ? मौरीपालन व्यवसायले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले के, कति व्यक्तिहरुलाई रोजगारी दिएको छ ? वरपरको कृषि उत्पादनमा मौरीपालनले के कस्तो प्रभाव परेको छ ? मौरीपालक कृषकहरुको प्रमुख समस्याहरु के कस्ता रहेका छन् ? मौरीपालन व्यवसायबाट के कति अग्रसम्बन्ध र पृष्ठसम्बन्ध भएका व्यवसायहरु विस्तार भएका छन् ? यो व्यवसाय अंगालेका कृषकहरुले आपनाएका जिवनशैली अन्यको भन्दा भिन्न छ या समान छ ? यस्ता प्रश्नहरुको सन्दर्भमा अध्ययन गर्नु सान्दर्भिक हुने देखियो । व्यवसायिक मौरीपालन फस्टाएको दाङ्ग जिल्लामा केन्द्रित रहेर अध्ययन गर्दा मौरीपालन व्यवसायको वास्तविक स्थिति जानकारीमा आउने तथा नीतिगत निर्णय लिन पनि सघाऊ पुग्ने देखिन्छ ।

## १.२ अध्ययनको उद्देश्य :

यो अध्ययनको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- दाङ्ग जिल्लामा मौरीपालन व्यवसायको वर्तमान अवस्था तथा संभावनाहरुको अध्ययन गर्ने,
- मौरीपालन व्यवसायसँग अग्रसम्बन्ध तथा पृष्ठसम्बन्ध भएका व्यवसायहरुको अवस्था अध्ययन गर्ने,
- मौरीपालक घरपरिवारहरु तथा गैर-मौरीपालक घरपरिवारको जिवनशैलीको तुलनात्मक अध्ययन गर्ने, तथा
- मौरीपालक व्यवसायीको मुख्य समस्याहरुको समाधानका लागि सुझावहरु प्रस्तुत गर्ने ।

## १.३ अध्ययनको औचित्य/महत्व :

यस अध्ययनका महत्वहरुलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

- यस अध्ययनले दाङ्ग जिल्लामा मौरीपालन व्यवसायको वर्तमान अवस्था (उत्पादन, बिक्री तथा रोजगारी) के कस्तो रहेको छ, सो लाई चित्रण गरेको छ ।
- अध्ययनले मौरीपालन तर्फ दाङ्ग जिल्लाको कुल संभाव्यता तथा वर्तमान उपयोगको स्तरलाई मापन गरेको छ ।
- अध्ययनले मौरीपालन व्यवसायमा संलग्न कृषकहरुले भोग्नु परेको समस्याहरु तथा चुनौतीहरु प्रकाश पार्दै सरकारको तहबाट के कस्ता कार्यक्रम तथा सुविधाहरु दिंदा यस व्यवसायको प्रवर्द्धन गर्न सकिने हो सो सम्बन्धमा सुझाव पेश गरेको छ । यसले नीति निर्माण तहमा कार्यक्रमहरुको प्राथमिकता तय गर्न सघाऊ पुग्ने विश्वास लिइएको छ ।
- अधिकांश जनसंख्या हाल पनि निम्न स्तरको कृषिमा नै निर्भर रहेको, कृषि क्षेत्रको विकास नभई नेपालीको जिवनस्तर सुधार्न नसकिने देखिएको तथा शहरी गरिबी बढ्दै गएको सन्दर्भमा थोरै पूँजी तथा सानो भूमिमा पनि शहर वरपर बसोबास गर्ने लगायत जो कोहीले पनि यो व्यवसाय गरी जिवनस्तर उकास्न सकिने तर्फ सबैको ध्यान खिच्ने विश्वास लिइएको छ ।

## १.४ अध्ययनका सीमाहरु :

यस अध्ययनका मुख्य सीमाहरु निम्न बमोजिम रहेका छन् ।

- यो अध्ययन नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयको कार्यक्षेत्र अन्तर्गत रहेको दाङ्ग जिल्लामा मौरीपालन व्यवसायको पकेट क्षेत्र भनी पहिचान भएका मुख्य क्षेत्रहरुमध्ये घोराही नगरपालिका, तुल्सीपुर नगरपालिका, लक्ष्मीपुर तथा पवननगर क्षेत्रमा सीमित छ ।
- मौरीपालक तथा गैर-मौरीपालक घरपरिवारहरुको जिवनशैलीको तुलनात्मक अध्ययन गर्दा छनौटमा परेका घरपरिवारका घरमूलीलाई उत्तरदाता मानी तिनीहरुले खाद्य तथा गैरखाद्य वस्तु तथा सेवाको प्रकार, संख्या लगायत जिवनशैलीका अन्य पक्षहरुको सन्दर्भमा दिएको अभिमतलाई आधार मानिएको छ ।
- यो अध्ययन नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयको आर्थिक वर्ष २०६९/७० को स्वीकृत वार्षिक कार्ययोजना तथा बजेट, अध्ययन प्रस्तावमा प्रस्तावित जनशक्ति, समय-तालिका, संलग्नता तथा बजेटको अधिनमा रही सम्पन्न गरिने लक्ष्य लिएकोमा बजेट अपुग हुन गएकोले थप बजेट खर्च नगरी कार्यदिन, जनशक्ति तथा सोको संलग्नता र अध्ययन समय तालिकामा सामान्य हेरफेर गरी पूरा गर्नु परेको छ ।

## परिच्छेद २
## कृति समीक्षा

**पोखरेल** (२००९) ले चितवन जिल्लाका पहाडका ३६ जना तथा तराईका २९ जना गरी जम्मा ६५ जना मौरीपालक कृषकहरुको कृषि बाली र एपिस मेलिफेरा जातको मौरीपालनबाट हुने आयको तुलनात्मक अध्ययन गरेका थिए । उक्त अध्ययनका अनुसार महको उत्पादकत्व पहाडी क्षेत्रको तुलनामा तराई क्षेत्रमा ३.५ गुणा बढी हुने गरेको पाइएको थियो । साथै, मह उत्पादनबाट हुने प्रति घरपरिवार कृषकहरुको वार्षिक आम्दानी कृषि बालीबाट हुने आम्दानीको तुलनामा ३.६ गुणा बढी अर्थात् महबाट रु. ८३ हजार ९ सय ९७ र कृषि बालीबाट रु. २३ हजार २ सय १४ रहेको पाइएको थियो । तसर्थ, एपिस मेलिफेरा जातको मौरीपालनबाट तराई क्षेत्रमा हुने आय कृषि बालीबाट हुने आयको तुलनामा बढी हुने अध्ययनको निष्कर्ष थियो ।



*मौरीपालक कृषक दीपकुमार बुढामगरले घोराही नगरपालिका क्षेत्रमा रहेको आफ्नो घर अगाडि राखेको मौरीघार*

**देवकोटा** (२००६) ले चितवन जिल्लाको जुटपानी क्षेत्रका १८ जना मौरीपालक कृषकहरुको नमूना लिई मौरीघार समेत बिक्री गरी र नगरी भएको मौरीपालन व्यवसायको लाभ-लागतको लेखाजोखा गरेका थिए । उक्त अध्ययन अनुसार कुल मौरीपालक कृषकहरुमध्ये ६१.१ प्रतिशतले मात्र मौरीघार बिक्री गरी आय आर्जन गरेको पाइएको थियो । त्यसैगरी, लाभ-लागत अनुपात घार बिक्रीबाट प्राप्त आय समावेश गर्दा र नगर्दा क्रमशः २.४ प्रतिशत र १.६ प्रतिशत रहेको पाइएको थियो अर्थात् दुवै अवस्थामा मौरीपालन व्यवसाय नाफामा रहेको पाइएको थियो । घार बिक्रीबाट प्राप्त आयलाई समावेश गर्दा कृषकहरुको लाभ-लागत अनुपात न्यूनतम ०.९ देखि अधिकतम ६.२ बीच रही करीब ८८.९ प्रतिशत कृषकहरु नाफामा रहेको देखिएकोमा घार बिक्रीबाट प्राप्त आयलाई समावेश नगर्दा लाभ-लागत अनुपात न्यूनतम ०.४ देखि अधिकतम ३.४ बीच रही ७७.८ प्रतिशत कृषकहरु नाफामा रहेका थिए । अध्ययन गरिएका उक्त मौरीपालक कृषकहरुले न्यूनतम २ देखि अधिकतम ५४ सम्म गरी औसतमा प्रति कृषक २१.३ घार मौरीपालन गरेका थिए । घार बिक्रीको आय समावेश गर्दा तथा नगर्दा प्रति कृषक औसत वार्षिक मुनाफा क्रमशः रु. ७० हजार ७ सय ५८ तथा रु. ४९ हजार ५ सय ८८ रहेको पाइएको थियो । यी दुई अवस्थामा कृषकको प्रति घार औसत वार्षिक मुनाफा क्रमशः रु. ३ हजार ३ सय १७ तथा रु. १ हजार ७ सय ७८ रहेको थियो ।

मौरीपालक कृषकहरुले अपनाएको सुधारिएको प्रविधि र आय आर्जनको तुलना गरी त्यसले गरिबी निवारणमा पारेको प्रभाव मुल्यांकन गर्ने उद्देश्यले **भुषाल तथा थापा (२००५)** ले नवलपरासी जिल्लाको प्रगतिनगर गा.वि.स. र माकर गा.वि.स. प्रत्येकमा १४ जना कृषकको नमुना लिई अध्ययन गरेका थिए । प्रगतिनगरमा सामाजिक परिचालित समूह र माकरमा गैर-परिचालित समूहको तुलनात्मक अध्ययन गर्दा ८२.४ प्रतिशत परिचालित समूहका मध्ये ८०.६ प्रतिशत घरपरिवारले सुधारिएको प्रविधि प्रयोग गरेको पाएका थिए भने ५६ प्रतिशत गैर-परिचालित समूहका मध्ये ६८.४ प्रतिशतले सुधारिएको प्रविधि प्रयोग पाएका थिए । त्यसैगरी, शोधकर्ताहरुले परिचालित समूहका प्रत्येक कृषकले वार्षिक रुपमा प्रति घार औसत २५.६ के.जी. मह उत्पादन गरी रु. २५ हजार ६ सय ५७ आम्दानी गरेको तथा गैर-परिचालित समूहका प्रत्येक कृषकले प्रति घार औसत १५.६ के.जी. मह उत्पादन गरी रु. १० हजार ३ सय ६४ आम्दानी गरेको पाएका थिए । तसर्थ, सामाजिक परिचालनमार्फत् सुधारिएको प्रविधि प्रयोग गर्दा कृषकहरुले बढी आम्दानी गर्न सफल भएको हुंदा गरिबी निवारणमा यसको उल्लेखनीय भूमिका हुने यस अध्ययनको निष्कर्ष रहेको थियो ।

युनिभर्सिटी अफ फिलिपिन्स लस बनोस तथा सेन्ट्रल लुजोन स्टेट युनिभर्सिटीका वैज्ञानिकहरुले संयुक्त रुपमा गरेको अध्ययनबाट मौरीको सहयोगले हुने पोलिनेशनले कृषि उत्पादन ३० प्रतिशतले बढ्ने देखिएको भनी **बाकोनावा (१९९९)** ले आफ्नो लेखमा उल्लेख गरेका छन् । त्यसैले मौरी नरहेको अवस्थामा हाम्रो ३० प्रतिशत भोजनको स्रोत नै समाप्त हुने देखिन्छ । उनले अमेरिकामा मौरीको परागसेचनमा आधारित कृषि उत्पादन २४ बिलियन डलर बराबर रहेको र त्यहाँ मौरीपालक व्यवसायीले मह बिक्रीबाट प्राप्त गर्ने २ सय ८५ मिलियन डलर बराबरको कुल आम्दानीको तुलनामा परासेचन व्यवसायबाट प्राप्त गर्ने १० मिलियन डलर बराबरको कुल आम्दानी अधिक रहेकोले पछिल्लो समय ती व्यवसायीहरु मह उत्पादन भन्दा परागसेचन व्यवसाय तर्फ केन्द्रीत हुँदै गएको उल्लेख गरेका छन् ।

**न्यौपाने (२०६७)** का अनुसार कतिपय बोटबिरुवामा परागसेचन नभै फल र बीऊ नै लाग्दैन । फलस्वरुपः त्यो जातको वनस्पति यस धर्तीबाट सधैका लागि विदा हुन्छ भने हामी मानिसले खेती गर्दै आएका बोटविरुवामा परागसेचन भएमा सरदर ३०-३५ प्रतिशतसम्म उत्पादन बढ्छ । तसर्थ बोटबिरुवामा परागसेचन हुनु अत्यावश्यक छ ।

**<u>मञ्जुषा नं. १ : मौरीका उपयोगिताहरु</u>**

१. प्रत्यक्ष फाइदाहरु :

१.१ मह : यो फलोज, ग्राक्षोज, इक्षोज, माल्टोज आदि सर्कराहरु तथा लाइपिड, भिटामिन, इन्जाइम तथा खनिज पदार्थहरु समेतको मिश्रण पदार्थ हो । यो पौष्टिकयुक्त हुन्छ । यो वनस्पति तथा फूलहरुमा यत्रतत्र पाइने भए तापनि यसलाई मानिसले चाहेर पनि संकलन गर्न सक्दैन । तर मौरीले यो सहजै संकलन गर्नसक्छ ।

१.२ मैन : मौरीको चाका मैनबाट बन्दछ । मौरीले मह खाएर मैन उत्पादन गर्ने हुनाले मह र मैन उत्पादनमा निश्चित परिमाणात्मक सम्बन्ध रहेको मानिन्छ । सामान्यतया मह खपतको ३ देखि ४ प्रतिशतसम्म मैन उत्पादन हुन्छ । परम्परागत प्रविधिबाट धेरै मैन उत्पादन भए तापनि आधुनिक व्यवसायिक मौरीपालनमा चाकालाई पटक पटक प्रयोग गरिने हुनाले मैन उत्पादन कम हुन्छ ।

१.३ कुट : फुलमा पाइने पहेलो भाले तत्व नै कुट हो जसमा करीब २५ प्रतिशत प्रोटिन हुन्छ । मौरीले यो आफ्नो छाउरालाई खुवाउन संकलन गर्छ । एउटा स्वस्थ्य ए. सेरेना जातिको मौरीगोलाका लागि बार्षिक ४० देखि ५० कि.ग्रा. कुटको आवश्यकता पर्ने बताइन्छ । यस्तो कुट मानिसका लागि औषधी बनाउन पनि प्रयोग गर्न सकिन्छ ।

१.४ शाही खुराक : मौरीको मष्तिस्क ग्रन्थीबाट निष्कने मौरी दुधलाई शाही खुराक भनिन्छ । मौरीले यो रानी मौरी बनाउन एउटा छाउरालाई खुवाउँछ ।

१.५ प्रोपोलिस : यो चोप हो जसलाई मौरीले घार टाल्न संकलन गर्दछ । यसलाई मानिसले संकलन गरी विभिन्न औषधी या श्रृंगारिक सामाग्री बनाउन प्रयोग गर्दछन् ।

१.६ मौरीविष : मौरीले टोकाई हाढ जोर्नी, बाथ आदिको उपचार गरिन्छ ।

१.७ न्युक्लियर्स गोला : मौरीहरुले हरेक वर्ष केही थप गोलाहरु बनाई सोमा हुल निर्यास गर्दछ । मौरीपालक कृषकले यस्ता साना गोलालाई बिक्री गरी आयआर्जन गर्न सक्दछ ।

१.८ छाउरा : मौरीको छाउरा पहिले मह काढ्दा संगै काटिन्थे भने आधुनिक मौरीपालनमा यस्ता साना छाउरालाई सुकाउने, पिसी पाउडर बनाई वा चक्की बनाई खाने गरिन्छ ।

२.१ अप्रत्यक्ष फाइदाहरु : परागसेचन गराउने, उत्पादकत्वमा वृद्धि गर्ने, जमीनको उर्वराशक्तिमा वृद्धि गर्ने, जैविक विविधता कायम राख्ने आदि ।

*(स्रोत : काफ्ले, २०६८)*

## परिच्छेद ३
# अनुसन्धान विधि

### ३.१ तथ्याङ्कको स्रोत :

यस अध्ययनका क्रममा दुई किसिमका स्रोतहरुबाट आवश्यक तथ्याङ्क संकलन गरिएको छ । अध्ययन क्षेत्रको अवलोकन भ्रमण, जिल्ला कृषि विकास कार्यालयको प्रमुख/योजना शाखाका अधिकृत लगायत सरोकारवाला संघसंस्थाका प्रतिनिधिहरु, मौरीपालक व्यवसायी, मौरीपालक कृषक, स्थानीय व्यक्तिहरु तथा अध्ययनको क्रममा छनौट भएका मौरीपालन तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुलाई अध्ययनका लागि चाहिने सूचना तथा तथ्याङ्कको प्राथमिक स्रोतको रुपमा लिइएको छ । त्यसैगरी, नेपाल राष्ट्र बैंक, नेपाल सरकार, नेपाल मौरीपालक महासंघ, गण्डकी बी कन्सर्न लगायत अन्य सरोकारवाला निकाय, संघसंस्था तथा विज्ञ व्यक्तिहरुले प्रकाशन गरेको तथ्याङ्क, पुस्तक, प्रतिवेदन, सूचना लगायत पत्रपत्रिकाहरुमा प्रकाशित समाचार तथा इन्टरनेटमा उपलब्ध बिषयवस्तुसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाहरुलाई अध्ययनको द्वितीय स्रोतको रुपमा लिइएको छ ।

### ३.२ तथ्याङ्क सङ्कलन विधि :

अध्ययनको क्रममा प्रश्नावली सर्वेक्षण, सोधिने प्रश्नहरु पूर्व निर्धारण गरिएको अन्तर्वार्ता (Stuructured Interview) र लक्षित समूह छलफल (Focus Group Discussion) विधिहरुको प्रयोग गरी प्राथमिक स्रोतहरुबाट आवश्यक सूचना तथा तथ्याङ्क संकलन गरिएको छ । यसैगरी नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनको अध्ययन, नेपाल सरकार अर्थमन्त्रालयले प्रकाशन गरेको आर्थिक सर्वेक्षण प्रतिवेदनको अध्ययन, नेपालगञ्ज कार्यालयस्थित पुस्तकालयमा रहेका विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरुमा प्रकाशित तथ्याङ्क, सूचना तथा लेखहरुको अध्ययन, विभिन्न सरोकारवाला व्यक्ति तथा निकायहरुले प्रकाशित गरेका पुस्तक, प्रतिवेदन लगायतका सामाग्रीहरुको अध्ययन र इन्टरनेटमा उपलब्ध विभिन्न समाग्रीहरुको अध्ययन गरी द्वितीय स्रोतहरुबाट आवश्यक सूचना तथा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.३ नमूना छनौट विधि :

मौरीपालनका लागि पकेट क्षेत्रको रुपमा देखिएको घोराही नगरपालिका क्षेत्र, तुलसीपुर नगरपालिका क्षेत्र, लक्ष्मीपुर गा.वि.स. क्षेत्र तथा पवननगर गा.वि.स. क्षेत्र गरी ४ मुख्य क्षेत्रहरुको भ्रमण गरी मौरीपालन व्यवसायमा संलग्न मुख्य तथा अगुवा कृषकहरुमध्येबाट Purposive Sampling को आधारमा २५ जनालाई उत्तरदाताको रुपमा छनौट गरी अध्ययन-प्रश्नावलीमा समावेश गरिएका प्रश्नहरुको उत्तर सोधिएको छ । त्यसैगरी, मौरीपालन समूहको जिवनशैली गैर-मौरीपालन समूहको भन्दा फरक रहे/नरहेको सम्बन्धमा अध्ययन गर्न मौरीपालन व्यवसायमा संलग्न उत्तरदाताहरुको समिपमा बसोवास गर्ने मौरीपालन व्यवसायमा संलग्न नरहेका घरपरिवारहरुमध्ये २५ वटा घरपरिवारका घरमूलीहरुलाई गैर-मौरीपालन समूहका उत्तरदाताको रुपमा छनौट गरिएको छ । साथै, अध्ययन क्षेत्रका अगुवा मौरीपालक कृषक तथा विज्ञ व्यक्तिहरुमध्ये १० जनालाई लक्षित समूह छलफल (Focus Group Discussion) मा संलग्न गराइएको छ ।

### ३.४ तथ्याङ्क प्रस्तुतिकरण विधि :

अध्ययनका लागि संकलित तथ्याङ्कलाई तालिका, चार्ट, डायग्राम तथा ग्राफको प्रयोग गरी र तथ्याङ्क बाहेकका सूचना तथा जानकारीलाई बिषयात्मक प्रस्तुतिकरण गरी उल्लेख गरिएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण विधि :

अध्ययनका क्रममा उपलब्ध तथ्याङ्कहरुलाई विश्लेषण गर्न विभिन्न विधिहरु अपनाइएको छ । प्रवृत्ति झल्काउने तथ्याङ्कलाई प्रवृत्ति विश्लेषण गरिएको छ । वृद्धि/ह्रासदर झल्काउने तथ्याङ्कलाई परिवर्तन विश्लेषण गरिएको छ । दुई चरहरुबीचको सम्बन्धलाई अनुपातका माध्यमबाट पनि विश्लेषण गरिएको छ । साथै, मौरीपालन व्यवसायमा विभिन्न पक्षहरुको प्रभाव अध्ययन गर्न र मौरीपालन तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुको जिवनशैलीमा रहेको समानता/भिन्नताको अध्ययन निम्न तथ्याङ्कीय विधिबाट गरिएको छ ।

क) विभिन्न पक्षहरुबीच रहेको अन्तरसम्बन्ध अध्ययन गर्ने विभिन्न तथ्याङ्कीय विधिहरु छन् । यसमध्ये एक प्रमुख chi-square test हो । यो test ले एउटा contingency table को row तथा column तर्फको विभिन्न समूहहरु (Classifications) बीच परस्पर अन्तरसम्बन्ध छ वा छैन भन्ने सम्बन्धमा अध्ययन गर्छ । उक्त row तथा column तर्फको विभिन्न समूहहरु (Classifications) परस्परमा असम्बन्धित हुँदा पनि ramdom sampling बाट अवलोकन गरिएको वास्तविक आवृत्तिहरु (Frequencies) आउन सक्ने संभावना (Probability) लाई गणना गरिन्छ । यसका लागि सबभन्दा पहिले chi-square value ($\chi^2$) गणना गरी सो ($\chi^2$) value को probability यदि alpha value ($\alpha$=स्वीकार गरिएको ५% वा १०%) भन्दा बढी भएमा अन्तरसम्बन्ध छैन भन्ने शुन्य परिकल्पनालाई स्वीकार गरिन्छ भने alpha value ($\alpha$) भन्दा कम भएमा अन्तरसम्बन्ध छैन भन्ने शुन्य परिकल्पनालाई अस्वीकार गरिन्छ । तर chi-square test को एक प्रमुख कमजोरी भनेको यसले exact probability गणना नगरी approximate probability गणना गर्नु हो । Sample size ठूलो रहेको अवस्थामा यो विधिबाट गणना भएको probability वास्तविक probability को नजिक देखिए तापनि सानो sample size रहेको अवस्थामा यस विधिले दिने probability कमजोर रहेको मानिन्छ । खासगरी ($\chi^2$) value निकाल्ने प्रयोजनका लागि observed frequencies को आधारमा expected frequencies गणना गर्दा कुनै एक cell मा ५ भन्दा कम expected frequency प्राप्त हुन आएमा chi-square test विधि राम्रो मानिदैन । यस्तो अवस्थामा अन्य विधिहरु प्रयोग गर्नु राम्रो मानिन्छ । Sample size सानो रहेको अवस्थामा प्रयोग गर्नका लागि राम्रो मानिएको एक यस्तै विधि Fisher's Exact Test हो जसलाई Fisher's Exact Probability Test पनि भनिन्छ ।

ख) J.M. Keynes का समकक्षी तथा University College London का प्रोफेसर तथा गणितज्ञ Sir Ronald Aylmer Fisher ले आफनो प्रकाशन "Statistical Methods for Research Workers" मा Exact Probability Test को बारेमा उल्लेख गरेका थिए । उनको विधि खासगरी सानो sample size सहितको 2x2 matrix मा प्रयोग गर्न सकिन्छ । ठूलो matrix मा उनको विधि प्रयोग गरी probability गणना गर्न कठीन हुन्छ । पछिल्लो समयका गणितज्ञहरुले भने उनको शुत्रको प्रयोग गरी 6x6 matrix सम्मको probability गणना गरेका छन् । यस्ता गणितज्ञहरुमध्ये G. H. Freeman तथा J.H. Halton एक हुन जसले Fisher's Exact Test Formula लाई प्रयोग गरी तयार गरेको 2x3, 2x4 र 3x3 सम्मको matrix को probability calulator लाई http://www.vassarstats.net मा राखिएको छ ।

ग) Fisher ले प्रतिपादन गरेको विधिबाट एउटा observed 2x2 matrix को ४ वटा cell मा रहेका frequencies का अंकहरु (A, B, C तथा D) को आधारमा निम्न शुत्रको प्रयोग गरी सो matrix ले देखाउने अन्तरसम्बन्ध randomly आएको हुनसक्ने probability गणना गरिन्छ ।

$$p = \frac{\binom{A+C}{A}\binom{B+D}{B}}{\binom{N}{A+B}} = \frac{(A+B)!(C+D)!(A+C)!(B+D)!}{A!\,B!\,C!\,D!\,N!}$$

यसरी observed matrix को row तथा column तर्फको कुल जोडलाई परिवर्तन नगरी तयार गर्न सकिने सबै 2x2 matrices को माथिको शुत्रको प्रयोगबाट probabilities निकाली observed matrix

बराबर वा सो भन्दा कम probabilities भएका सबै matrices को probabilities लाई observed matrix को probability सँग जोडी two-tailed p-value (exact probability) निकालिन्छ । उक्त p-value यदि α value भन्दा अधिक भएमा महत्वपूर्ण अन्तरसम्बन्ध छैन भन्ने शुन्य परिकल्पना स्वीकार गरिन्छ भने α value भन्दा न्यून भएको अवस्थामा शुन्य परिकल्पना स्वीकार गरिँदैन ।

घ) यस अध्ययनमा आवश्यकता अनुसार http://graphpad.com/quickcalcs/contingency1.cfm मा राखिएको online calculator को प्रयोग गरी 2x2 matrix को exact probability (p-value) र http://www.vassarstats.net मा राखिएको online calculator को प्रयोग गरी 2x3, 2x4 तथा 3x3 सम्मको matrix को exact probability (p-value ) गणना गरिएको छ ।

**मञ्जुषा नं. २ : मौरीका भौतिक आवश्यकताहरु**

**१. गाँस** : मौरीले शक्तिको लागि चाहिने स्वेतसार (कार्बोहाइड्रेड) तथा सर्करा तत्वहरु र जैविक विकास तथा देहवर्धनका लागि चाहिने प्रोटिनयुक्त खाद्यवस्तुका लागि निम्न वस्तुहरुको उपभोग गर्दछ :

१.१ मधुरस (पुष्परस) : यो सर्करायुक्त पदार्थ प्रायः वनस्पतिको फुलभित्र पिंधमा पाइने रसिलो झोल हो ।

१.२ पराग (कुट वा पुष्परज) : वनस्पतिमा हुने यो भाले तत्व हो । यसलाई कुट पनि भनिन्छ । यो प्रोटिनयुक्त तत्व मौरीले छाउरालाई खुवाउँछ । कुट जिवित तत्व हो तर मौरीले निकालेको केही घण्टामा निर्जिव बन्दछ ।

**२. अन्य सामाग्री :**

२.१ पानी : बाक्लो वा जमेको महमा पानी मिसाएर पन्यालो बनाएर मात्र मौरीले खान सक्छ । त्यसैगरी, घारमा तापक्रम बढ्दा वातानुकुलन गर्न पनि मौरीले पानीको प्रयोग गर्दछ ।

२.२ प्रोपोलिन (मौरी सरेस वा चोप) : यो बोटविरुवाको कलिलो मुना वा कोपिलाहरुमा पाइने एक किसिमको खोटो वा चोप तत्वलाई मौरीले चर्केको घार वा अनावश्यक प्वाल टाल्न प्रयोग गर्छ ।

**३. चरन क्षेत्र :** मौरीको चरन क्षेत्रमा फलफूल, तरकारी, तेलहन, दलहन बाली, फुल फुल्ने सबै वनस्पतिहरु, सुन्तला, जुनार, कागति, निबुवा, ज्यामिर, भोगटे, स्याउ, नास्पाति, आरु, आरुबखडा, हलुवावेद जस्ता फलफूल, तोरी, सर्स्यु, सूर्यमुखी फूल, झुसे तील, तील, अंडेला जस्ता तेलहन बाली, मकै, फापर, कोदो, जुनेलो जस्तो अन्नबाली, क्लोभर, दुबो, ल्युसर्न जस्तो चरनबाली, पैयुँ, पहेले, पुवाँले, कोइरालो टाँकी, हात्तीपाइले कुट सिमल जस्तो डालेघास, बोरेज, कोन फ्लावर, तिउरे, जंगली गुलाफ, चपके, क्युफिया जस्ता आलंकारिक वनस्पति, चिउरी, जामुन, चुत्रो, काफल, कल्की, कांगियो, बोट धाइरो, बयर, मयल, रुदिलो जस्तो जंगली बोटबिरुवा, कपास, सूर्ति, ऊखु, जुट, अंडेर, किम्बु आदि बालीहरु मौरीका चरन हुन् ।

**४. गुँड (बास) :** जमिनमुनि बनेको ससाना कोष्ठभित्र, रुखको टोड्का, घरपर्खालका खोपाप्वाल, रुखका हाँगा, भिरपहरा, कान्लाकान्ली, नहर कुलोको भित्ता आदि ठाँउहरुमा मौरीले गुँड लगाएर बस्ने गर्दछ । व्यवसायिकरुपले मौरीपालन व्यवसाय गर्दा भने मौरीघारका लागि काठको बाकस बनाई त्यसभित्र विभिन्न आधार चाकाहरु राखिन्छ ।

*(स्रोत : काफ्ले, २०६८)*

## परिच्छेद ४
# तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण

## ४.१ नेपालमा मह उत्पादनको वर्तमान अवस्था :

नेपालमा क्षेत्रगत मह उत्पादनको आँकडा देहाय बमोजिम रहेको छ।

**तालिका नं. १ : नेपालमा मह उत्पादनको क्षेत्रगत स्थिति**

(मे.टनमा)

| क्षेत्र | आर्थिक वर्ष २०६५/६६ | आर्थिक वर्ष २०६६/६७ | प्रगति प्रतिशत |
|---|---|---|---|
| पूर्वाञ्चल | ४७३.२ | ४९२.३ | ४.० |
| मध्यमाञ्चल | २९७.० | २६२.० | -११.८ |
| पश्चिमाञ्चल | २५०.३ | ३९९.४ | ५९.६ |
| मध्य पश्चिमाञ्चल | ३१६.९ | ३४१.४ | ७.८ |
| सुदूर पश्चिमाञ्चल | ६५.० | ८२.६ | २७.१ |
| **जम्मा** | **१४०२.४** | **१५७७.७** | **१२.५** |

*(स्रोत : नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, कृषि अनुगमन तथा मूल्यांकन शाखाले प्रकाशन गरेको आर्थिक वर्ष २०६६/६७ को वार्षिक प्रगति पुस्तिका)*

आर्थिक वर्ष २०६५/६६ को तुलनामा आर्थिक वर्ष २०६६/६७ मा नेपालको मह उत्पादन १२.५ प्रतिशतले वृद्धि भएको देखिन्छ, जुन सन्तोषजनक मान्न सकिन्छ। आर्थिक वर्ष २०६६/६७ मा मध्यमाञ्चल विकास क्षेत्र बाहेक अन्य सबै क्षेत्रहरुमा मह उत्पादन वृद्धि भएको देखिन्छ।

यसैगरी नेपालमा मौरीपालन व्यवसाय गरिने केही प्रमुख जिल्लाहरुको मह उत्पादनको वार्षिक आँकडा देहाय बमोजिम रहेको देखिन्छ।

**तालिका नं. २ : नेपालमा मह उत्पादनको जिल्लागत स्थिति**

(मे.टनमा)

| जिल्ला | आर्थिक वर्ष २०६६/६७ | आर्थिक वर्ष २०६७/६८ | आर्थिक वर्ष २०६८/६९ |
|---|---|---|---|
| ललितपुर | १५०.० | १४५.० | १७०.० |
| भक्तपुर | १.० | १.० | - |
| काभ्रेपलाञ्चोक | ७.२ | ९.२ | - |
| सुर्खेत | ६.२ | ६.२ | - |
| कैलाली | १६.५ | १७.० | २५.० |
| डडेलधुरा | २.० | २.२ | ३.० |
| **जम्मा** | **१८२.९** | **१८०.६** | **१९८.०** |
| **प्रतिशत परिवर्तन** | **-** | **-१.६** | **९.६** |

*(स्रोत : नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग, आर्थिक विकास शाखाले सार्वजनिक गरेको आर्थिक वर्ष २०६८/६९ को आर्थिक गतिविधि अध्ययनको वार्षिक प्रतिवेदन)*

आर्थिक वर्ष २०६६/६७ मा ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सुर्खेत, कैलाली तथा डडेलधुरा गरी मुलकका ६ जिल्लाहरुबाट १८२.९ मे.टन बराबर मह उत्पादन भएकोमा आर्थिक वर्ष २०६७/६८ मा सो भन्दा १.६ प्रतिशत कम अर्थात् १८०.६ मे.टन मात्र मह उत्पादन भएको देखिन्छ। यद्यपि आर्थिक वर्ष २०६८/६९ मा

आउँदा अघिल्लो वर्षको तुलनामा ९.६ प्रतिशतले वृद्धि भई कुल मह उत्पादन सम्बन्धी आँकडा १९८ मे. टन पुगेको देखिन्छ। मौरीपालन व्यवसाय गरिने अन्य प्रमुख जिल्लाहरुमा चितवन तथा दाङ्ग जिल्ला पनि हुन्।

## ४.२ मौरीपालन सम्बन्धी नेपाल सरकारको नीतिगत कार्यक्रम तथा सो को उपलब्धि :

नेपाल सरकारले गर्ने मौरीपालन सम्बन्धी नीतिगत कार्यक्रमहरुको कार्यान्वयन कृषि तथा सहकारी मन्त्रालयको कृषि विभाग अन्तर्गत रहेको व्यवसायिक किट विकास निर्देशनालयको मौरीपालन विकास शाखा, गोदावरीमार्फत् हुँदै आएको छ । उक्त निर्देशनालयले मौरीपालन व्यवसायमा अनुत्पादक रहेको नेपाली कृषकको श्रम र स्रोतलाई अधिकतम उपयोग गरी बाली विकास गर्दै आयमूलक उत्पादनद्वारा रोजगारीको अवसर सृजना गरी जैविक विविधता संरक्षण तथा आयमा वृद्धि गरी देशको गरिबी निवारणमा सघाउ पुऱ्याउने तथा उपयुक्त पकेट क्षेत्र छनौट गरी मौरीपालनलाई व्यवसायिक खेतीको रुपमा विकास गरी उच्च गुणस्तरीय मह तथा मैन उत्पादनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ कार्य गर्दै आएको छ । सो उद्देश्य प्राप्तिका लागि निर्देशनालयले उत्पादनमूलक कार्यक्रम अन्तर्गत राखेको बढी मोल जाने कृषि वस्तु उत्पादन तथा विकास कार्यक्रम अन्तर्गत रही फलफूल, बगैंचा र बीऊ वृद्धि कार्यक्रम भएका क्षेत्रहरुसँग आबद्ध गरी विभिन्न मौरीपालन कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । साथै, महबाट बन्ने विभिन्न परिकारबारे जानकारी दिने र गुणस्तरीय महको बिक्री वितरण तथा यसको महत्व बारेमा जानकारी गराउने उद्देश्यले मह परिकार महोत्सव आयोजना, मौरीपालन तथा मह सम्बन्धी जनचेतनामूलक लेख रचना तथा सूचनाहरु स्थानीय पत्र पत्रिका, एफ एम, टेलीभिजन आदिबाट प्रसार, संभाव्य स्थानहरुमा मौरी स्रोतकेन्द्र स्थापना, तालिम तथा मौरी चरन व्यवस्थापन जस्ता कार्यहरु समेत सम्पन्न हुँदै आएको देखिन्छ। उक्त निर्देशनालयले जिल्लास्तर कृषि प्रसार कार्यक्रम अन्तर्गत रही विभिन्न आयोजनाहरु मार्फत् आर्थिक वर्ष २०६६/६७ को अवधिमा ३ हजार ३ सय ७९ वटा उन्नत मौरीघार वितरण गरेको देखिन्छ। त्यसैगरी, त्रि-वर्षिय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) ले लिएको मह उत्पादन लक्ष्य तथा हासिल भएको उपलब्धि देहाय बमोजिम रहेको छ।

**तालिका नं. ३ : त्रि-वर्षिय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) को मह उत्पादनको लक्ष्य/उपलब्धि**

| बाली | इकाई | आधार वर्षका अवस्था | लक्ष्य | उपलब्धि | फरक |
|---|---|---|---|---|---|
| मह | मे.टन | ६५० | ८५० | ११०० | २५० |

*(स्रोत : नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, कृषि अनुगमन तथा मूल्यांकन शाखाले प्रकाशन गरेको आर्थिक वर्ष २०६६/६७ को वार्षिक प्रगति पुस्तिका)*

यसरी मह उत्पादनको सन्दर्भमा त्रिबर्षिय अन्तरिम योजनाको अवधि (२०६४/६५-२०६६/६७) मा लक्ष्यभन्दा बढी प्रगति हासिल भएको देखिन्छ। थोरै लगानी तथा सानो क्षेत्रफलमा सजिलै गर्न सकिने भएकोले पछिल्ला दिनहरुमा शहर वरपरका क्षेत्रहरुमा गरिने कृषि अन्तर्गत मौरीपालनको महत्व बढ्दै गएको छ।

## ४.३ दाङ्ग जिल्लामा मौरीपालन व्यवसाय :

४.३.१ **मौरीपालन व्यवसायको संभावना :** दाङ्ग जिल्लाको तापक्रम ४ डि.से. देखि ३५ डि.से. सम्म रहने गरेको छ। मौरीपालन व्यवसायको लागि १२ डि.से. देखि ३२ डि.से., त्यसमा पनि १८ डि.से. देखि २८ डि.से. अति राम्रो मानिएकोले जिल्लाको हावापानी मौरीपालनका दृष्टिकोणले उत्तम देखिन्छ । चरनको दृष्टिकोणले पनि यो जिल्ला उपयुक्त छ । जिल्लाको माथिल्लो भेगमा चिउरी र तल्लो भेगमा तोरी प्रशस्त फुल्ने भएकोले मौरीपालन व्यवसायको प्रचुर संभावना रहेको छ। यहाँ करीब १८ हजार हेक्टर क्षेत्रफलमा तोरी खेती गरिने तथा करीब २२-२३ हजार हेक्टरमा चिउरी, सिसम, बषिम, रुदिलो आदि फुल्ने अनुमान गरिएको छ । नेपालमा सबैभन्दा पहिले दाङ्ग जिल्लामा तोरी फुल्ने गरेको बुझिएको छ। यहाँ ५ हजार मौरीघार घरमै राखेर र ६ देखि ७ हजारसम्म मौरीघार वरपर स्थानान्तरण गरेर मौरीपालन व्यवसाय गरिएको छ भने करीब ३८ हजार घार मौरी अन्यत्र जिल्लाबाट चराउन ल्याउने गरिएको देखिन्छ। अतः यहाँको वन्य स्रोतले करीब ५०

हजार घारसम्मको मौरीपालन व्यवसाय गर्न सकिएको देखिन्छ । एक घारबाट न्यूनतम ३० के.जी. मह उत्पादन भएमा मात्र पनि यहाँ वार्षिक १ हजार ५ सय मे.टन बराबर मह उत्पादन हुनसक्ने देखिन्छ । जिल्लाको पुरै स्थानहरु मौरीपालनका लागि राम्रो मानिए तापनि मुख्यरुपले तुलसीपुर, घोराही, पुरनधारा, पञ्चकुले, हापुरे, बाघमारे तथा पवननगर मुख्य पकेट क्षेत्रको रुपमा देखिएका छन् । २५ घार मौरीपालन व्यवसायले मात्र पनि ४ जनाको परिवार सजिलै पाल्न सकिने हुनाले जिल्लामा मध्यम वर्गका घरपरिवारहरुको यो खेती प्रतिको आकर्षण बढ्दै गएको छ ।

४.३.२ **व्यवसायिक मौरीपालन व्यवसायको शुरुवात :** दाङ जिल्लामा २०५४ सालमा मध्यपश्चिम विकास क्षेत्र कार्यक्षेत्र रहने गरी कृषि उद्यम केन्द्रहरु खुलेको र उक्त केन्द्रले नै सर्वप्रथम परिक्षण गर्न भनी २० गोला मौरी यहाँ भित्र्याई कृषकहरुलाई वितरण गरेको बुझिएको छ । गण्डकी बि. कन्सर्नको समेत प्राविधिक सहयोगमा गरिएको सो परिक्षणबाट यो जिल्ला मौरीपालनका दृष्टिकोणले अति राम्रो देखिए पश्चात् सो केन्द्रले थप ५० घार मौरी भित्र्याई जिल्लामा व्यवसायिक मौरीपालनको शुरुवात गराएको जानकारीमा आयो । त्यसैगरी, २०५५ साल चैत्र ८ गते गण्डकी बि. कन्सर्नले १७ जना विभिन्न कृषकहरुलाई १ सय २७ वटा मौरीघार वितरण गरेको बुझियो । सोही मौरीघारहरुको उचित व्यवस्थापनको माध्यमबाट हाल जिल्लामा ४ हजारको हाराहारीसम्म मौरीघार पुग्न गएको बुझियो ।

**<u>मञ्जुषा नं. ३ : मौरी सम्बन्धमा रोचक प्रसंगहरु</u>**

एकै मौसममा ए. सेरेना मौरीको पनि एक स्वस्थ्य गोलालाई १० देखि १५ किलोग्राम र बार्षिक ४० देखि ५० किलोग्राम कुटको आवश्यकता पर्दछ । एक खेपमा मौरीले १० देखि १५ मिलिग्रामसम्म बोक्न सक्ने हुन्छ र एक किलोग्राम कुट बटुल्न एक लाखदेखि डेढलाख खेप ओसार्नुपर्छ । *(स्रोत : काफ्ले, २०६८)*

४.३.३ **व्यवसायी तथा घार संख्या :** जिल्लामा मौरीपालन व्यवसायमा संलग्न व्यक्तिहरु कति छन् भन्ने सन्दर्भमा कही आधिकारिक तथ्याङ्क रहेको पाइएन । यद्यपि नेपाल मौरीपालन महासंघको दाङ जिल्ला शाखामा आबद्ध कृषकहरुको संख्या १७० रहेको देखिन्छ । महासंघले सबै मौरीपालक कृषकहरुलाई अनिवार्य रुपले संघमा आबद्ध हुनुपर्ने गरी सूचना जारी गरेकाले आबद्ध हुने कृषकहरुको संख्या विस्तारै बढ्दै गएको जानकारीमा आएको छ । अगुवा कृषकहरुबाट प्राप्त जानकारी अनुसार भने जिल्लामा सानाठूला सबै गरी कुल ३ सय २५ जना मौरीपालक कृषकहरु रहेका छन् । यी सबैले करीब १० हजार जति मेलिफेरा तथा २ हजार जति सेरेना घार राखेको अनुमान गरिएको छ । जिल्ला कृषि विकास कार्यालय, घोराहीको तथ्याङ्कमा भने २०६८/६९ सम्म जिल्लामा सबै गरी करीब ५ हजार ६ सय ४९ मौरीघार रहेकोमा मेलिफेरा मात्र ४ हजार ६ सय ३० घार रहेको छ ।

४.३.४ **मह उत्पादन :** जिल्ला कृषि विकास कार्यालय, घोराहीबाट प्राप्त जानकारी बमोजिम जिल्लामा आर्थिक वर्ष २०६६/६७ मा कुल १ सय २८ मे.टन मह उत्पादन भएकोमा आर्थिक वर्ष २०६७/६८ मा बढेर २ सय ४२ मे.टन पुगेको तर आर्थिक वर्ष २०६८/६९ पुनः घटेर १ सय ५२ मे.टन कायम हुन गएको देखियो । आर्थिक वर्ष २०६७/६८ मा चितवनबाट ३ हजार ८ सय मौरीघार चरनका लागि यस जिल्लामा ल्याइएको र सो घारहरुबाट उत्पादित १ सय १४ मे.टन मह समेत जोडिएकोले जिल्लाको सो वर्षको मह उत्पादनको आँकडा आर्थिक वर्ष २०६६/६७ को भन्दा बढेको देखिएको हो । आर्थिक वर्ष २०६८/६९ को आँकडालाई लिंदा यहाँ कुल मह उत्पादन क्षमता १ हजार ५ सय मे. टनको १०.१ प्रतिशत मात्र सदुपयोग हुन सकेको देखिन्छ ।

## ४.४ अध्ययनमा समेटिएका मौरीपालक व्यवसायीहरुको वैयक्तिक पक्ष :

अध्ययनको क्रममा दाङ जिल्लाका मौरीपालक कृषकहरुमध्ये उत्तरदाताको रुपमा छनौट गरिएका २५ कृषकहरुको वैयक्तिक पक्षलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

४.४.१ **उमेर (परिपक्वता) :** उत्तरदाताहरुमध्ये २० वर्षदेखि ३५ वर्षसम्मको उमेर भएका ३ जना (१२.० प्रतिशत), ३६ वर्ष देखि ५० वर्षसम्मको उमेर भएका १५ जना (६०.० प्रतिशत) र ५१ वर्षभन्दा बढी उमेर भएका ७ जना (२८.० प्रतिशत) रहेको पाइयो । यसरी सबैभन्दा बढी ३६ देखि ५० वर्ष उमेर समूहमा रहेको पाइयो ।

४.४.२ **शैक्षिक स्थिति :** उत्तरदाताहरुमध्ये एस.एल.सी. भन्दा कम शैक्षिक योग्यता भएका ६ जना (२४.० प्रतिशत) तथा एस.एल.सी. पाससम्म भएका ४ जना (१६.० प्रतिशत) गरी एल.एल.सी. पास वा सो भन्दा कम शैक्षिक योग्यता भएका १० जना (४० प्रतिशत) रहेको पाइयो भने उ.मा.वि. तहसम्मको अध्ययन पूरा गरेका ८ जना (३२.० प्रतिशत) रहेको देखियो । त्यसैगरी, स्नातक तहसम्म ४ जना (१६.० प्रतिशत) तथा स्नातकोत्तर तहसम्म ३ जना (१२.० प्रतिशत) गरी विश्वविद्यालय तहको अध्ययन पूरा गरेका ७ जना (२८.० प्रतिशत) रहेको पाइयो ।


४.४.३ **अनुभव (संलग्नता अवधि) :** दाङ्ग जिल्लामा मौरीपालन व्यवसाय फस्टाएको धेरै अवधि भएको छैन । यो व्यवसायमा फाट्टफुट्ट मानिसहरु संलग्न भएको देखिए तापनि विभिन्न अध्ययन तथा अनुसन्धानले जिल्लाको हावापानी मौरीपालन व्यवसायका लागि उपयुक्त भएको प्रतिवेदन सार्वजनिक गरे सँगसँगै यो पेशा तर्फको आकर्षण बढ्दै गएको पाइएको छ । उत्तरदाताहरुको अनुभव वा संलग्नता अवधि अध्ययन गर्दा सबैभन्दा बढी १४ जना (५६.० प्रतिशत) विगत ५-१० वर्षदेखि, ८ जना (३२ प्रतिशत) विगत १०-२० बर्षदेखि, २ जना (८.० प्रतिशत) ५ वर्षदेखि र बाँकी १ जना (४.० प्रतिशत) २० वर्ष अगाडिदेखि मौरीपालन व्यवसायमा संलग्न रहँदै आएको पाइयो । यसबाट जिल्लामा मौरीपालन व्यवसाय मुख्यरुपले वि.सं. २०४९/५० देखि २०६४/६५ बीचको अवधिमा फस्टाएको देखिन्छ ।

४.४.४ **अन्य पेशागत स्थिति :** मौरीपालन व्यवसाय गर्ने कृषकहरुमध्ये अधिकांशले अन्य पेशालाई समेत निरन्तरता दिएको पाइएको छ । यहाँका मौरीपालक कृषकहरुमध्ये केहीले मौरीपालनलाई मुख्य र केहीले सहायक पेशाको रुपमा लिएका छन् । उत्तरदाताहरुमध्ये १३ जना (५२.० प्रतिशत) ले मौरीपालन बाहेकको कृषि पेशा पनि अंगालेको, ५ जना (२०.० प्रतिशत) ले स्वउद्यम पनि सञ्चालन गरेको, ३ जना (१२.० प्रतिशत) सरकारी सेवामा पनि रहेको, ३ जना (१२.० प्रतिशत) गैर-सरकारी संस्थाको सेवामा पनि संलग्न रहेको र २ जना (८.० प्रतिशत) अन्य व्यापार व्यवसायमा पनि संलग्न रहेको पाइयो भने ३ जना (१२.० प्रतिशत) कृषक नितान्त मौरीपालन पेशामा मात्र संलग्न रहेको पाइयो ।



*मौरीपालन व्यवसायमा संलग्न एक कृषकले गरेको पसल व्यवसाय*

**चार्ट नं. १ : मौरीपालक कृषकको अन्य पेशागत संलग्नता**




४.४.५ **व्यवसायको शुरुवात :** सामान्यतयाः बाबु बाजेले गर्दै आएको व्यवसायमा पर्याप्त अनुभव तथा जोखिम व्यवस्थापन सम्बन्धी ज्ञान प्राप्त हुनाले सन्ततीले सो व्यवसाय सहजै सञ्चालन गर्न तथा व्यवसायको स्तर बढाउँदै लैजान सक्छन् भने आफैले व्यवसाय शुरु गर्नुपर्दा सानो स्तरको लगानीबाट कारोबार गर्नु सुरक्षित तथा राम्रो मानिन्छ । अध्ययनबाट उत्तरदाताहरुमध्ये २३ जना (९२.० प्रतिशत) ले आफै व्यवसाय शुरु गरेको देखियो भने बाँकी २ जना (८.० प्रतिशत) ले आफ्नो बाबु बाजेले शुरु गरेको व्यवसायलाई निरन्तरता दिएको पाइयो ।

## ४.५ मौरीपालक उत्तरदाताहरुको वित्तीय पक्ष :

मौरीपालन समूहका २५ जना उत्तरदाताहरुको मौरीपालन व्यवसायसँग सम्बन्धित पूँजी लगानी, सञ्चालन लागत, मुनाफाको अवस्था, मुनाफाको बाँडफाँड तथा कर्जाको स्थितिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

४.५.१ **पूँजी लगानी :** मौरीपालन व्यवसाय थोरै पूँजीमा जो कोहीले पनि शुरु गर्न सकिने देखिएको छ । यो व्यवसायका लागि चाहिने सबैभन्दा महत्वपूर्ण कुरा शीप तथा ज्ञान हो । पूँजी कम हुने वा अन्य पेशामा मुख्यरुपले लागेका व्यक्तिहरुले फूर्सदको समयलाई सदुपयोग गरी यो व्यवसाय सजिलै सञ्चालन गरेको देखिन्छ । अध्ययनबाट २५ जना उत्तरदाताहरुले मौरीपालन व्यवसायमा समग्रमा निम्न बमोजिम पूँजी लगानी गरेको पाइयो ।

**तालिका नं. ४ : मौरीपालन व्यवसायमा पूँजी लगानीको अवस्था**

| विवरण | न्यूनतम | अधिकतम | सबैको जम्मा | प्रति कृषक औसत | प्रति घार औसत |
|---|---|---|---|---|---|
| शुरु पूँजी लगानी (रु. मा) | २,४०० | ७०,००० | ५,५९,६०० | २२,३८४ | - |
| हालसम्मको पूँजी लगानी (रु. मा) | ११,००० | २५,००,००० | १,१७,२७,३५० | ४,६९,०९४ | ६,०३६ |
| प्रगति (गुणामा) | ४.६ | ३५.७ | २०.९ | २०.९ | |

उत्तरदाताहरुले जम्मा रु. ५ लाख ५९ हजार ६ सय मात्रको लगानीबाट मौरीपालन व्यवसाय शुरु गरेको देखिएकोमा २०७० आषाढ मसान्तसम्म आउँदा कुल पूँजी लगानी रकम रु. १ करोड १७ लाख २७ हजार ३ सय ५० पुगेको देखियो । ती उत्तरदाताहरुले प्रति सदस्य औसत रु. २२ हजार ३ सय ८४ पूँजी लगानी गरी यो व्यवसाय शुरु गरेकोमा २०७० आषाढ मसान्तसम्ममा प्रति सदस्य औसात लगानी रकम रु. ४ लाख ६९ हजार ९४ पुगेको देखियो । मौरीपालन व्यवसायबाट मनग्गै आम्दानी हुने भएकोले नै कृषकहरुको लगानी २०.९ गुणासम्मले बढेको देखिन्छ ।

४.५.२ **कर्जा तथा ब्याजदरको स्थिति :** मौरीपालन व्यवसाय सानो स्तरको पूँजी लगानीबाट गर्न सकिने भए तापनि पूँजी नहुने वा ठूलो स्तरको व्यवसाय गर्नका लागि पूँजी नपुग हुनेले विभिन्न व्यक्ति तथा संस्थाहरुबाट कर्जा लिएर पनि यो व्यवसाय सञ्चालन गरेको देखिन्छ । अध्ययनबाट कतिपय कृषकहरुले एकभन्दा बढी स्रोतहरुबाट पनि कर्जा उपभोग गरिरहेको पाइयो । उत्तरदाताहरुले मौरीपालन व्यवसायका लागि विभिन्न स्रोतहरुबाट लिएको कर्जा तथा सोको ब्याजदर देहाय बमोजिम रहेको पाइयो ।


**तालिका नं. ५ : मौरीपालक कृषकहरुको कर्जा तथा ब्याजदरको स्थिति**

| कर्जाको स्रोत | कृषक | | कर्जाको स्थिति | | | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | रकम रु. | प्रतिशत | औसत | औसत ब्याजदर |
| बैंक तथा वित्तीय संस्था | ८ | ३२.० | १९,२५,००० | ५४.६ | २,४०,६२५ | १३.१ |
| सहकारी संस्था | २ | ८.० | २,५०,००० | ७.१ | १,२५,००० | १४.५ |
| साहु महाजन | १ | ४.० | २,००,००० | ५.७ | २,००,००० | २४.० |
| साथीभाई वा ईष्टमित्र | ४ | १६.० | ११,५०,००० | ३२.६ | २,८७,५०० | २४.० |
| कतैबाट कर्जा नलिएका | १४ | ५६.० | - | - | - | - |
| **कुल** | **२५** | **१००.०** | **३५,२५,०००** | **१००.०** | **१,४१,०००** | **१७.४** |

नोट : कृषकहरुले एक भन्दा बढी स्रोतहरुबाट कर्जा लिएकोले कृषक संख्याको जोड तथा प्रतिशतको जोड कुल संग मेल नखाएको ।

अध्ययनबाट अधिकांश कृषकहरुले कर्जा नलिई स्वपूँजीबाट मात्र व्यवसाय सञ्चालन गरेको पाइयो । उत्तरदाताहरुमध्ये १४ जना (५६.० प्रतिशत) ले कुनै पनि कर्जा वा सापट नलिई आफ्नै पूँजीबाट व्यवसाय सञ्चालन गरेको पाइयो भने बाँकी रहेका ११ जना (४४.० प्रतिशत) ले विभिन्न स्रोतहरुबाट कर्जा लिएको पाइयो । यसरी कर्जा लिने क्रममा १ जनाले ३ वटा विभिन्न स्रोतहरुबाट र अर्का २ जनाले २ वटा विभिन्न स्रोतहरुबाट पनि कर्जा लिएको पाइयो । अध्ययनबाट कुल मौरीपालक कृषकहरुमध्ये बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिने ८ जना (३२.० प्रतिशत), सहकारी संस्थाबाट कर्जा लिने २ जना (८.० प्रतिशत), साहु महाजनबाट कर्जा लिने १ जना (४.० प्रतिशत) र साथीभाई तथा ईष्टमित्रबाट कर्जा लिने ४ जना (१६.० प्रतिशत) रहेको पाइयो । कर्जाको ब्याजदरतर्फ अध्ययन गर्दा बैंक तथा वित्तीय संस्थाहरुको औसत ब्याजदर १३.१ प्रतिशत, सहकारी संस्थाहरुको औसत ब्याजदर १४.५ प्रतिशत र साहुमहाजन तथा साथीभाईहरुको औसत ब्याजदर २४.० प्रतिशत रही समग्रमा मौरीपालन व्यवसायका लागि लिएको कुल रु. ३५ लाख २५ हजार कर्जा रकममा औसत १७.४ प्रतिशतका दरले कृषकहरुले ब्याज रकम बुझाउनु परेको देखिन्छ ।

**चार्ट नं. २ : मौरीपालक कृषकले मौरीपालन व्यवसायका लागि विभिन्न स्रोतहरुबाट उपभोग गरेको कर्जाको स्थिति**



४.५.३ **ऋण/पूँजी अनुपात :** मौरीपालक कृषकहरुले आर्थिक वर्ष २०६९/७० सम्ममा बाह्य स्रोतबाट रु. ३५ लाख २५ हजार ऋण या सापट लिएर र स्वपूँजी रु. १ करोड १७ लाख २७ हजार ३ सय ५० लगानी गरेर व्यवसाय सञ्चालन गरिरहेको देखिन्छ । अतः व्यवसायीहरुले ऋण तथा पूँजी दुवै गरी कुल रु. १ करोड ५२ लाख ५२ हजार ३ सय ५० सम्मको लगानी गरेको देखिन्छ । व्यवसायीहरुको कुल लगानीमा ऋणको अंश २३.१ प्रतिशत रहेको देखिन्छ भने तिनीहरुको समग्र ऋण/पूँजी अनुपात (Leverage Ratio) ३०.० प्रतिशत रहेको देखिन्छ ।


४.५.४ **व्यवसायबाट मुनाफाको अवस्था :** सामान्यतया बिक्रीबाट प्राप्त रकममा उत्पादनमा लागेको सबै किसिमका लागत घटाई खुद मुनाफा प्राप्त हुन्छ । अध्ययनको क्षेत्रमा मौरीपालन व्यवसाय गर्ने कृषकहरुले बर्षेनी आफ्नो खुद मुनाफा बढाउँदै गएको पाइयो । उत्तरदाताहरुमध्ये आर्थिक वर्ष २०६९/७० मा २ जना (८.० प्रतिशत) ले मात्र मौरीपालन व्यवसायमा खुद नोक्सानी व्यहोरेको र बाँकी २३ जना (९२.० प्रतिशत) ले खुद मुनाफा आर्जन गरेको पाइयो । उत्तरदाताहरुले विभिन्न आर्थिक वर्षमा प्राप्त गरेको खुद मुनाफा तथा प्रतिघार मुनाफाको स्थितिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६ : वार्षिक मुनाफाको स्थिति**

| आर्थिक वर्ष | समग्र खुद मुनाफा रकम (रु. मा) | समग्र खुद मुनाफामा वृद्धि प्रतिशत | घार संख्या | घार संख्यामा वृद्धि प्रतिशत | प्रति घार मुनाफा रकम (रु. मा) | घाटामा गएका कृषक संख्या |
|---|---|---|---|---|---|---|
| २०६५/६६ | ३६,१५,६५४ | ०.० | ८०७ | ०.० | ४,४८० | ५ |
| २०६६/६७ | ३८,१४,७३५ | ५.५ | ९४२ | १६.७ | ४,०४९ | ६ |
| २०६७/६८ | ५०,८३,२८२ | ३३.३ | ११६४ | २३.६ | ४,३६९ | ४ |
| २०६८/६९ | ६२,३४,३७३ | २२.६ | १४६० | २५.४ | ४,२७० | ६ |
| २०६९/७० | ८३,५५,७२८ | ३४.० | १९४३ | ३३.१ | ४,३०० | २ |

उक्त मौरीपालन समूहका उत्तरदाताहरुले आर्थिक वर्ष २०६५/६६ मा समग्रमा रु. ३६ लाख १५ हजार ६ सय ५४ खुद मुनाफा आर्जन गरेकोमा आर्थिक वर्ष २०६६/६७ देखि यिनीहरुको मुनाफा प्रत्येक वर्ष वृद्धि हुँदै गएको पाइयो । आर्थिक वर्ष २०६९/७० मा यिनीहरुको समग्र खुद मुनाफा अघिल्लो वर्षको तुलनामा ३४.० प्रतिशतले बढेर रु. ८३ लाख ५५ हजार ७ सय २८ सम्म पुगेको देखिन्छ । यी कृषकहरुसँग आर्थिक वर्ष २०६५/६६ मा कुल ८ सय ७ मौरीघार रहेकोमा आर्थिक वर्ष २०६९/७० सम्म आउँदा घार संख्या १ हजार ९ सय ४३ पुगेको छ । घार संख्या सँगसँगै मुनाफा रकम बढे तापनि प्रतिघार मुनाफा रकममा खासै प्रगति भएको देखिंदैन । जस्तै यी कृषकहरुले आर्थिक वर्ष २०६५/६६ मा प्रतिघार वार्षिक रु. ४ हजार ४ सय ८० का दरले मुनाफा आर्जन गरेकोमा आर्थिक वर्ष २०६९/७० उक्त मुनाफाको दर घटेर रु. ४ हजार ३ सय मात्र रहेको देखिन्छ । यस आधारमा कारोबार बढे तापनि कार्यकुशलतामा प्रगति हुन सकेको देखिंदैन । अर्को तर्फ घाटामा गएका कृषकहरुको संख्या आर्थिक वर्ष २०६५/६६ मा ५ जना (२० प्रतिशत), आर्थिक वर्ष २०६६/६७ मा ६ जना (२४.० प्रतिशत), आर्थिक वर्ष २०६७६८ मा ४ जना (१५.० प्रतिशत) तथा आर्थिक वर्ष २०६८/६९ मा पुनः ६ जना (२४.० प्रतिशत) रहेकोमा आर्थिक वर्ष २०६९/७० मा २ जना (८.० प्रतिशत) मा झरेको छ । आर्थिक वर्ष २०६७/६८ को तुलनामा आर्थिक वर्ष २०६८/६९ मा घाटामा जाने कृषकहरुको संख्या थप बढेकोले उक्त वर्ष प्रति घार औसत मुनाफाको समग्र दर घटेको देखिन्छ । आर्थिक वर्ष २०६९/७० मा घाटामा जाने कृषकहरुको संख्या घटे पनि मुनाफामा जाने कृषकहरुको मुनाफाको दर कम भएकोले प्रति घार औसत मुनाफाको समग्र दरमा खासै सुधार हुन सकेको देखिएन ।

**चार्ट नं. ३ : मौरीपालक कृषकको समग्र खुद मुनाफाको अवस्था**





४.५.५ **मुनाफाको वितरण :** मौरीपालन व्यवसायबाट मुनाफा गर्ने ९२.० प्रतिशत उत्तरदाताहरुले आर्जन गरेको समग्र मुनाफा रकमको बाँडफाँडलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**तालिका नं. ७ : आर्थिक वर्ष २०६९/७० को मुनाफाको वितरण स्थिति**

| वार्षिक मुनाफाको स्तर | कृषकको संख्या | कुल कृषकमा प्रतिशत | कुल मुनाफा रकम (रु.) | कुल मुनाफामा हिस्सा |
|---|---|---|---|---|
| रु. १,००,००० सम्म | ६ | २६.१ | २५४२३८ | ३.० |
| रु. १,००,००१ देखि रु. ३,००,००० सम्म | ५ | २१.७ | १०८३७५० | १२.९ |
| रु. ३,००,००१ देखि रु. ५,००,००० सम्म | ८ | ३४.८ | ३४४२२०० | ४१.१ |
| रु. ५,००,००१ देखि माथि | ४ | १७.४ | ३५९८५०० | ४३.० |
| **जम्मा** | **२३** | **१००.०** | **८३,७८,६८८** | **१००.०** |

मुनाफामा रहने उत्तरदाताहरुबीच मुनाफाको बाँडफाँड असमान रहेको पाइएको छ। आर्थिक वर्ष २०६९/७० मा मुनाफामा रहने उत्तरदाताहरुले गरेको मुनाफा रकम रु. ८३ लाख ७८ हजार ६ सय ८८ मा तल्लो ४७.८ प्रतिशत उत्तरदाताहरुको हिस्सा १५.९ प्रतिशत मात्र रहेको तर माथिल्लो ५२.२ प्रतिशत उत्तरदाताहरुको हिस्सा ८४.१ प्रतिशत रहेको पाइयो । ती उत्तरदाताहरुमध्ये ६ जना (२६.१ प्रतिशत) ले वार्षिक रु. १ लाखसम्म, ५ जना (२१.७ प्रतिशत) ले रु. १ लाख भन्दा बढी रु. ३ लाखसम्म, ८ जना (३४.८ प्रतिशत) ले रु. ३ लाख भन्दा बढी रु. ५ लाखसम्म र ४ जना (१७.४ प्रतिशत) ले रु. ५ लाखभन्दा बढी मुनाफा आर्जन गरेको पाइयो । एक उत्तरदाताले सबैभन्दा बढी रु. १० लाख ६८ हजार ८ सय र अर्को उत्तरदाताले सबैभन्दा कम रु. १ हजार २ सय ५० वार्षिक खुद मुनाफा आर्जन गरेको पाइयो ।




४.५.६ **मौरीपालन व्यवसायको सञ्चालन लागत :** मौरीपालन व्यवसाय न्यून सञ्चालन लागतमा गर्न सकिने अध्ययनबाट देखिएको छ । अध्ययनको क्रममा मौरीपालन समूहका उत्तरदाताहरुले आर्थिक वर्ष २०६९/७० मा १ हजार ९ सय ४३ वटा मौरीघारका लागि कुल रु. ४१ लाख ४७ हजार सञ्चालन लागत व्यहोरेका थिए । यस आधारमा वार्षिक औसत सञ्चालन लागत प्रति कृषक रु. १ लाख ६५ हजार ८ सय ८० र प्रति मौरीघार रु. २ हजार १ सय ३४ रहेको पाइयो ।

## ४.६ मौरीपालक उत्तरदाताहरुको व्यवसायको माग तथा आपूर्ति पक्ष :

४.६.१ **मौरीपालन व्यवसायको स्तर :** अध्ययन क्षेत्रका मुख्य तथा अगुवा मौरीपालक कृषकहरुसँग गरिएको विशेष छलफलबाट जिल्लामा ५० घारसम्म, ५१ देखि १ सय घारसम्म तथा १ सय घारभन्दा बढीको मौरीपालन व्यवसायलाई क्रमशः सानो, मध्यम तथा ठूलोस्तरको मौरीपालन व्यवसाय मानिएको पाइयो । सोही बमोजिम उत्तरदाताहरुलाई घार संख्याको आधारमा वर्गीकरण गर्दा सबैभन्दा बढी अर्थात् कुल २५ जनामध्ये ११ जना (४४.० प्रतिशत) सानोस्तर, ८ जना (३२.० प्रतिशत) मध्यमस्तर तथा ६ जना (२४.० प्रतिशत) ठूलोस्तरको मौरीपालन व्यवसायमा संलग्न रहेको पाइयो ।

**मञ्जुषा नं. ४ : प्राणी जगतमा मौरी**

पृथ्वीमा करीब २५ लाख विभिन्न थरीका प्राणीहरु रहेको अनुमान छ जसमध्ये करीब १७ लाख ५० हजार कीरा जातिको रहेको अनुमान छ । यसमध्ये पनि १० लाख किराहरुको पहिचान भइसकेको छ । पहिचान भइसकेको किराहरुमा २ लाख ५० हजार बारुले बान्की हाइमेनोप्टेरा वर्गका झिल्लीदार पखेटावाल कीराहरु छन् । यी अढाई लाख कीराहरुमध्ये २५ हजार कीराहरु मधुरस खाने एक्ले तथा सामाजिक मौरीहरु रहेको मानिन्छ । *(स्रोत : काफ्ले, २०६८)*

४.६.२ **सामाग्रीको आपूर्ति अवस्था :** मौरीपालन व्यवसायका लागि विभिन्न सामाग्रीहरु जस्तै : मौरीघार बाकस, आधार चक्की, ब्रस, महदानी, आदि आवश्यक पर्दछ । कतिपय यस्ता सामाग्रीहरु व्यवसायीले आफैं बनाउने गर्दछन् भने केही यस्ता सामाग्रीहरु बजारबाट समेत खरिद गर्न सकिन्छ । अध्ययनबाट मौरीपालक उत्तरदाताहरुमध्ये २१ जना (८४.० प्रतिशत) ले स्थानीय बजारबाट मौरीपालन व्यवसाय सम्बन्धी सामाग्री खरिद गर्ने गरेको पाइयो । त्यसैगरी, १२ जना (४८.० प्रतिशत) ले केही सामाग्रीहरु काठमाडौं, चितवन लगायत अन्य स्थानमा रहेको स्वदेशी बजारबाट पनि खरिद गर्ने गरेको पाइयो । भारतबाट यस्ता सामाग्री कम मात्रामा आपूर्ति हुने गरेको देखिन्छ । केवल १ जना (४.० प्रतिशत) ले मात्र भारतीय बजारबाट केही

सामाग्रीहरु खरिद गरेको भेटियो । मौरीपालन व्यवसायका लागि आवश्यक सबै किसिमका सामाग्रीहरु बजारमा सधै नपाइने, केही सामाग्री पाइए तापनि महंगो हुने तथा यस्ता सामाग्री सरल तरिकाले पनि बनाउन सकिने हुनाले ११ जना (४४.० प्रतिशत) उत्तरदाताहरुले केही आवश्यक सामाग्रीहरु आफैंले समेत बनाउने गरेको भेटियो ।

४.६.३ **रोजाईमा रहेको मौरीघार :** दाङ्ग जिल्लामा व्यवसायीहरुले मुख्यतयाः सेरेना तथा मेलिफेरा गरी दुई प्रकारको मौरीघार राखी मौरीपालन व्यवसाय गर्दै आएका छन् । हावापानी अनुकूल हुने तथा तुलनात्मकरुपले चाँडै मह संकलन गर्ने भएकोले कृषकहरु सेरेना जातको मौरीको तुलनामा मेलिफेरा जातको मौरीघार तर्फ आकर्षित भएका छन् । अध्ययनको क्रममा उत्तरदाताहरुले पछिल्लो ५ आर्थिक वर्षहरुमा निम्न बमोजिमको मौरीघार सहित मौरीपालन व्यवसाय गर्दै आएको पाइयो ।

**तालिका नं. ८ : मौरीघारको रोजाई स्थिति**

| आर्थिक वर्ष | सेरेना | | | मेलिफेरा | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | कृषक संख्या | घार संख्या | वृद्धि प्रतिशत | कृषक संख्या | घार संख्या | वृद्धि प्रतिशत | घार संख्या | वृद्धि प्रतिशत |
| २०६५/६६ | २ | २५ | – | २५ | ७८२ | – | ८०७ | – |
| २०६६/६७ | २ | २४ | –४.० | २५ | ९१८ | १७.४ | ९४२ | १६.७ |
| २०६७/६८ | ३ | ३१ | २९.२ | २५ | ११३३ | २३.४ | ११६४ | २३.६ |
| २०६८/६९ | ४ | ३२ | ३.२ | २५ | १४२८ | २६.० | १४६० | २५.४ |
| २०६९/७० | ३ | ३० | –६.३ | २५ | १९१३ | ३४.० | १९४३ | ३३.१ |

उत्तरदाताहरुमध्ये २ जना (८.० प्रतिशत) ले मात्र पछिल्लो ५ वर्षयता निरन्तर रुपमा सेरेना जातको मौरीघार राखेको पाइयो भने १ जना (४.० प्रतिशत) ले दुई वर्ष सेरेना जातको केही घार मौरी पालेको भए पनि सन्तुष्ट नभई पछिल्लो वर्ष पूर्ण रुपले मेलिफेरा तर्फ केन्द्रीत भएको पाइयो । आर्थिक वर्ष २०६५/६६ मा २ जना (८.० प्रतिशत) उत्तरदाताहरुसंग कुल २५ वटा मात्र सेरेना जातको मौरीघार रहेकोमा आर्थिक वर्ष २०६९/७० सम्म आइपुग्दा घार संख्या ३० मात्र पुगेको देखियो । यसको विपरीत मेलिफेरा तर्फ कृषकहरु केन्द्रीत मात्र नभएर बर्षेनी घार संख्या समेत थप्दै गएको पनि देखियो । आर्थिक वर्ष २०६५/६६ मा उत्तरदाताहरुसँग मेलिफेरा जातको मौरीघार ७ सय ८२ वटा रहेकोमा आर्थिक वर्ष २०६६/६७ मा १७.४ प्रतिशतले वृद्धि भई ९ सय १८ वटा, आर्थिक वर्ष २०६७/६८ मा २३.४ प्रतिशतले वृद्धि भई १ हजार १ सय ३३ वटा, आर्थिक वर्ष २०६८/६९ मा २६.० प्रतिशतले वृद्धि भई १ हजार ४ सय २८ वटा तथा आर्थिक वर्ष २०६९/७० मा ३४.० प्रतिशतले वृद्धि भई १ हजार ९ सय १३ वटा पुगेको देखिन्छ । आर्थिक वर्ष २०६९/७० सम्ममा तिनीहरुसँग रहेको १ हजार ९ सय ४३ मौरीघारमध्ये सबैभन्दा बढी मेलिफेरा ९८.५ प्रतिशत तथा सबैभन्दा कम सेरेना केवल १.५ प्रतिशत मात्र रहेको पाइयो ।

४.६.४ **महको उत्पादन तथा उत्पादकत्व :** दाङ्ग जिल्लाका मौरीपालक व्यवसायीहरु सेरेना जातको मौरीघार भन्दा मेलिफेरा जातको मौरीघार तर्फ बिशेष आकर्षित हुँदै गएको माथि उल्लेख भईसकेको छ । यसको एक प्रमुख कारण अघिल्लो जातको मौरीको घार भन्दा पछिल्लो जातको मौरीको घारको उत्पादकत्व बढी हुनु हो । अध्ययनबाट सेरेना जातको एक घारबाट वार्षिक ३ देखि ९ के.जी. सम्म मात्र मह उत्पादन हुने तर मेलिफेरा जातको मौरीको एक घारबाट भने वार्षिक ४० देखि ६० के.जी. सम्म मह उत्पादन हुने गरेको देखिएको छ ।

**तालिका नं. ९ : मौरीघार तथा उत्पादकत्व**

| आर्थिक वर्ष | सेरेना | | | मेलिफेरा | | |
|---|---|---|---|---|---|---|
| | घार संख्या | उत्पादन (के.जी.मा) | उत्पादकत्व (के.जी. प्रति घारमा) | घार संख्या | उत्पादन (के.जी.मा) | उत्पादकत्व (के.जी. प्रति घारमा) |
| २०६५/६६ | २५ | २०७ | ८.३ | ७८२ | ३६,३७५ | ४६.५ |
| २०६६/६७ | २४ | १०५ | ४.४ | ९१८ | ३९,२९० | ४२.८ |
| २०६७/६८ | ३१ | १६८ | ५.४ | १,१३३ | ५०,५५५ | ४४.६ |
| २०६८/६९ | ३२ | १०८ | ३.४ | १,४२८ | ६२,४८१ | ४३.८ |
| २०६९/७० | ३० | १६२ | ५.४ | १,९१३ | ८०,६८३ | ४२.२ |


मौरीपालन समूहका उत्तरदाताहरुले आर्थिक वर्ष २०६५/६६ मा सेरेना जातको मौरीघारबाट प्रति घार ८.३ के.जी. मह उत्पादन गरेकोमा आर्थिक वर्ष २०६६/६७ मा सो उत्पादन घटेर ४.४ के.जी., आर्थिक वर्ष २०६७/६८ मा थोरै बढेर ५.४ के.जी., आर्थिक वर्ष २०६८/६९ मा फेरी घटेर ३.४ के.जी. तथा आर्थिक वर्ष २०६९/७० मा थोरै बढेर ५.४ के.जी. पुगेको देखिन्छ । यस आधारमा पछिल्लो ५ वर्षमा सेरेना जातको मौरीको प्रति घार औसत वार्षिक उत्पादकत्व ५.४ के.जी. मह मात्र रहेको देखिन्छ । यसको विपरीत यिनीहरुले आर्थिक वर्ष २०६५/६६ मा मेलिफेरा जातको मौरीको प्रति घारबाट ४६.५ के.जी. मह उत्पादन गरेकोमा आर्थिक वर्ष २०६६/६७ मा सो उत्पादन घटेर ४२.८ के.जी., आर्थिक वर्ष २०६७/६८ मा थोरै बढेर ४४.६ के.जी., आर्थिक वर्ष २०६८/६९ मा फेरी थोरै घटेर ४३.८ के.जी. तथा आर्थिक वर्ष २०६९/७० मा थोरै घटेर ४२.२ के.जी. पुगेको देखिन्छ । यस आधारमा पछिल्लो ५ वर्षमा मेलिफेरा जातको मौरीको प्रति घार औसत वार्षिक उत्पादकत्व ४४.० के.जी. मह रहेको देखिन्छ । यसरी तुलनात्मक रुपले उत्पादकत्व अधिक भएकै कारण सेरेना जातको तुलनामा मेलिफेरा जातको मौरीघार तर्फ दाङ्ग जिल्लाका कृषकहरुको आकर्षण बढ्दै गएको देखिन्छ ।

४.६.५ **मह बिक्री वितरणको स्थिति :** दाङ्ग जिल्लामा बर्षेनी महको उत्पादनसँगै सो को बिक्री पनि बढ्दै गएको छ । जिल्लाका मौरीपालक कृषकहरुले आफ्नो उत्पादनको केही अंश घरेलु उपभोगमा खर्च गरे पनि अधिकांश मह बिक्री वितरण गर्दै आएका छन् । उत्पादन बढेको अनुपातमा कृषकहरुको नीजि खपत बढ्न नसक्ने हुनाले प्रत्येक वर्ष यिनीहरुको बिक्री/उत्पादन अनुपात बढ्दै गएको देखिन्छ । अध्ययनको क्रममा उत्तरदाताहरुले पछिल्लो ५ वर्षमा निम्न बमोजिम मह उत्पादन तथा बिक्री गरेको पाइयो ।

**तालिका नं. १० : मह बिक्री हुने बजार**

| आर्थिक वर्ष | सेरेना | | | मेलिफेरा | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (के.जी) | बिक्री (के.जी) | बिक्री प्रतिशत | उत्पादन (के.जी) | बिक्री (के.जी) | बिक्री प्रतिशत | उत्पादन (के.जी) | बिक्री (के.जी) | बिक्री प्रतिशत |
| २०६५/६६ | २०७ | २०७ | १००.० | ३६३७५ | ३३७१५ | ९२.७ | ३६५८२ | ३३९२२ | ९२.७ |
| २०६६/६७ | १०५ | १०५ | १००.० | ३९२९० | ३६१७५ | ९२.१ | ३९३९५ | ३६२८० | ९२.१ |
| २०६७/६८ | १६८ | १६५ | ९८.२ | ५०५५५ | ४७१५२ | ९३.३ | ५०७२३ | ४७३१७ | ९३.३ |
| २०६८/६९ | १०८ | १०० | ९२.६ | ६२४८१ | ५८९१४ | ९४.३ | ६२५८९ | ५९०१४ | ९४.३ |
| २०६९/७० | १६२ | १५५ | ९५.७ | ८०६८३ | ७६४५८ | ९४.८ | ८०८४५ | ७६६१३ | ९४.८ |


उत्तरदाताहरुको समग्र मह बिक्री/उत्पादन अनुपात आर्थिक वर्ष २०६६/६७ देखि २०६९/७० बीचको प्रत्येक वर्ष बढ्दै गएको देखिन्छ । आर्थिक वर्ष २०६५/६६ देखि २०६९/७० बीच सेरेना जातको मौरीको मह बिक्री/उत्पादन अनुपात घटे तापनि जिल्लामा प्रमुखरुपले खेती गरिने मेलिफेरा जातको मौरीको मह बिक्री/उत्पादन अनुपात बढ्न गएकाले यिनीहरुको समग्र मह बिक्री/उत्पादन अनुपात लगातार बढ्दै गएको छ ।




४.६.६ **महको बजार मूल्य :** दाङ्ग जिल्लाका कृषकहरुले बजारमा मह बिक्री वितरण गर्दा व्यापारी तथा सर्वसाधारणलाई अलग अलग मूल्य तोक्ने गरेका छन् । विशेषगरी ठूलोस्तरमा माग गर्ने उद्योग तथा व्यापारीहरुलाई कम मूल्य तोकी बिक्री गर्ने गरेको देखिन्छ । उत्तरदाताहरुमध्ये २२ जना (८८.० प्रतिशत) ले मात्र व्यापारीलाई मह बिक्री गर्ने गरेको पाइयो भने सर्वसाधारणलाई बिक्री गर्ने सबैजना (शत् प्रतिशत) रहेको पाइए । सेरेना मौरीको मह व्यापारीलाई प्रति के.जी. न्यूनतम रु. ३ सयदेखि अधिकतम रु. ४ सयसम्म र सर्वसाधारण वर्गलाई प्रति के.जी. न्यूनतम रु. ३ सय ५० देखि अधिकतम रु. ५ सयसम्म मूल्य तोकी बिक्री हुने गरेको पाइयो । मेलिफेरा मौरीको मह भने व्यापारीलाई प्रति के.जी. न्यूनतम रु. १ सय २० देखि अधिकतम रु. २ सय १० सम्म र सर्वसाधारण वर्गलाई प्रति के.जी. न्यूनतम रु. १ सय ५० देखि अधिकतम रु. २ सय ५० सम्मको मूल्यमा बिक्री हुने गरेको पाइयो । यसरी सेरेना मौरीको महको औसत बिक्री मूल्य व्यापारीलाई प्रति के.जी. रु. ३ सय ५० तथा सर्वसाधारणलाई रु. ४ सय १७ र मेलिफेरा मौरीको महको औसत बिक्री मूल्य व्यापारीलाई प्रति के.जी. रु. १ सय ४२ तथा सर्वसाधारणलाई रु. २ सय १० रहेको पाइयो ।

४.६.७ **महको मुख्य बजार :** अध्ययनबाट दाङ्ग जिल्लामा मौरीपालक कृषकहरुले उत्पादन गरेको महको ठूलो परिमाण उद्योगी, मध्यस्थकर्ता तथा व्यापारीलाई सोझै बिक्री हुँदै आएको देखिएको छ । साथै, व्यवसायीहरुले उत्पादन केन्द्रबाटै छरछिमेकका स्थानीय बासिन्दा, बटुवा तथा पर्यटकहरुलाई समेत ठूलो परिमाणमा बिक्री गर्ने गरेको पाइयो । उत्तरदाताहरुको कुल मह बिक्रीको ४८.६ प्रतिशत उद्योगी, मध्यस्थकर्ता तथा व्यापारीहरुलाई, २६.७ प्रतिशत छरछिमेकका स्थानीय बासिन्दा, बटुवा तथा पर्यटकहरुलाई, २४.० प्रतिशत स्थानीय बजारमा सञ्चालित पसलबाट खुद्रा खरिदकर्तालाई तथा बाँकी ०.७ प्रतिशत अन्यलाई बिक्री गर्दै आएको पाइयो । बिक्रीको ठूलो परिमाण उद्योग तथा व्यापारीलाई बिक्री हुनु राम्रो मानिन्छ किनकी यसबाट व्यापारीको उत्पादनको माग उच्च रहन जानुका साथै बजार समेत विस्तार हुन जान्छ ।

**चार्ट नं. ६ : मौरीपालक कृषकहरुले उत्पादन गरेको महको बजार**





४.६.८ **मह बाहेक अन्य उत्पादनको बिक्री बितरणको अवस्था :** व्यवसायिक मौरीपालनबाट महका साथै अन्य सह-उत्पादनहरु पनि प्राप्त हुन्छ । बिशेषगरी ठूलोस्तरमा मौरीपालन व्यवसाय गर्ने कृषकहरुले मह बाहेक मौरी सहितको घार, रानी मौरी तथा आधार चाका विकास गरी र मैन तथा प्रोपोलिस संकलन गरी बिक्री गर्न सक्छन् भने सानोस्तरको मौरीपालन व्यवसायमा अन्य उत्पादनको मात्रा कम हुनाले कृषकहरु महमा मात्र केन्द्रीत हुने गरेको पाइन्छ । अध्ययनको क्रममा उत्तरदाताहरुले आर्थिक वर्ष २०६९/७० मा देहाय बमोजिमको विभिन्न मौरीजन्य उत्पादनहरुबाट आय आर्जन गरेको पाइयो ।

**तालिका नं. ११ : मौरीजन्य उत्पादनको बिक्रीबाट प्राप्त आम्दानी**

| क्र.सं. | बिक्री गरिएको उत्पादन | बिक्रीबाट आम्दानी (रु. ) | अंश (प्रतिशत) |
|---|---|---|---|
| १ | घार सहितको मौरी | १४,५५,५०० | १०.३ |
| २ | रानी मौरी | ३०,००० | ०.२ |
| ३ | मैन | ६६,५५० | ०.५ |
| ४ | प्रोपोलिस | ० | ०.० |
| ५ | पोलेन | ० | ०.० |
| ६ | आधार चाका | १,२१,००० | ०.८ |
| ७ | मह | १,२५,०२,२२८ | ८८.२ |
| **जम्मा** | | १,४१,७५,२७८ | १००.० |

उत्तरदाताहरुको आम्दानीको प्रमुख स्रोत मह नै रहेको देखिन्छ भने दोस्रो स्रोत घार सहितको मौरी रहेको छ । ती बाहेक रानी मौरी, मैन, आधार चाका जस्ता उत्पादनबाट हुने आम्दानी एकदम नगण्य मात्रामा रहेको छ । आर्थिक वर्ष २०६९/७० मा सबै उत्तरदाताहरुले जम्मा रु. १ करोड ४१ लाख ७५ हजार २ सय ७८ आम्दानी गरेकोमा महको बिक्रीबाट मात्रै रु. १ करोड २५ लाख २ हजार २ सय २८ (कुल आम्दानीको ८८.२ प्रतिशत) र घार सहितको मौरीको बिक्रीबाट रु. १४ लाख ५५ हजार ५ सय (कुल आम्दानीको १०.३ प्रतिशत) आय आर्जन गरेको पाइयो । आम्दानीका अन्य स्रोतहरु जस्तै: रानी मौरी, मैन तथा आधार चाकाको बिक्रीबाट रु. २ लाख १७ हजार ५ सय ५० (कुल आम्दानीको १.५ प्रतिशत) मात्र आम्दानी भएको देखिन्छ ।




## ४.७ अन्य पक्ष :

**४.७.१ रोजगारीको सृजना :** जिल्लाका मौरीपालन व्यवसायीले आफ्नो व्यवसायमा अन्य व्यक्तिलाई समेत रोजगारी दिने गरेको पाइएको छ । खासगरी सानोस्तरको मौरीपालन व्यवसायमा पारिवारिक सदस्यहरु नै संलग्न भएको पाइएको छ भने व्यवसायिकरुपले गरिएको ठूलोस्तरको मौरीपालन व्यवसायमा अन्य बाह्य व्यक्तिहरुलाई समेत संलग्न गराएको देखिन्छ । उत्तरदाताहरुमध्ये २४ जना (९६.० प्रतिशत) ले ३७ जना पारिवारिक सदस्यलाई आफ्नो व्यवसायमा संलग्न गराएको पाइयो । सोमध्ये १८ जना (७५.० प्रतिशत) ले पारिवारिक सदस्यलाई मात्र र ६ जना (२५.० प्रतिशत) ले अन्य बाह्य व्यक्तिहरुलाई समेत रोजगारी दिएको पाइयो । १ जना (४.० प्रतिशत) उत्तरदाताले पारिवारिक सदस्यलाई संलग्न नगराई बाह्य व्यक्तिलाई मात्र रोजगारी दिएको पाइयो । समग्रमा ७ जना (२८.० प्रतिशत) उत्तरदाताहरुले आफ्नो व्यवसायमा १६ जना बाह्य व्यक्तिहरुलाई रोजगारी दिएको पाइयो । यसरी २५ वटा मौरीपालन व्यवसायमा कुल ७८ जनाले रोजगारी पाएको देखिन्छ ।

**४.७.२ तालीमको अवसर :** मौरीपालन व्यवसायीहरुलाई विभिन्न संघ संस्थाहरुले विभिन्न समयमा आधारभूतदेखि शीप विकास तहसम्मको विभिन्न तालिमहरु दिंदै आएका छन् । अध्ययनबाट २४ जना (९६.० प्रतिशत) मौरीपालक उत्तरदाताहरुले विभिन्न समयमा १५ वटा संघसंस्थाहरुबाट १३ वटा विविध बिषयहरुमा तालिम प्राप्त गरेको पाइयो । उनीहरुले प्राप्त गरेको तालिम सम्बन्धी विस्तृत विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।

## ४.८ अग्रसम्बन्ध तथा पृष्ठसम्बन्ध भएका व्यवसायहरुको स्थिति :

मौरीपालन व्यवसायसँग रहेको अग्रसम्बन्ध तर्फ मह, मैन आदि बिक्री वितरण गर्ने सानो पसलहरुदेखि लिएर मह तथा मैनको प्रयोग गरी विभिन्न खाद्यवस्तु, औषधि, कस्मेटिक्स आदि सरसामान उत्पादन गर्ने सानाठूला सबै खालका उद्योगहरु पर्दछन् भने पृष्ठसम्बन्ध तर्फ मौरीपालन व्यवसायमा प्रयोग हुने उपकरणहरु बिक्री वितरण गर्ने पसलहरु पर्दछन् । मौरीघार बिक्री वितरणलाई अग्रसम्बन्ध या पृष्ठसम्बन्ध दुवै तर्फ राख्न सकिन्छ । जिल्लामा मौरीपालन व्यवसायसँग अग्रसम्बन्ध तथा पृष्ठसम्बन्ध भएका सबै वस्तुहरु एउटै स्थानबाट बिक्री हुने गरेको पाइयो । मह बिक्री गर्ने पसलहरुले नै मौरीपालन व्यवसायका लागि

**मञ्जुषा नं. ५ : महमा हुने पौष्टिक शक्ति**

महको पौष्टिक शक्ति अरु खाद्यवस्तुमा भन्दा अधिक हुन्छ । ७ औंस महको पौष्टिक क्षमता २.५ पौन्ड दुध, ५६ औंस क्रिम, १२ औंस मासु, १५ औंस माछा, ८ वटा सुन्तला, १० वटा कुखुराको अण्डाहरुले दिने पौष्टिक शक्ति बराबर हुन्छ । *(स्रोत : काफ्ले, २०६८)*

आवश्यक अन्य उपकरणहरु पनि बिक्री गर्दै आएका छन् । अध्ययनको क्रममा मौरीपालन व्यवसायका लागि आवश्यक पर्ने सामाग्री, उपकरण तथा मौरीजन्य उत्पादनहरु बिक्री वितरण गर्ने उद्देश्यले घोराही नगरपालिकामा २ वटा तथा तुल्सीपुर नगरपालिका ३ वटा पसलहरु मात्र सञ्चालनमा रहेको पाइयो । त्यसैगरी, आधार चाका बनाउने उद्देश्यले १ वटा तथा मौरीजन्य वस्तु बिक्री वितरण गर्ने उद्देश्यले १५ वटा थप पसलहरु घरेलुमा दर्ता भएका छन् । यी सञ्चालनमा रहेका अधिकांश पसलहरु मुनाफामा रहेको भएतापनि यिनीहरुको खातापाता भने व्यवस्थित देखिएन ।

## ४.९ मौरीपालनले वरपरको वातावरणमा पारेको सकारात्मक तथा नकारात्मक प्रभाव :

मौरीले चरनको बखत विभिन्न बोटबिरुवामा फुल्ने फुलको रस चुस्ने क्रममा पराग सेचन प्रक्रियामा अत्यन्त महत्वपूर्ण सहयोग पुऱ्याउने गर्दछ । फूलमा रहने भाले अंगमा पाइने परागलाई फुलको रस चुस्ने क्रममा पोथी अंगसम्म पुऱ्याई सेचनमा सहयोग पुऱ्याउँछ । यसले फूलहरु राम्ररी फुल्नुको साथै फलहरु पनि लाग्ने गर्छ । मौरीले परागसेचनको माध्यमबाट वरपरको अन्नबाली तथा वातावरणमा सकारात्मक असर पुऱ्याउने भएकोले नै कतिपय मुलुकहरुमा परागसेचनको व्यवसाय समेत हुने गरेको पाइन्छ । अध्ययनको क्रममा अगुवा कृषकहरुसँग गरिएको अन्तर्क्रियाबाट मौरी विकास शाखा, गोदावरीमा मौरीपालक कृषकहरुले परागसेचनको शुल्क लिने गरेको जानकारीमा आयो ।

वि.सं. २०६५ सालमा जिल्लाको लक्ष्मीपुर क्षेत्रका केही कृषकहरुले मौरीले तोरी फुलेको बेलामा रस खाएर सखाप पार्यो भनी जिल्ला कृषि विकास कार्यालयमा उजुरी गरेको र पछि परिक्षण गर्दा सकारात्मक असर परेको देखिए पश्चात् स्थिति शान्त भएको जानकारीमा आयो । यद्यपि वरपर मौरीपालन व्यवसाय फस्टाउँदा घोराही, तुल्सीपुर लगायत क्षेत्रका केही बासिन्दाहरुलाई मौरीले चिल्ने गरेको तथा मिठाई पसलहरुमा मिठाईमा बसेर हैरान गरेको अध्ययनको क्रममा जानकारीमा आएको छ ।

## ४.१० मौरीपालन तथा गैर-मौरीपालन समूहका सदस्यहरुको जिवनशैली/जिवनस्तरको तुलनात्मक अध्ययन :

कुनै पनि व्यक्तिको जिवनशैलीलाई उसले अपनाएको पेशामा प्राप्त सफलता वा संतुष्टिको स्तरले असर गर्छ । पेशागत सफलताले आयको स्तरमा समेत सकारात्मक प्रभाव पार्ने भएकोले आयमा आउने बढोत्तरी सँगसँगै जिवनशैली पनि सुध्रिदै जाने अर्थात् जिवनस्तर बढ्दै जाने हुन्छ । समाजमा कुनै पेशाप्रति आकर्षण तब बढ्छ जब उक्त पेशा अपनाउने व्यक्तिहरुको जिवनशैली अन्य पेशामा रहेकाहरुको भन्दा भिन्न तथा तुलनात्मक रुपले राम्रो देखिन्छ । पेशागत सफलताले जिवनस्तरमा पारेको प्रभाव अध्ययनका लागि उक्त पेशा अपनाउनु भन्दा अगाडि तथा पेशा अपनाए पश्चात्को जिवनस्तरबीचको सुधारात्मक भिन्नता देखिनुपर्ने हुन्छ, जसका लागि उक्त दुई समयकालका विभिन्न वर्षहरुको तथ्याङ्क प्राप्त हुनु जरुरी हुन्छ । यस्तो तथ्याङ्क प्राप्त गर्न गाह्रो हुने देखिन्छ । अघिल्लो समयकालको तथ्याङ्क अनुमानको भरमा लिनुपर्ने हुँदा यथार्थपरक नहुने, वास्तविक तथ्याङ्क लिन लामो समयदेखि योजना बनाउनुपर्ने तथा एकदम खर्चिलो हुने देखिन्छ । अतः सीमित अवधि तथा खर्चमा गरिने अध्ययनमा कुनै विशिष्ट पेशा अपनाउने तथा नअपनाउनेबीचको जिवनशैली/जिवनस्तरमा रहेको भिन्नता सम्बन्धमा मात्र अध्ययन गर्न सकिने भएकोले यस अध्ययनमा मौरीपालक तथा गैर-मौरीपालक कृषकहरुले अपनाएको जिवनशैली/जिवनस्तरको तुलनात्मक अध्ययन गरिएको छ ।


४.१०.१ **आवासको अवस्था :** अध्ययनको क्रममा मौरीपालन समूहका २५ जना उत्तरदाताहरुमध्ये १२ जना (४८.० प्रतिशत) को पक्की तथा १३ जना (५२.० प्रतिशत) को कच्ची आवास रहेको र गैर-मौरीपालन समूहका २५ जना उत्तरदाताहरुमध्ये ५ जना (२०.० प्रतिशत) को मात्र पक्की तथा बाँकी २० जना (८०.० प्रतिशत) को कच्ची आवास रहेको पाइयो ।

४.१०.२ **पिउने पानीको प्रबन्ध :** मौरीपालन समूहका ७ जना (२८.० प्रतिशत) र गैर-मौरीपालन समूहका ९ जना (३६.० प्रतिशत) उत्तरदाताहरुले कल वा धारा वा कुवाको पानी सिधै पिउने गरेको देखियो । यसैगरी पहिलो समूहका ६ जना (२४.० प्रतिशत) उत्तरदाताहरुले पानी उमालेर तथा १२ जना (४८.० प्रतिशत) ले फिल्टर गरेर पिउने गरेको देखिन्छ भने दोस्रो समूहका २ जना (८.० प्रतिशत) ले पानी उमालेर तथा १४ जना (५६.० प्रतिशत) ले फिल्टर गरेर पिउने गरेको पाइयो ।

४.१०.३ **खाना बनाउने इन्धन/प्रविधि :** मौरीपालन समूहका २० जना (८०.० प्रतिशत) उत्तरदाताहरुले एल.पि.जि. ग्यास सिलिण्डरको प्रयोग गरी र बाँकी ५ जना (२०.० प्रतिशत) ले दाउरा, गुईंठा या बायोग्यास प्रविधिको प्रयोग गरी खाना बनाउने गरेको पाइएको छ । त्यसैगरी, गैर-मौरीपालन समूहका १२ जना (४८.० प्रतिशत) उत्तरदाताहरुले एल.पि.जि. ग्यास सिलिण्डरको प्रयोग गरेर र बाँकी १३ जना (५२.० प्रतिशत) ले दाउरा या गुईंठा या बायोग्यास प्रविधिको प्रयोग गरेर खाना पकाउने गरेको पाइयो ।

४.१०.४ **आवासमा उपभोग्य सरसामानको उपलब्धता :** मौरीपालन समूहका उत्तरदाताहरुमध्ये २३ जना (९२.० प्रतिशत) को आवासमा टेलिभिजन सुविधा रहेको पाइयो भने गैर-मौरीपालन समूहका उत्तरदाताहरुमध्ये २१ जना (८४.० प्रतिशत) को आवासमा मात्र सो सुविधा रहेको देखिन्छ । त्यसैगरी, पहिलो समूहका १६ जना (६४.० प्रतिशत) को आवासमा केवल सुविधा रहेको, ४ जना (१६.० प्रतिशत) को आवासमा हिटर रहेको, ८ जना (३२.० प्रतिशत) को आवासमा रेफ्रिजरेटर रहेको, १३ जना (५२.० प्रतिशत) सँग कम्प्यूटरका साथै भि.सि.डि. वा सि.डि. प्लेयर रहेको, ५ जना (२०.० प्रतिशत) को आवासमा इन्टरनेट सेवा जडान भएको, ८ जना (३२.० प्रतिशत) को आवासमा ल्याण्डलाईन टेलिफोन जडान भएको र १७ जना (६८.० प्रतिशत) सँग मोटरसाईकल रहेको पाइयो भने दोस्रो समूहका १५ जना (६०.० प्रतिशत) को आवासमा केवल सुविधा रहेको, ७ जना (२८.० प्रतिशत) को आवासमा रेफ्रिजरेटर रहेको, ८ जना (३२.० प्रतिशत) सँग कम्प्यूटर रहेको, ७ जना (२८.० प्रतिशत) को आवासमा भि.सि.डि. वा सि.डि. प्लेयर रहेको, १ जना (४.० प्रतिशत) को मात्र आवासमा इन्टरनेट सेवा जडान भएको, ५ जना (२०.० प्रतिशत) को आवासमा ल्याण्डलाईन टेलिफोन जडान भएको र ११ जना (४४.० प्रतिशत) सँग मोटरसाइकल रहेको पाइयो । पहिलो समूहका १ जना (४.० प्रतिशत) र दोस्रो समूहका ४ जना (१६.० प्रतिशत) उत्तरदाताहरुको आवासमा माथिका कुनै पनि सरसामान उपलब्ध रहेको पाइएन ।

**चार्ट नं. ८: मौरीपालक तथा गैर-मौरीपालक समूहको आवासमा विभिन्न घरेलु सरसामानको उपलब्धता**




४.१०.५ **शौचालयको प्रबन्ध :** मौरीपालन समूहका ३ जना (१२.० प्रतिशत) उत्तरदाताहरुको आवास बाहिर कच्ची शौचालय तथा ७ जना (२८.० प्रतिशत) को आवास बाहिर प्यान सहितको पक्की शौचालय रहेको पाइयो । त्यसैगरी, १४ जना (५६.० प्रतिशत) को आवासभित्र प्यान सहितको तथा १ जना (४.० प्रतिशत) को घरभित्र कमोड सहितको शौचालयको प्रबन्ध रहेको देखियो । गैर-मौरीपालन समूहका ४ जना (१६.० प्रतिशत) उत्तरदाताहरुको आवास बाहिर कच्ची तथा १७ जना (६८.० प्रतिशत) को आवास बाहिर प्यान सहितको पक्की शौचालय रहेको पाइयो भने ३ जना (१२.० प्रतिशत) को आवास भित्र प्यान सहितको र १ जना (४.० प्रतिशत) को मात्र आवास भित्र कमोड सहितको शौचालय रहेको देखियो । यसरी आवास बाहिर शौचालय हुनेमा मौरीपालन समूहतर्फ १० जना (४०.० प्रतिशत) तथा गैर-मौरीपालन समूहतर्फ २१ जना (८४.०

प्रतिशत) रहेको पाइयो भने घरभित्र शौचालय हुनेमा पहिलो समूह तर्फ १५ जना (६०.० प्रतिशत) र दोस्रो समूह तर्फ ४ जना (१६.० प्रतिशत) रहेको देखिन्छ ।

४.१०.६ **कम्प्यूटरको किसिम :** मौरीपालन समूह तर्फका ८ जना (३२.० प्रतिशत) उत्तरदाताहरुसँग डेस्कटप कम्प्यूटर मात्र, ४ जना (१६.० प्रतिशत) सँग ल्यापटप कम्प्यूटर मात्र तथा १ जना (४.० प्रतिशत) सँग दुवै गरी कुल १३ जना (४२.० प्रतिशत) सँग कम्प्यूटर उपलब्ध रहेकोमा गैर-मौरीपालन समूह तर्फका ६ जना (२४.० प्रतिशत) उत्तरदाताहरुसँग डेस्कटप कम्प्यूटर मात्र, १ जना (४.० प्रतिशत) सँग ल्यापटप कम्प्यूटर मात्र तथा १ जना (४.० प्रतिशत) सँग दुवै गरी कुल ८ जना (३२.० प्रतिशत) सँग कम्प्यूटर उपलब्ध रहेको पाइयो ।

४.१०.७ **छोराछोरीलाई अध्ययन गराएको विद्यालय तथा क्याम्पस :** मौरीपालन समूह तर्फ ३ जना (१२.० प्रतिशत) उत्तरदाताहरुले सामुदायिक, १५ जना (६०.० प्रतिशत) ले निजी तथा ३ जना (१२.० प्रतिशत) ले दुवै किसिमको विद्यालय वा क्याम्पसमा आफ्ना छोराछोरीलाई अध्ययन गराउँदै गरेको पाइयो भने गैर-मौरीपालन समूह तर्फ ७ जना (२८.० प्रतिशत) उत्तरदाताहरुले सामुदायिक, १३ जना (५२.० प्रतिशत) ले निजी तथा ४ जना (१६.० प्रतिशत) ले दुवै किसिमको विद्यालय वा क्याम्पसमा आफ्ना छोराछोरीलाई अध्ययन गराउँदै गरेको पाइयो ।


४.१०.८ **१५ वर्ष भन्दा बढी उमेर भई मोबाईलको प्रयोग गर्ने पारिवारिक सदस्य संख्या :** मौरीपालन समूहका उत्तरदाताहरुको घरपरिवारमा रहेका १५ वर्ष भन्दा बढी उमेरका १ सय ८ जना सदस्यहरुमध्ये ७९ जनाले तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुको घरपरिवार रहेका सो उमेर समूहका ९६ जनामध्ये ६९ जनाले मोबाईल बोक्ने गरेको पाइयो ।

४.१०.९ **बैकिंग सेवामा पहुँच :** मौरीपालन समूहका उत्तरदाताहरुमध्ये २२ जना (८८.० प्रतिशत) को तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुमध्ये २० जना (८०.० प्रतिशत) को मात्र बैंक खाता रहेको पाइयो । पहिलो समूहका उत्तरदाताहरुको कुल बैंक खाता संख्या ५२ रहेकोमा दोस्रो समूहका उत्तरदाताहरुको बैंक खाता ३४ वटा मात्र रहेको पाइयो । यसरी बैंक खाता हुने पहिलो समूहका २२ जनामध्ये १४ जना (६३.६ प्रतिशत) ले तथा गैर-मौरीपालन समूहका २० जनामध्ये १२ जना (६०.० प्रतिशत) ले ए.टि.एम. सेवाको प्रयोग गरेको पाइयो । त्यसैगरी, पहिलो समूहका ११ जना (४४.० प्रतिशत) तथा दोस्रो समूहका १४ जना (५६.० प्रतिशत) ले बैंकिंग कर्जा उपभोग गरेको पाइयो ।

४.१०.१० **सञ्चारमा पहुँच :** मौरीपालन समूहका ८ जना (३२.० प्रतिशत) तथा गैर-मौरीपालन समूहका ९ जना (३६.० प्रतिशत) उत्तरदाताहरु पत्रपत्रिकाको नियमित ग्राहक रहेको पाइयो ।


४.१०.११ **निजी सवारीको माध्यम :** मौरीपालन समूहका ३ जना (१२.० प्रतिशत) तथा गैर-मौरीपालन समूहका ४ जना (१६.० प्रतिशत) उत्तरदाताहरुसँग कुनै पनि निजी सवारी साधन उपलब्ध नभएकोले नीजि भ्रमणमा जाँदा पैदल या सार्वजनिक सवारी साधनको प्रयोग गर्ने गरेको देखियो । त्यसैगरी, मौरीपालन समूह तर्फ ६ जना (२४.० प्रतिशत) उत्तरदाताहरुसँग साइकलसम्म तथा १६ जना (६४.० प्रतिशत) सँग मोटरसाइकलसम्म रहेकोमा गैर-मौरीपालन समूहका ९ जना (३६.० प्रतिशत) सँग साइकलसम्म, ११ जना (४४.० प्रतिशत) सँग स्कूटर या मोटरसाइकलसम्म तथा १ जना (४.० प्रतिशत) सँग कार/जिपसम्मको निजी सवारी साधन उपलब्ध रहेको पाइयो ।

४.१०.१२ **ऋण तथा सापटका स्रोत तथा रकम :** मौरीपालन समूह तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुले विभिन्न स्रोतहरुबाट कर्जा उपभोग गरेको पाइयो । मौरीपालन समूहका उत्तरदाताहरुले मौरीपालन व्यवसाय लगायत अन्य व्यक्तिगत प्रयोजन समेतका लागि बैंक तथा वित्तीय संस्थाहरुबाट कुल रु. २३ लाख ४५ हजार, सहकारी संस्थाबाट रु. २ लाख ५० हजार, साहु महाजनबाट रु. २ लाख र साथीभाई तथा इष्टमित्रबाट रु. ११ लाख ५० हजार कर्जा उपभोग गरेको पाइयो भने गैर-मौरीपालन समूहका उत्तरदाताहरुले बैंक तथा वित्तीय संस्थाहरुबाट रु. ४२ लाख, सहकारी संस्थाहरुबाट रु. ७ लाख ८१ हजार र साथीभाई तथा इष्टमित्रबाट रु. २ लाख ४५ हजार कर्जा उपभोग गरेको पाइयो ।




**४.१०.१३ ऋण तथा सापटको ब्याजदर :**

बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जामा मौरीपालन समूह तथा गैर-मौरीपालन समूहले भुक्तानी गर्दै आएको ब्याजदरमा सामान्य मात्र फरक रहेको पाइयो । पहिलो समूहका उत्तरदाताहरुले औसतमा १३.८ प्रतिशत र दोस्रो समूहका उत्तरदाताहरुले औसतमा १३.७ प्रतिशतका दरले ब्याज भुक्तानी गरेको देखियो । त्यसैगरी, मौरीपालन समूहका उत्तरदाताहरुले सहकारी संस्थाहरुबाट लिएको ऋणमा औसत १५.० प्रतिशतले, साहु महाजनबाट लिएको ऋणमा औसत २४.० प्रतिशतले र साथीभाई ईष्टमित्रबाट लिएको सापटमा औसत २४.० प्रतिशतले ब्याज भुक्तानी गरेको पाइयो । अर्को तर्फ गैर-मौरीपालन समूहका उत्तरदाताहरुले सहकारी संस्थाहरुबाट लिएको कर्जामा १६.३ प्रतिशतले र साथीभाई तथा ईष्टमित्रबाट लिएको सापटमा १२.० प्रतिशतले ब्याज बुझाउने गरेको पाइयो ।




**४.१०.१४ स्वास्थ्य परीक्षणको विधि :** कोही विरामी हुँदा सामुदायिक अस्पतालमा गएर या निजी अस्पतालमा गएर या चिकित्सकको निजी क्लिनिकमा गएर जचाउँदछ भने कसैकसैले चिकित्सकलाई घरमै बोलाएर पनि जचाउँने गर्दछन् । स्वास्थ्य परीक्षण गराउने विधिको छनौटमा आय स्तरले प्रभाव पार्न सक्छ । अध्ययनबाट मौरीपालन


समूहका ९ जना (३६.० प्रतिशत) उत्तरदाताहरुले सामुदायिक अस्पतालमा गएर जचाउँने गरेको र १६ जना (६४.० प्रतिशत) ले चिकित्सकलाई घरमै पनि बोलाएर जचाउँने गरेको पाइयो भने गैर-मौरीपालन समूहका ९ जना (३६.० प्रतिशत) उत्तरदाताहरुले सामुदायिक अस्पतालसम्म गएर र १६ जना (६४.० प्रतिशत) ले निजी अस्पतालमा डाक्टरको क्लिनिकसम्म गएर जचाउँने गरेको पाइयो ।

४.१०.१५ **निजी भ्रमण :** सामान्यतया जिवनशैली उच्च हुने व्यक्तिहरु बढी निजी भ्रमणमा जान सक्छन् । जिवनशैली निम्न रहेका व्यक्तिहरु निजी भ्रमण कमै गर्छन् । भ्रमणमा व्यक्तिगत रुचिले पनि प्रभाव पार्दछ । यसै सन्दर्भमा अध्ययन गर्दा आर्थिक वर्ष २०६८/६९ मा मौरीपालन समूहका १५ जना (६०.० प्रतिशत) उत्तरदाताहरु जम्मा ६० पटक र गैर-मौरीपालन समूहका ९ जना (३६.० प्रतिशत) उत्तरदाताहरु जम्मा २१ पटक (८४.० प्रतिशत) निजी भ्रमणमा गएको पाइयो ।


४.१०.१६ **पारिवारिक आय स्रोत :** मौरीपालन समूहका सबै (शत् प्रतिशत) उत्तरदाताहरुको मौरीपालन व्यवसाय बाहेक अन्य कृषिबाट पनि आम्दानी हुने गरेको देखियो । त्यस बाहेक ६ जना ( २४.० प्रतिशत) को नोकरी, २ जना (८.० प्रतिशत) को घर वा निजी सम्पत्ति भाडा तथा २ जना (८.० प्रतिशत) को अन्य स्रोतबाट आम्दानी हुने गरेको देखियो भने गैर-मौरीपालन समूहका उत्तरदाताहरुमध्ये १५ जना (६०.० प्रतिशत) को कृषि, १३ जना (५२.० प्रतिशत) को नोकरी तथा ८ जना (३२.० प्रतिशत) को अन्य स्रोतबाट पारिवारिक आय आर्जन हुने गरेको पाइयो ।

४.१०.१७ **पारिवारको खाद्यान्न उपभोग खर्च :** अध्ययनबाट मौरीपालन समूहका उत्तरदाताहरुको कुल पारिवारिक खाद्यान्न खर्चमा अन्न, दाल तथा पिठोको अंश १४.७ प्रतिशत, मरमसलाको अंश ८.९ प्रतिशत, माछामासुको अंश २७.२ प्रतिशत, फलफूलको अंश १२.६ प्रतिशत, हरियो सागसब्जीको अंश १२.८ प्रतिशत, दुध, दही तथा घ्यूको अंश ११.३ प्रतिशत, अण्डाको अंश ६.२ प्रतिशत र अन्य खाद्यान्नको अंश ६.२ प्रतिशत रहेको पाइयो ।

**चार्ट नं. ११ : मौरीपालन समूहको पारिवारिक उपभोग प्रवृत्ति**





त्यसैगरी, गैर-मौरीपालन समूहका उत्तरदाताहरुको कुल पारिवारिक खाद्यान्न खर्चमा अन्न, दाल तथा पिठोको अंश २३.० प्रतिशत, मरमसलाको अंश ८.८ प्रतिशत, माछामासुको अंश २५.२ प्रतिशत, फलफूलको अंश १२.६ प्रतिशत, हरियो सागसब्जीको अंश ११.० प्रतिशत, दुध, दही तथा घ्यूको अंश ९.८ प्रतिशत, अण्डाको अंश ३.७ प्रतिशत र अन्य खाद्यान्नको अंश ५.९ प्रतिशत रहेको पाइयो ।





माथि प्रस्तुत चार्टहरुको अवलोकन गर्दा मौरीपालन समूहका उत्तरदाताहरुले भन्दा गैर-मौरीपालन समूहका उत्तरदाताहरुले अन्न, दाल तथा पिठोमा बढी खर्च गर्ने गरेको देखिन्छ भने अन्य वस्तुहरुको सन्दर्भमा खासै भिन्नता देखिंदैन ।

४.१०.१८ **सेवाको गुणस्तर :** मौरीपालन समूहका १० जना (४०.० प्रतिशत) उत्तरदाताहरुले उनीहरुले प्राप्त गरेको स्वास्थ्य सेवाको गुणस्तर राम्रो रहेको तथा बाँकी १५ जना (६०.० प्रतिशत) ले ठिकै रहेको जनाए भने गैर-मौरीपालन समूहका १ जना (४.० प्रतिशत) उत्तरदाताले अति राम्रो, ५ जना (२०.० प्रतिशत) ले राम्रो तथा बाँकी १९ जना (७६.० प्रतिशत) ले ठिकै जनाए । त्यसैगरी, पहिलो समूहका १३ जना (५२.० प्रतिशत) ले शैक्षिक सेवाको गुणस्तर राम्रो तथा बाँकी १२ जना (४८.० प्रतिशत) ले ठिकै जनाए भने दोस्रो समूहका १ जना (४.० प्रतिशत) ले अति राम्रो, १२ जना (४८.० प्रतिशत) ले राम्रो तथा बाँकी १२ जना (४८.० प्रतिशत) ले ठिकै जनाए ।



खानेपानी सेवाको गुणस्तर सम्बन्धमा मौरीपालन समूहका १३ जना (५२.० प्रतिशत) उत्तरदाताहरुले राम्रो, १० जना (४०.० प्रतिशत) ले ठिकै तथा बाँकी २ जना (८.० प्रतिशत) ले खराब जनाए भने गैर-मौरीपालन समूहका १ जना (४.० प्रतिशत) ले अति राम्रो, २ जना (८.० प्रतिशत) ले राम्रो, २० जना (८०.० प्रतिशत) ले ठिकै तथा २ जना (८.० प्रतिशत) ले खराब जनाए । त्यसैगरी, विद्युत सेवाको गुणस्तर सम्बन्धमा पहिलो समूहका ५ जना (२०.० प्रतिशत) ले राम्रो, १३ जना (५२.० प्रतिशत) ले ठिकै तथा ७ जना (२८.० प्रतिशत) ले खराब जनाए भने दोस्रो समूहका २ जना (८.० प्रतिशत) ले राम्रो, ९ जना (३६.० प्रतिशत) ले ठिकै, १३ जना (५२.० प्रतिशत) ले खराब तथा १ जना (४.० प्रतिशत) ले उपभोग नै नगरेको जनाए ।

**चार्ट नं. १४ : गैर-मौरीपालन समूहका सदस्यहरुलाई उपलब्ध सेवाको गुणस्तर**





यातायात सेवाको गुणस्तरका सम्बन्धमा पहिलो समूहका १२ जना (४८.० प्रतिशत) ले राम्रो तथा १३ जना (५२.० प्रतिशत) ले ठिकै जनाए भने दोस्रो समूहका ६ जना (२४.० प्रतिशत) ले राम्रो, १६ जना (६४.० प्रतिशत) ले ठिकै तथा ३ जना (१२.० प्रतिशत) ले खराब रहेको बताए । यसैगरी सञ्चार सेवाको गुणस्तर सम्बन्धमा पहिलो समूहका १४ जना (५६.० प्रतिशत) ले राम्रो, १० जना (४०.० प्रतिशत) ले ठिकै तथा १ जना (४.० प्रतिशत) ले उपभोग नै नगरेको जनाए भने दोस्रो समूहका १५ जना (६०.० प्रतिशत) ले राम्रो तथा १० जना (४०.० प्रतिशत) ले ठीकै जनाए । प्राप्त गरेको मनोरञ्जन सेवाको गुणस्तर सम्बन्धमा पहिलो समूहका ११ जना (४४.० प्रतिशत) ले अति राम्रो, १२ जना (४८.० प्रतिशत) ले राम्रो तथा २ जना (८.० प्रतिशत) ले ठीकै जनाए भने दोस्रो समूहका १ जना (४.० प्रतिशत) ले अति राम्रो, ४ जना (१६.० प्रतिशत) ले राम्रो, १९ जना (७६.० प्रतिशत) ले ठिकै तथा बाँकी १ जना (४.० प्रतिशत) ले खराब जनाए ।

४.१०.१९ **आफ्नो सामाजिक जिवनस्तरको स्वमूल्यांकन :** अध्ययनको क्रममा मौरीपालन तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुलाई उनीहरुको सामाजिक जिवनस्तरको स्वमूल्यांकन गर्न लगाउँदा दुवै समूहका कसैले पनि आफु उच्च वर्गमा पर्ने जनाएनन् । मौरीपालन समूहका ४ जना (१६.० प्रतिशत) उत्तरदाताहरुले आफु उच्च मध्यम वर्गमा पर्ने जनाए भने १४ जना (५६.० प्रतिशत) ले मध्यम वर्गमा, ५ जना (२०.० प्रतिशत) ले निम्न मध्यम वर्गमा र २ जना (८.० प्रतिशत) ले मात्र निम्न वर्गमा पर्ने जनाए । अर्को तर्फ गैर-मौरीपालन समूहका २१ जना (८४.० प्रतिशत) उत्तरदाताहरुले आफु मध्यम वर्गमा, १ जना (४.० प्रतिशत) ले निम्न मध्यम वर्गमा र ३ जना (१२.० प्रतिशत) ले निम्न वर्गमा पर्ने जनाए ।

**मञ्जुषा नं. ६ : मौरीका दुश्मनहरु**

ठूला जनावर, नर, बानर, भालु, चराचुरुंगी, साना जनावरहरु, किराहरु (अरिंगाल, बारुलो, मैनपुतली, कमिला) तथा अन्य परजिवीहरु (सुलसुले, मौरीजुम्रा) आदि । *(स्रोत : काफ्ले, २०६८)*




### ४.११ मौरीपालन व्यवसायबाट कृषकहरुको जिवनस्तरमा आएको परिवर्तन :


अध्ययनका क्रममा मौरीपालन समूहका उत्तरदाताहरुलाई उनीहरुको जिवनस्तरमा मौरीपालन व्यवसायले ल्याएको परिवर्तन सम्बन्धमा अभिमत प्रकट गर्न लगाउँदा २० जना (८०.० प्रतिशत) उत्तरदाताहरुले मौरीपालन व्यवसायमा प्राप्त सफलताले आफ्नो जिवनस्तर बढाएको जनाए भने ५ जना (२०.० प्रतिशत) ले जिवनस्तर यथास्थितिमा रहेको जनाए । अध्ययनको क्रममा कसैको पनि जिवनस्तर घटेको जनाएनन् ।

### ४.१२ मौरीपालन व्यवसाय तर्फ गैर-मौरीपालन वर्गको अभिमुखिकरणको अवस्था :

कुनै पनि व्यवसाय गर्न सर्वप्रथम सो व्यवसायका लागि रुची हुनु पर्दछ । त्यसैगरी, व्यवसायबाट प्राप्त हुने फलको आशा, व्यवसायका लागि उपलब्ध समय तथा लगानीयोग्य पूँजी आदिले समेत व्यवसाय प्रतिको आकर्षणलाई निर्धारण गर्दछ । साथै, गर्न लागेको व्यवसाय सम्बन्धी ज्ञान हुनु पनि आवश्यक हुन्छ । यसै सन्दर्भमा गैर-मौरीपालक उत्तरदाताहरुलाई तिनीहरुसँग मौरीपालन सम्बन्धी ज्ञान भए/नभएको, मौरीपालन व्यवसायमा संलग्न नहुनुको कारण तथा मौरीपालन व्यवसायमा संलग्न हुँदा उनीहरुले ठानेको जिवनस्तरमा आउन सक्ने परिवर्तन सम्बन्धमा अभिमत प्रकट गर्न लगाउँदा निम्न बमोजिम रहेको पाइयो ।

४.१२.१ **मौरीपालन व्यवसाय सम्बन्धी ज्ञानको अवस्था** : गैर-मौरीपालन समूहका उत्तरदाताहरुमध्ये १ जना (४.० प्रतिशत) सँग मौरीपालन व्यवसाय सम्बन्धी राम्रो ज्ञान रहेको, ११ जना (४४.० प्रतिशत) सँग सामान्य ज्ञान मात्र रहेको तथा १३ जना (५२.० प्रतिशत) सँग कुनै पनि ज्ञान नरहेको पाइयो ।

४.१२.२ **मौरीपालन व्यवसायमा संलग्न नहुनुको कारण** : गैर-मौरीपालन समूहका उत्तरदाताहरुमध्ये ३ जना (१२.० प्रतिशत) रुचि नभएकाले, १८ जना (७२.० प्रतिशत) अन्यत्र संलग्न भएकाले, ३ जना (१२.० प्रतिशत) लगानीयोग्य पूँजी नभएर तथा १ जना (४.० प्रतिशत) अन्य कारणले मौरीपालन व्यवसायमा संलग्न नभएको अभिमत पाइयो ।




४.१२.३ **मौरीपालन व्यवसायले जिवनस्तरमा ल्याउनसक्ने परिवर्तन सम्बन्धी धारणा :** कुनै पनि व्यवसायले राम्रो गरेको देखिएमा बजारमा नव प्रवेशीहरुको संख्या बढ्न जान्छ । व्यवसायले राम्रो नगरेको देखिएमा भइरहेका व्यवसायीहरु पनि बजार छोड्न बाध्य हुन्छन् । यसैगरी मौरीपालन व्यवसायले मौरीपालक कृषकहरुको जिवनस्तरमा सकारात्मक असर पारेको ठान्ने गैर-मौरीपालक व्यक्तिहरु जुनसुकै वखत यो व्यवसायमा संलग्न हुन सक्छन् भने यो व्यवसायले खासै राम्रो नगरेको मूल्यांकन गर्ने गैर-मौरीपालक व्यक्तिहरु यो व्यवसायमा संलग्न हुन खासै रुचि देखाउँदैनन् । यसै सन्दर्भमा यो व्यवसायले जिवनस्तरमा पार्न सक्ने प्रभाव सम्बन्धमा गैर-मौरीपालन समूहका उत्तरदाताहरुसँग प्रश्न गर्दा केवल ३ जना (१२.० प्रतिशत) ले मात्र जिवनस्तर बढ्ने अभिमत प्रकट गरे भने १९ जना (७६.० प्रतिशत) ले यथास्थितिमा रहने आशा व्यक्त गरे । जिवनस्तरमा के कस्तो असर पर्ने हो ? सो भन्न नसक्ने ३ जना (१२.० प्रतिशत) पाइए । उत्तरदाताहरुमध्ये कसैले पनि जिवनस्तर घट्ने कल्पना गरेको पाइएन ।

## ४.१३ अन्तरसम्बन्ध अध्ययन तथा विश्लेषण :

अध्ययनका लागि तयार गरिएको प्रश्नावलीको प्रयोग गरी मौरीपालन समूहका उत्तरदाताहरुबाट अभिमत संकलन गरी तयार पारिएको तथ्याङ्कीय तालिकालाई अनुसूची ३ मा देखाइएको छ । तालिकामा उल्लेखित तथ्याङ्कको आधारमा मौरीपालन व्यवसायको स्तर छनौटमा उत्तरदाताहरुको परिपक्वता, शैक्षिक स्तरको अवस्था तथा अनुभवले पार्ने प्रभाव र मौरीपालन व्यवसायको स्तरले यसको सञ्चालन लागत तथा नाफा/घाटामा पार्ने प्रभाव सम्बन्धमा अध्ययन गर्न सम्बन्धित पक्षहरुबीचको अन्तरसम्बन्ध अध्ययन/विश्लेषण गरिएको छ । त्यसैगरी, प्रश्नावलीको प्रयोगबाट मौरीपालन समूह तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुले व्यक्त गरेको अभिमतको आधारमा यिनीहरुको जिवनशैलीका विविध पक्षहरुमा देखिएको समानता/भिन्नता सम्बन्धमा समेत अध्ययन/विश्लेषण गरिएको छ ।

४.१३.१ **मौरीपालन व्यवसायको स्तरसँग मौरीपालन समूहका उत्तरदाताहरुको विभिन्न वैयक्तिक पक्षहरुको अन्तरसम्बन्ध :** Fisher's Exact Probability Test को प्रयोग गरी अध्ययन गर्दा मौरीपालन समूहका उत्तरदाताहरुको उमेर, शैक्षिक स्तर, व्यवसायिक अनुभवको अवधि तथा मौरीपालन व्यवसायको सञ्चालन लागत र मौरीपालन व्यवसायको स्तरबीच महत्वपूर्ण अन्तरसम्बन्ध रहेको देखिएन । साथै, मौरीपालन व्यवसायको स्तरले मुनाफाको वितरणमा भने प्रभाव पारेको देखियो । अध्ययनको तथ्याङ्कीय नतिजालाई अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

### ४.१३.२ मौरीपालन तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुको जिवनशैली/जिवनस्तरमा रहेको समानता/भिन्नताः

मौरीपालन तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुबीच यिनीहरुको आवासको गुणस्तर, पिउने पानीको प्रबन्ध, खाना बनाउने इन्धनको प्रयोग, शौचालयको प्रबन्ध, कम्प्यूटरको उपलब्धता, मोबाइल फोनको प्रयोग, छोराछोरीलाई पढाउन विद्यालयको छनौट, बैंक खाता तथा ए.टि.एम. को प्रयोग, बैंकिंग कर्जामा पहुँच, सञ्चार प्रतिको रुचि, निजी भ्रमणको अवसर, भ्रमणका लागि उपलब्ध सवारी साधन, स्वास्थ्य परिक्षण गराउने विधि लगायत तिनीहरुलाई उपलब्ध स्वास्थ्य, शिक्षा, खानेपानी, विद्युत, यातायात, सञ्चार तथा मनोरञ्जन सेवाको गुणस्तर जस्ता जिवनशैली झल्काउने पक्षहरुको सम्बन्धमा Fisher's Exact Probability Test विधिको प्रयोग गरी अध्ययन गर्दा खाना बनाउने इन्धनको प्रयोग, शौचालयको प्रबन्ध, उपभोग गरेको खानेपानी र मनोरञ्जन सेवाको गुणस्तर जस्ता पक्षहरु बाहेक अन्य पक्षहरुको सन्दर्भमा यी दुई समूहका उत्तरदाताहरुको जिवनशैलीमा समानता रहेको देखियो । यद्यपि यी दुई समूहका उत्तरदाताहरुको सामाजिक स्तरमा भने भिन्नता रहेको देखियो । अध्ययनको तथ्याङ्कीय नतिजालाई अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

## ४.१४ मौरीपालन व्यवसायका प्रमुख समस्याहरु :

अध्ययन क्षेत्रका प्रमुख तथा अगुवा मौरीपालक कृषकहरुसँग गरिएको छलफलबाट जिल्लामा मौरीपालक व्यवसायीले विभिन्न समस्याहरु भोग्दै आएको उजागर भएको छ । मुख्यतया छलफलबाट मौरीपालक कृषकहरुले देहाय बमोजिमका समस्याहरु भोग्दै आएको देखियो ।

- **मौरीपालन सम्बन्धमा राष्ट्रिय नीतिको अभाव :** यहाँका कृषकहरुले राज्यस्तरबाट व्यवसायको सुरक्षा तथा प्रबर्द्धनका लागि उचित नीति नभएको, राज्यले वेवास्ता गरेको, मह तथा मौरीजन्य वस्तुहरुलाई निर्यातजन्य वस्तुमा सूचीकृत गर्न ढिलो गरेको तथा मौरीजन्य वस्तुहरुलाई कृषिजन्य वस्तुमा स्पष्टरुपले समावेश नगरेको गुनासो गरेका छन् । त्यसैगरी, बीमा कम्पनीहरुले मौरी बीमाको सुविधा दिने नगरेकोले यो व्यवसायमा हुने जोखिमलाई न्यूनीकरण गर्न सकिएको छैन । नेपाल सरकारले बजेटमा मह उत्पादनलाई प्रोत्साहन गर्ने किसिमको कार्यक्रम ल्याउनुपर्नेमा यो व्यवसायलाई हालसम्म प्राथमिकता दिइएको देखिंदैन । यसले गर्दा मौरीपालन व्यवसाय निर्वाहमुखी अवस्था भन्दा उभो उठ्न सकेको छैन । साथै, राज्यको तर्फबाट पर्याप्त प्रचार प्रसारको अभावमा महको उपयोगितको बारेमा प्रष्ट्याउन सकिएको छैन । यसले बिक्रीलाई प्रभावित पारेको छ ।

- **महको उचित मूल्य नपाइने समस्या :** अध्ययनबाट बजारमा मह प्रति के.जी. खुद्रा मूल्य रु. ५ सय देखि १ हजारसम्ममा बिक्री हुने गरेकोमा मध्यस्थकर्ता व्यापारीलाई बिक्री गर्दा भने व्यवसायीहरुले प्रति के. जी. बढीमा रु. २ सय १० मात्र प्राप्त गर्न सकेका छन् । यसरी महको उचित मूल्य नपाउँदा भइरहेका व्यवसायीहरु लगानी थप गर्न तयार छैनन् भने यो व्यवसाय तर्फ आकर्षण पनि घट्दो छ । मौरीपालक व्यवसायीहरुकै शब्दमा भन्नु पर्दा मध्यस्थकर्ता व्यापारीहरुले कृषक तथा ग्राहक दुवै पक्षहरुलाई ठगी गरिरहेका छन् । अर्को तर्फ यहाँका कृषकहरुले महको मूल्यमा एकरुपता कायम गर्न सकेका छैनन् । कृषकहरुले मेलिफेरा जातको मौरीको मह सर्वसाधारणलाई प्रति के.जी. रु. १ सय ५० देखि रु. २ सय ५० बीच तथा व्यापारीलाई प्रति के.जी. रु. १ सय २० देखि रु. २ सय १० बीच आफुखुसी मूल्य निर्धारण गरी बिक्री गर्ने गरेका छन् । मूल्यमा एकरुपता कायम गर्न नसक्नुको मुख्य कारण व्यवसायीहरुले गर्दै आएको मौरीपालन व्यवसायको स्तरमा रहेको भिन्नता र गुट तथा उपगुटको मानसिकता रहेको देखिन्छ ।

- **चरनको अभाव :** मौरीपालन व्यवसायका लागि चरन क्षेत्र अति आवश्यक छ । विशेषगरी घर आँगन तथा जंगलमा फल्ने तथा फुल्ने तोरी, सुन्तला, स्याऊ, चिउरी लगायत विभिन्न रसयुक्त फल तथा फूलहरु मौरीको चरनक्षेत्र हुने गर्छ । दाङ्ग जिल्लामा नेपाल अधिराज्यमा सबैभन्दा पहिले तोरी फुल्ने हुनाले पूर्व चितवनदेखिका मौरीपालक व्यवसायीहरुले आफ्ना मौरीघारहरुलाई यहाँ ल्याई चराउने गर्छन् । प्रशासनिकरुपले उनीहरुलाई रोक्न सकिएको छैन । यसले गर्दा यहाँका मौरीपालक व्यवसायीहरुलाई आफ्नै घरआँगनमा उपलब्ध चरन क्षेत्र पनि बाँड्नुपर्ने अवस्था सिर्जना भएको छ ।

- **माइग्रेसनमा समस्या :** आफ्नै घरआँगनको चरन क्षेत्र बाड्नुपर्ने भएकोले यहाँका मौरीहरुलाई पनि अन्यत्र चरनका लागि लैजानुपर्ने बाध्यता कृषकहरुसँग छ । मौरीलाई अन्यत्र चरनका लागि लैजाने क्रममा विभिन्न समस्याहरु आउने गरेको छ । पहिलो, इन्धनको मूल्य बढे सँगसँगै ***यातायात खर्चमा पनि वृद्धि*** भएको छ । यसले गर्दा मौरीपालक कृषकहरु आफ्नो मौरीलाई टाढाको चरन क्षेत्रमा लैजान सक्दैनन् । ठूला व्यवसायीले मात्र मौरीलाई अन्यत्र चरनका लागि लैजान सक्छन् । दोस्रो, मौरीको ओसारप्रसारका क्रममा विभिन्न स्थानहरुमा प्रशासनले अनावश्यक दुःख दिने गरेको गुनासो छ । बिशेषगरी ***सुरक्षाकर्मीहरुबाट अनावश्यक रोकावट*** हुने, कहाँबाट आएको तथा कहाँ जाने सो सबै खुल्ने कागज देखाउन लगाउने, देखाए पनि रकम असुल्ने तथा मह समेत दिनु परेको घटनाहरु जानकारीमा आएका छन् । त्यसैगरी, विभिन्न स्थानहरुमा मुन्द्रे समूहहरुले रोकेर चन्दा मागेर हैरान गर्ने गरेको बुझ्नमा आयो । तेस्रो, व्यवसायीहरुलाई ***समुदायको असहयोग*** छ । सामुदायिक वन उपभोक्ता समूहले चरनका लागि एक घारको रु. २ सय ३० सम्म शुल्क असुल्ने गरेका छन् भने ज्ञानको अभावले चरन क्षेत्र वरपरका स्थानीय कृषकहरुले मौरीले बालीनाली नष्ट गर्छ, चिउरीको घिऊ खान पाइदैन भन्ने सोचले विभिन्न किसिमका बाधा अडचन सिर्जना गरेर दुःख दिने गर्छन् । चौथो, चरन क्षेत्रमा लैजान स्तरीय मोटरबाटो हुनुपर्ने हुन्छ । जिल्लामा चरन क्षेत्र पर्याप्त भएका कतिपय स्थानहरुमा ***बाटोघाटोको अभाव***का कारण मौरीलाई चराउन लैजान सकिएको छैन । पाँचौ, चरनका लागि लैजादै गर्दा बाटोमा पूर्व जानकारी बिना नै भइरहने बन्द, हड्ताल तथा चक्काजामका कारण मौरीहरुलाई चरन क्षेत्रसम्म पुऱ्याउन नसक्दा चर्न नपाएर तथा जाममा रोकिंदा सडकको तातो घाममा सेकिएर मौरीहरु नष्ट हुँदा व्यवसायीहरुले क्षति व्यहोर्नु परेको देखिन्छ । यस्तो क्षतिको राज्यबाट क्षतिपूर्ति दिने व्यवस्था पनि छैन भने मौरी बीमा सेवाको अभावमा कृषकहरुले आफै जोखिम न्यूनीकरण गर्न पनि सकेका छैनन् ।

- **वित्तीय पहुँचमा समस्या :** मौरीपालक उत्तरदाताहरुमध्ये ८ जना (३२.० प्रतिशत) ले विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट जम्मा रु. १९ लाख २५ हजार मात्र कर्जा उपभोग गरेको अध्ययनबाट देखिएको छ । यद्यपि यस्तो कर्जा अधिकांश व्यक्तिगत कर्जाको रुपमा प्रवाहित भएको पाइयो । दाङ्ग जिल्लाको एउटा मात्र वाणिज्य बैंकले एकजना व्यवसायीलाई रु. ५ लाख मौरीपालन व्यवसायका लागि कर्जा उपलब्ध गराएको देखिन्छ । एउटा मध्यमस्तरको मौरीपालन व्यवसायका लागि धेरै पूँजीको आवश्यकता नपर्ने हुनाले व्यवसायीहरुले यो व्यवसाय प्रायः स्वपूँजीमा नै सञ्चालन गरेका छन् । यद्यपि मौरीपालन व्यवसायका लागि चाहिने चिनी, सामाग्री आदि बजारमा नगदमा खरिद गर्नुपर्ने तथा व्यापारीले प्रायः उधारोमा मात्र मह खरिद गर्ने भएकाले चालू पूँजीको आवश्यकता पुरा गर्न थोरै पूँजी भएका व्यवसायीले कर्जाका लागि विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा जानुपर्ने बाध्यता छ । यस्ता साना व्यवसायीले माग गर्ने कर्जा रकम सानो हुनाले कर्जा लगानी तर्फ बैंक तथा वित्तीय संस्थाले महत्व दिएको पाइदैन । अर्को तर्फ मौरीपालन व्यवसायलाई बैंक तथा वित्तीय संस्थाहरुले खुद्रा व्यवसाय सरह मानी उच्च ब्याजदर लगाउने गरेका छन् । साथै, मह कृषकहरुले सामान्यतया कार्त्तिकदेखि चैत्रबीचको अवधिमा मह काड्ने भएकोले यो अवधिमा मात्र



*मौरीपालक कृषक विनोद हमालले चिनी ख्वाएर बचाएको मौरीघार*

नगद भित्रिन्छ । तर नगद प्रवाहको समय तालिकालाई बैंक तथा वित्तीय संस्थाहरुले वेवस्ता गर्दै मासिकरुपले कर्जाको किस्ता तथा ब्याज बुझाउन लगाउनाले मौरीपालक कृषकहरुले हाल पनि अनौपचारिक बजारबाटै कर्जा लिईरहेको पाइयो ।

- **चिनीको बढ्दो मूल्य :** मौरीलाई बचाउन व्यवसायीले चरन अभाव हुने चैत्र-बैशाख महिनादेखि भाद्र-असोज महिनासम्मको अवधिमा चिनीको रस बनाएर खुवाउनुपर्ने हुन्छ । तसर्थ चिनीको बढ्दो मूल्यले कृषकहरु मर्कामा परेका छन् ।

- **उचित बजार व्यवस्थापन तथा अनुगमनको अभाव :** मौरीजन्य वस्तुको बजार व्यवस्थित गर्ने तर्फ राज्यले ध्यान दिन नसकेको गुनासो छ । हाम्रो आन्तरिक बजार, त्यसमा पनि विशेषगरी काठमाडौंको बजारलाई मात्र सुरक्षित गर्न सकेमा मात्र पनि यहाँको मौरीपालन व्यवसायको प्रबर्द्धन हुने कृषकहरुले जनाएका छन् । तर यहाँ महको गुणस्तर पहिचानका लागि व्यवस्थित प्रयोगशाला नभएको तथा सरकारी अनुगमन पनि फितलो भएका कारण आन्तरिक बजारको ठूलो हिस्सा आयातीत गुणस्तरहीन तथा सस्तो महले ओगट्दै गएको छ ।

- **गुणस्तरहीन नश्लको निरन्तरता :** अध्ययन क्षेत्रका कृषकहरुले हाल खेती गर्दै आएको मेलिफेरा जातको मौरी युरोपको नश्ल मानिन्छ । कृषकहरुको अनुसार हाल यी मौरीहरुमा पहिलेको जस्तो गुणस्तर छैन । यी मौरी छ्याके छ्याके देखिन थालेका छन् । यस्ता मौरीहरुको कार्यक्षमता क्रमश: कम हुँदै गएको छ । मौरीको कार्यकुशलतामा सुधार गर्न गुणस्तरीय रानी मौरीको विकास गर्नुपर्ने हुन्छ । अन्यत्र देशमा पाइने गुणस्तरीय रानी मौरीको आयात गरेर पनि नश्ल सुधार गर्न सकिन्छ । यस तर्फ एकातिर सरकारी क्षेत्र उदासिन रहेको गुनासो छ भने अर्कोतिर निजी क्षेत्र अन्य संघ, संस्था तथा सरकारी कार्यालयको मुख ताकेर बसेको छ ।

- **बिषादी तथा परजिवीको समस्या :** आजकल विभिन्न तरकारी, फलफूल, फुल तथा तेलहन बालीमा विषादी छर्कने चलन बढ्दै गएको छ । मौरीको चरन क्षेत्रमा बिषादीको प्रयोगले मौरी मर्ने, बौलाउने तथा बिग्रह हुने समस्या निम्तिने गरेको छ । बिषादी प्रयोग भएको चरन क्षेत्रमा चरन गर्ने मौरीले जम्मा गरेको मह पनि स्वस्थ्यकर हुँदैन । साथै, विभिन्न परजिवीहरु जस्तै : अरिंगालले मौरीघारमा आक्रमण गरी मौरीलाई मारी खाने, मैनको पुतलीले चाका खाइदिने, चराले उडेको मौरी खाइदिने जस्ता समस्याहरु समेत यस क्षेत्रमा देखिएको छ ।

- **स्थानीयस्तरमा प्राविधिज्ञको अभाव :** मौरीलाई विभिन्न रोगहरुले वेलाबखत सताउने गरेको पाइएको छ । यस्तो रोग लागेको मौरीले वरपरका बासिन्दालाई चिल्न जाने, समूहबाट बिग्रह भएर अन्यत्र जाने, लार्भालाई मार्ने, रानीमौरीलाई नै मारीदिने, मह आफैं खाइदिने आदि बौलाहा प्रकृतिका गतिविधिहरु गर्छ । यस्तो रोगको समयमै पहिचान गरी उपचार गर्न नसके कृषकको लगानी खेर जाने देखिन्छ । रोग पहिचानका लागि परिक्षण गर्ने प्रयोगशाला तथा एक विज्ञ प्राविधिज्ञको आवश्यकता पर्दछ । यद्यपि जिल्लामा यस्तो कुनै प्रयोगशाला तथा प्राविधिज्ञ उपलब्ध छैनन् । कृषकहरुकै शब्दमा यहाँ मौरी डाक्टर एउटा पनि छैनन् । दाङ्ग घोराहीस्थित जिल्ला कृषि विकास कार्यालयको मौरी फाँटमा कार्यरत एक जना कर्मचारीले यस्तो विज्ञको काम गर्नुपर्ने चुनौती छ ।

- **आवश्यक सामाग्री तथा औषधीको अभाव :** मौरीपालन व्यवसायका लागि आवश्यक पर्ने विभिन्न सरसामान, उपकरणहरु, मह प्रशोधन गर्ने प्रविधि या त व्यवसायीले आफैं बनाउनुपर्ने या भारतबाट आयात गरेर ल्याउनु पर्ने अवस्था देखिएको छ । बजारमा रहेका एकाध पसलहरुमा यस्ता सामानहरु पर्याप्त नपाइने गुनासो छ । गुणस्तरहीन काठको प्रयोग भएको घार पानी पर्नासाथ कुहुने हुनाले व्यवसायीहरुले आफैं घार निर्माण गर्न रुचाउँछन् । यद्यपि काठको मूल्य बढ्न गएकोले व्यवसायीहरु मर्कामा परेका छन् ।

- **पर्याप्त तालिम तथा गोष्ठीको अभाव :** मौरीपालन सम्बन्धमा विभिन्न संघ, संस्था तथा कार्यालयहरुले आधारभूत देखि मौरी, मह तथा रोगको व्यवस्थापनसम्मका विभिन्न शीपमूलक तालिम समेत प्रदान गर्दै आएका भए तापनि स्थानीय कृषकहरुको भनाईमा ती कार्यक्रमहरु पर्याप्त छैनन् । यस्ता कार्यक्रममार्फत् कृषकहरुले बेलावखत उजागर गरेका समस्याहरु सम्बोधन नभएकाले ती कार्यक्रमहरु औपचारिकता पूरा गर्ने हिसाबले मात्र सञ्चालित भएको गुनासो रहेको पाइयो । अतः यस्ता कार्यक्रम प्रतिको आकर्षण समेत घट्दो छ ।

- **उचित प्रचारप्रसारको अभाव :** मौरीपालन व्यवसायमा अझै पनि वास्तविक व्यवसायिकता विकास भएको छैन । यहाँका मौरीपालक कृषकहरुले आफ्नो महको प्रचारपसार गर्ने तर्फ ध्यान दिएका छैनन् । उपभोक्तालाई मह अशुद्ध छ, चिनी मिसाएको छ भन्ने ठूलो आशंका छ भने कृषकहरुले त्यस कुरालाई होइन भन्न किन हो सकिरहेका छैनन् । आफ्नो महमा के कस्ता गुणहरु छन् सो कृषकहरुले निर्धक्क साथ भन्न सकिरहेका छैनन् । यसले उपभोक्ता विश्वस्त छैनन् । छलफलका क्रममा अगुवा कृषकहरुले पनि यो कुरालाई स्वीकार गरेका छन् ।

- **क्षमताको अभाव :** जिल्लामा मौरीपालन व्यवसाय तर्फ यतिका वर्षसम्म पनि ठूला व्यवसायी आकर्षित नहुनु भनेको बिडम्बना नै हो । अध्ययनबाट एक घार मौरी राख्न करीब रु. ६ हजार लाग्ने गरेको देखिएको छ । यस आधारमा २०० घारको लागत करीब रु. १२ लाख हुन आउँछ । तर जिल्लामा २०० भन्दा बढी मौरीघार राखी मौरीपालन व्यवसाय गर्ने कृषकहरु एकाध मात्र रहेका छन् । जिल्लामा २ वटा ठूला सिमेण्ट उद्योग खुलेको छ तर मौरीपालन व्यवसायमा २, ३ करोडको पूँजी लगानी गर्ने गरी कोही पनि आएका छैनन् । अतः पर्याप्त प्रचारपसारको अभावले मह बिक्री वितरण हुन नसकेको भनी जतिसुकै गुनासो गरे तापनि यहाँका कृषकहरुको विद्यमान लगानीस्तरलाई हेर्दा ठूलो स्तरमा महको माग आएको अवस्थामा आपूर्ति गर्न सक्ने देखिंदैन ।

परिच्छेद ५

# निष्कर्ष तथा सुझावहरु

## ५.१ अध्ययनको निष्कर्ष :

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान घट्दै गएको र वृद्धिदर न्यून रहँदै आएको भएतापनि अधिकांश जनसंख्या कृषिमा नै आश्रित छन् । यस्तो अवस्थामा न्यून भूमी तथा पूँजी आवश्यक पर्ने वैकल्पिक कृषिबाट मात्र राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण टेवा दिन सकिन्छ । पछिल्लो समयमा दाङ्ग जिल्लामा मौरीपालन वैकल्पिक कृषिको रुपमा फस्टाउँदै गएको पाइएको छ । यसै सन्दर्भमा उक्त जिल्लामा मौरीपालन व्यवसायको वर्तमान अवस्था तथा संभावनाहरुको साथै मौरीपालक कृषकहरुको जिवनस्तर अरुको भन्दा भिन्न रहे/नरहेको सम्बन्धमा अध्ययन गर्ने उद्देश्यले त्यहाँका मौरीपालन तर्फका २५ जना तथा गैर-मौरीपालन तर्फका २५ जना गरी जम्मा ५० जनालाई उत्तरदाताको रुपमा छनौट गरी अध्ययन गर्दा प्राप्त निष्कर्षलाई बुँदागत रुपले देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

- आर्थिक वर्ष २०६६/६७ मा नेपालको समग्र मह उत्पादनको सरकारी आँकडा १ हजार ५ सय ७८ मे.टन मात्र रहेकोमा पूर्ण सदुपयोग गर्न सके दाङ्ग जिल्लाबाट मात्र लगभग सो बराबर अर्थात् १ हजार ५ सय मे.टनसम्म मह उत्पादन गर्न सकिने अनुमान गरिएको छ । दाङ्ग जिल्लाको हावापानी मौरीपालनका लागि उपयुक्त छ । जिल्लाको माथिल्लो भेगमा चिउरी र तल्लो भेगमा तोरी प्रशस्त फुल्ने भएकोले यहाँ मौरीपालन व्यवसायको प्रचुर संभावना रहेको देखिएको छ । हाल जिल्लामा साना ठूला गरी ३ सय २५ मौरीपालक कृषकहरु छन् भने यी सबैसँग करीब १२ हजारको हाराहारीमा मौरीघार रहेको अनुमान गरिएको छ । यति ठूलो संख्यामा घार भए तापनि यहाँ आर्थिक वर्ष २०६८/६९ मा १ सय ५२ मे.टन मात्र मह उत्पादन भएको सरकारी आँकडा छ । अर्थात् वर्तमान अवस्थामा क्षमताको केवल १०.१ प्रतिशत मात्र सदुपयोग हुन सकेको देखिन्छ ।

- जिल्लामा मौरीपालन व्यवसायमा संलग्न बहुमत (७२.० प्रतिशत) किसानहरु शारिरिकरुपले क्रियाशिल उमेर समूह (२० देखि ५० वर्ष) भित्रका रहेको पाइयो । त्यसमा पनि अधिकांश (६०.० प्रतिशत) ३६ देखि ५० वर्ष उमेर समूहका रहेको पाइयो । त्यसैगरी, मौरीपालन व्यवसायमा उच्च शिक्षा हासिल गरेका भन्दा मध्यम (प्लस टु) तथा न्यून शिक्षा (एस.एल.सी.) हासिल गरेकाको बाहुल्यता (७२.० प्रतिशत) रहेको देखियो । यी किसानहरुमध्ये अधिकांश (८८.० प्रतिशत) ले २०४९/५० देखि २०६४/६५ बीचको अवधिमा पुर्खेउली व्यवसायलाई निरन्तरता दिने हिसाबले नभई आफैंबाट (९२.० प्रतिशत) व्यवसाय शुरु गरेको देखियो ।

- मौरीपालन व्यवसायमा संलग्न किसानहरुले आफ्नो लगानीलाई औसतमा २०.९ गुणाले बढोत्तरी गरिसकेका छन् । साथै, अधिकांश (६० प्रतिशत) किसानहरुले विभिन्न बाह्य स्रोतहरुबाट कर्जा पनि लिएका छन् जसको औसत ब्याजदर १७.४ प्रतिशत रहेको छ । यिनीहरुको कुल लगानी रु. १ करोड १७ लाख रहेकोमा सो पूँजीको ३०.० प्रतिशत बराबर ऋण पनि लिई व्यवसायमा लगाएका छन् । यो व्यवसायबाट कृषकहरुले औसतमा प्रति घार वार्षिक रु. ४ हजार ३ सय मुनाफा कमाएका छन् । तर पछिल्लो ५ वर्षको अवधिमा कृषकहरुको प्रति घार मुनाफामा सुधार हुनुको सट्टा केही घटेको छ । मुनाफामा रहने कृषकहरुबीच मुनाफाको वितरण समान छैन । मुनाफाको वितरणमा मौरीपालन व्यवसायको स्तरले प्रभाव पारेको देखिन्छ । आर्थिक वर्ष २०६९/७० मा नाफा गर्ने कृषकहरुको कुल मुनाफा रकम रु. ८३ लाख ७९ हजारमा माथिल्लो ५२.२ प्रतिशतको हिस्सा ८४.१ प्रतिशत रहेको छ भने तल्लो ४७.८ प्रतिशत कृषकहरुले केवल १५.९ प्रतिशत हिस्सामा चित्त बुझाउनु परेको छ । मौरीपालक कृषकहरुमध्ये ३२.० प्रतिशत ठूलो स्तरको र बाँकी ६८.० प्रतिशत मध्यम तथा सानो स्तरको मौरीपालन व्यवसायमा संलग्न रहेको पाइयो ।

- जिल्लामा लगभग सबैजसो मौरीपालक कृषकहरु (९६.० प्रतिशत) ले व्यवसायका लागि चाहिने सामाग्री तथा उपकरण आफैं बनाउने वा स्वदेशी बजारबाट खरिद गर्ने गरेका छन् । आयातित सामाग्रीको

उपस्थिति लगभग शुन्य छ । यहाँ वार्षिक रुपले प्रति सेरेना घार औसत ५.४ के.जी. तथा प्रति मेलिफेरा घार औसत ४४.० के.जी. को दरले मह उत्पादन हुँदै गरेकोले अधिकांश कृषकहरु मेलिफेरा घार तर्फ आकर्षित छन् । कृषकहरुसँग रहेका कुल १ हजार ९ सय ४३ मौरीघारमध्ये मेलिफेरा ९८.५ प्रतिशत र सेरेना केवल १.५ प्रतिशत छ । कृषकहरुद्वारा उत्पादित अधिकांश (९४.८ प्रतिशत) मह बिक्री हुने गरेको छ, जसमध्ये सबैभन्दा बढी (४८.७ प्रतिशत) उद्योगी, मध्यस्थकर्ता तथा व्यापारीलाई बिक्री हुने गरेको देखिन्छ । व्यापारी तथा सर्वसाधारणलाई महको अलग अलग मूल्य तोकिने गरेको छ । व्यापारी तथा सर्वसाधारणलाई प्रति के.जी. सेरेनाको मह क्रमशः रु. ३ सय ५० तथा रु. ४ सय १७ र मेलिफेराको मह क्रमशः रु. १ सय ४२ तथा रु. २ सय १० मा बिक्री हुने गरेको छ । कृषकहरुले मौरीपालन व्यवसायबाट प्राप्त गर्ने कुल आम्दानीमा मह बिक्रीबाट हुने आम्दानीको हिस्सा सबैभन्दा बढी (८८.२ प्रतिशत) रहेको पाइयो । यहाँका मौरीपालन व्यवसायले प्रति व्यवसाय औसत ३.१ जनाका दरले रोजगारी दिएको छ । मौरीपालक व्यवसायीहरुले विभिन्न संघ संस्थाहरुबाट व्यवसायिक तालिम लिएका छन् । जिल्लामा मौरीपालन व्यवसायका अग्रसम्बन्ध तथा पृष्ठसम्बन्ध भएका सानाठूला गरी २१ वटा व्यवसायहरु सबै मुनाफामा रहेको भएतापनि तिनीहरुको हिसाबकिताब व्यवस्थित भने छैन ।

- Fisher’s Exact Probability Test विधिको प्रयोग गरी गरिएको अध्ययनबाट खाना पकाउने इन्धन/प्रविधिको प्रयोग, खानोपानीको प्रबन्ध र शौचालयको व्यवस्था सम्बन्धमा मौरीपालन समूहका सदस्यहरुको आवासमा गैर-मौरीपालन समूहका सदस्यहरुको आवासमा भन्दा राम्रो व्यवस्था रहेको देखियो । यद्यपि जिवनशैलीका अन्य पाटाहरुमा भने खासै भिन्नता देखिएन । यहाँका उच्च मध्यम वर्गमा पर्ने केही व्यक्तिहरु पनि मौरीपालन व्यवसायमा संलग्न रहेको पाइयो । मौरीपालन व्यवसायमा संलग्न नरहेका अधिकांश (७६.० प्रतिशत) व्यक्तिहरुले यो व्यवसायले जिवनस्तरमा खासै सुधार गर्दैन अर्थात् जिवनस्तर यथास्थितिमै रहन्छ भन्ने धारण राखेको भएतापनि उक्त व्यवसायले अधिकांश (८०.० प्रतिशत) कृषकहरुको जिवनस्तरमा सुधार गरेको अध्ययनबाट देखिएको छ ।

- यस क्षेत्रमा मौरीपालन व्यवसायका प्रमुख समस्याहरुमा मौरीपालन सम्बन्धमा राष्ट्रिय नीतिको अभाव हुनु, महको उचित मूल्य नपाइनु, चरन क्षेत्र बाँडिनु, बढ्दो इन्धन मूल्यले मौरीको स्थानान्तरण खर्च बढ्नु, प्रशासन, आम समुदाय तथा राजनैतिक दलहरुबाट सकारात्मक सहयोग नपाउनु, चरन क्षेत्रसम्म सहज बाटोघाटोको अभाव हुनु, वित्तीय पहुँच असहज तथा महँगो हुनु, चिनीको मूल्य बढ्दा बेमौसममा मौरीलाई बचाउन महँगो पर्नु, आन्तरिक बजारको ठूलो हिस्सा गुणस्तरहीन, आयातीत तथा सस्तो महले ओगट्दा पनि सरकारी अनुगमन फितलो हुनु, मौरीको नश्लको सुधार हुन नसक्नु, चरन क्षेत्रमा बिषादीको प्रयोगले मौरी मासिनुका साथै महको गुणस्तर नराम्रो हुनु, मौरी रोग समाधानका लागि स्थानीयस्तरमा प्रयोगशाला तथा मौरी प्राविधिज्ञ नहुनु, मौरीपालन व्यवसायका लागि चाहिने सामाग्रीहरुको सधैं अभाव हुनु, व्यवसायीहरुको आपूर्ति क्षमता पनि कमजोर हुनु आदि रहेका छन् ।

## ५.२ अध्ययनको सुझाव :

अध्ययनबाट देखिएको माथि उल्लेखित मौरीपालन व्यवसायसँग सम्बन्धित समस्याहरुको समाधानका लागि निम्न बमोजिमका सुझावहरु प्रस्तुत गरिएको छ ।

<u>क) सरकारी स्तरबाट अवलम्बन गर्नुपर्ने उपायहरु :</u>

- सरकारले चिउरी फुल्ने दाङ्ग जिल्लाको माथिल्लो भेगसम्म सहज बाटोघाटोको व्यवस्था गरिदिनु पर्ने ।
- जिल्लामा तोरी प्रशस्त फुल्ने भएतापनि ब्रिडिंगको समस्या रहेको पाइएकाले जिल्ला कृषि विकास कार्यालयले तोरी प्रबर्द्धन या तोरी मिशन कार्यक्रम सञ्चालन गर्नु पर्ने । साथै, दाङ्ग जिल्लामा लिच्ची पनि राम्रो हुने भएकोले एक घर एक लिच्ची कार्यक्रम मार्फत् राम्रो लिच्चीको बिरुवा वितरण गर्नुपर्ने ।
- चिउरीको फुलबाट उत्पादन हुने महलाई विश्वमा अर्गानिक मह मानिन्छ । एशियामा बढी चिउरी फुल्ने ठाँउ नेपाल भए तापनि चिउरीको महलाई भारतले 'इन्डियन बटर ट्रि' को नामबाट पेटेन्ट राइट दर्ता गरेको जानकारीमा आएकोले नेपालबाट उत्पादित चिउरीको मह निर्यातमा समस्या रहेको देखिन्छ । अतः यस सम्बन्धमा सरकारले समयमै उचित पहल गरी चिउरीको मह निर्यातमा जोड दिनु पर्ने ।

- मौरीको चरन क्षेत्र वरपर पराग सेचनबाट हुने फाइदाको बारेमा जनचेतना अभिवृद्धि गराउनु पर्ने ।
- मौरी चरनका लागि सामुदायिक वनले शुल्क लिन नपाउने व्यवस्था गरिनु पर्ने । साथै, थप चरन क्षेत्र पहिचान गर्नु पर्ने ।
- चरन क्षेत्रमा अर्गानिक खेती तर्फ कृषकहरुलाई विभिन्न कार्यक्रममार्फत् आकर्षित गर्नु पर्ने तथा बिषादीको प्रयोग निषेध गर्नु पर्ने । बिषादीको प्रयोग गर्नेलाई दण्ड सजायको व्यवस्था गर्नु पर्ने ।
- मौरीपालन लगभग मुलुकको सबैजसो भागमा गरिने भएकोले मौरीको नश्ल सुधार गर्न हरेक विकास क्षेत्रमा एक/एक वटा Queen Breeding Centre को स्थापना गर्नुपर्ने ।
- मौरीलाई लागेको रोगको पहिचान गर्न एउटा उच्च स्तरीय प्रयोगशाला स्थापना गर्नुपर्ने ।
- मौरीपालन व्यवसायको लागि संभाव्य देखिएका प्रत्येक जिल्लाको जिल्ला कृषि विकास कार्यालयमा या क्षेत्रीय प्रयोगशालामा प्राविधिज्ञ उपलब्ध गराउनु पर्ने ।
- महको बिक्री मूल्यमा रहेको अस्वस्थ्य प्रतिस्पर्धा हटाउन सरकारले महको न्यूनतम मूल्य तोकी सो मूल्यमा खरिद गर्ने ग्यारेन्टी गरिदिनु पर्ने ।
- मह उत्पादन हुने संभाव्य क्षेत्रमा मह भण्डारण तथा चिस्यान केन्द्रको स्थापना गरिनु पर्ने । निजी क्षेत्रले यस्तो केन्द्रको स्थापना गर्न चाहेमा आवश्यक उपकरणको आयातमा भन्सार छुटको व्यवस्था गर्नु पर्ने । साथै, मह प्रशोधन गर्ने मेशिन कृषकहरुलाई अनुदानमा उपलब्ध गराउनु पर्ने ।
- मौरीपालन व्यवसायमा प्रयोग हुने वस्तु तथा सामाग्रीहरुलाई कृषिजन्य वस्तुको सूचीमा राखी यस्ता वस्तुको आयातमा भन्सार छुटको व्यवस्था गर्नु पर्ने ।
- माहुरीलाई चरन उपलब्ध नहुने सिजनमा मौरीपालक व्यवसायीलाई सहुलियत दरमा चिनी उपलब्ध गर्ने व्यवस्था गर्नु पर्ने ।
- सरकारले आफ्ना सुरक्षाकर्मीलाई अनिवार्य रुपले प्रतिदिन एक चम्चा मह ख्वाउने नीति ल्याउनुपर्ने ।
- वार्षिक बजेटमा मह उत्पादनलाई प्रोत्साहन गर्ने किसिमको कार्यक्रम ल्याउनुपर्ने । साथै, निश्चित रकमको लगानी सहित ठूलोस्तरको मौरीपालन व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई कर छुट सहितको विभिन्न सहुलियत कार्यक्रमहरु ल्याउनु पर्ने ।
- मौरी ओसारपसार गर्ने गाडीलाई प्रशासनले एम्बुलेन्स सरह अति महत्व दिई विना रोकटोक आवत जावत गर्न दिने व्यवस्था हुनु पर्ने ।
- गुणस्तरहीन महको बिक्री वितरणलाई रोक्न नियमित बजार अनुगमन गर्नु पर्ने ।
- नेपाल टेलिभिजनमार्फत् मह सेवनका फाइदाहरु सम्बन्धी चेतनामूलक विज्ञापन प्रायोजन गर्नु पर्ने ।
- मौरीपालन व्यवसाय सम्बन्धी पर्याप्त तालिम तथा गोष्ठीको आयोजना गर्नुपर्ने तथा यस्तो कार्यक्रममा दुरदराजका व्यवसायीहरुलाई समेत सहभागी गराउनु पर्ने ।

ख) वित्तीय क्षेत्रबाट अवलम्बन गर्नुपर्ने उपायहरु :

- मौरीपालन व्यवसायमा नगद भित्रिने अवधिको आधारमा बैंक तथा वित्तीय संस्थाहरुले मौरीपालक कृषकहरुलाई दिने कर्जाको भुक्तानी तालिका तय गर्नुपर्ने । साथै, ब्याजको भुक्तानी तालिका मासिक रुपले नभई त्रैमासिक रुपले तय गर्नुपर्ने ।
- मौरीपालन व्यवसायका लागि प्रवाहित कर्जाका लागि बैंकहरुले आफ्नो बेस रेट बराबर मात्र या सहुलियतपूर्ण ब्याजदर तोक्नु पर्ने ।
- सबै निर्जीवन बीमा कम्पनीहरुले अनिवार्य रुपले मौरी बीमाको व्यवस्था गर्नु पर्ने गरी नीतिगत व्यवस्था गरिनु पर्ने ।

ग) व्यवसायीहरु या निजी क्षेत्र आफैंले अवलम्बन गर्नुपर्ने उपायहरु :

- दाङ्गमा व्यवसायिक मौरीपालनको प्रशस्त संभावना रहेकोले ठूलो स्तरको लगानी सहित निजी क्षेत्र आफै अगाडि आउनु पर्ने ।
- भारतीय या चीनियाँ मह भन्दा महँगो हुँदा नेपाली महले प्रतिस्पर्धा गर्न नसक्ने भएकोले व्यवसायीले वस्तु विभेदीकरण विधि बमोजिम आफ्नो महमा रहेको तत्वहरुको विस्तृत तथा तुलनात्मक विवरण निर्धक्क साथ प्रचार प्रसार गर्नु पर्ने । साथै, नेपाली महमा रहेको उपभोक्ताको आशंका हटाउनु पर्ने ।
- व्यवसायीले महको गुणस्तर प्रमापिकरण गरेर मात्र आन्तरिक बजारमा बिक्री वितरण गर्नु पर्ने ।
- मौरीजन्य उत्पादनको प्रयोग गरी विभिन्न खाद्य वस्तु उत्पादन गर्ने ठूला उद्योगहरुसँग व्यवसायीहरुले द्विपक्षीय फाइदा हुने गरी लिखित सम्झौता गरी निश्चित अवधिसम्मको लागि महको माग आफैं सुनिश्चित गराउनु पर्ने ।

# सन्दर्भ सामाग्रीहरु

१) काफ्ले, गोपाल प्रसाद, २०६८, *"मौरी तथा मौरीपालन"*, काठमाडौं : एपिनेट नेपाल ।

२) नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग, आर्थिक विकासले प्रकाशित गरेको *"आर्थिक वर्ष २०६८/६९ को आर्थिक गतिविधि अध्ययनको वार्षिक प्रतिवेदन"*

३) नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, कृषि अनुगमन तथा मूल्यांकन शाखले प्रकाशित गरेको *"आर्थिक वर्ष २०६६/६७ को वार्षिक प्रगति पुस्तिका"*

४) नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, कृषि विभाग, क्षेत्रीय कृषि निर्देशनालय, जिल्ला कृषि विकास कार्यालय, दाङ्गले प्रकाशित गरेको *"दाङ्गमा मौरीपालन, संक्षिप्त चिनारी"*

५) न्यौपाने, शंकरप्रसाद, २०६७, *"नेपालमा मौरीखेती (Bee-farming in Nepal)"*, काठमाडौं : हिसी प्रिन्टिङ्ग प्रेस ।

६) Baconowa, A.D., 1999. *The Economics of Bee Pollination in the Phillipines.* Phillipines: www.beekeeping.com.

७) Bhusal, S.J. and R.B. Thapa, 2005. *Comparative Study on the Adoption of Improved Beekeeping Technology for Poverty Alleviation*. Research Article. Chitwan: Journal of Institute of Agriculture and Animal Science. 26:117-125.

८) CBS (Central Bureau of Statistics) and World Bank, 2006. *Resilience Amidst the Conflict. Kathmandu: CBS and World Bank.*

९) CBS, 2006. *Monograph. Agricultural Census 2001-2002.* Kathmandu: CBS.

१०) Devkota, K.H., 2006. *Benefit-Cost Analysis of Apiculture Enterprises : A Case Study of Jutpani VDC, Chitwan, Nepal*. Research Article. Chitwan : Journal of Institute of Agriculture and Animal Science. 27:119-125.

११) Pokhrel, S. (PHD), 2009. *Comparative Benefits of Beekeeping Enterprises in Chitwan, Nepal*. Technical Paper. Chitwan: Journal of Agriculture and Environment. 10:39-50.

१२) Fisher, R.A., 1970. *Statistical Methods for Research Workers (14th ed.).* New York: Hafner

१३) Freeman, G.H. and Halton, J.H., 1951. *Note on exact treatment of contingency, goodness of fit and other problems of significance.* Biometrika, 38:141-149.

१४) http://www.vassarstats.net

१५) http://graphpad.com/quickcalcs/contingency1.cfm

## अनुसूची १

### उमेर, अनुभाव, शैक्षिक स्तर, व्यवसायको शुरुवात, सञ्चालन लागत, व्यवसायिक सफलता तथा मौरीपालन व्यवसायको स्तरको आधारमा मौरीपालन समूहमा रहेका सदस्यहरुको संख्यात्मक स्थिति

| वर्गीकरणको आधार | | घार समूह (मौरीपालन व्यवसायको स्तर) | | | |
|---|---|---|---|---|---|
| | | सानो स्तर (१ देखि ५०) | मध्यम स्तर (५१ देखि १००) | ठूलो स्तर (१०० भन्दा माथि) | कुल |
| **उमेर (परिपक्वता) समूह** | २० देखि ३५ वर्षसम्म | २ | ० | १ | **३** |
| | ३६ देखि ५० वर्षसम्म | ४ | ६ | ५ | **१५** |
| | ५१ देखि माथि | ५ | २ | ० | **७** |
| | **जम्मा** | **११** | **८** | **६** | **२५** |
| **अनुभव (व्यवसायमा संलग्न रहेको अवधि)** | ० - ५ वर्ष | २ | ० | ० | **२** |
| | ५ - १० वर्ष | ७ | ५ | २ | **१४** |
| | १० वर्ष भन्दा माथि | २ | ३ | ४ | **९** |
| | **जम्मा** | **११** | **८** | **६** | **२५** |
| **शैक्षिक स्तर** | विद्यालय तह | ५ | ३ | २ | **१०** |
| | उ.मा.वि. तह | ३ | ३ | २ | **८** |
| | विश्वविद्यालय तह | ३ | २ | २ | **७** |
| | **जम्मा** | **११** | **८** | **६** | **२५** |
| **व्यवसायको शुरुवात** | आफैबाट शुरु | ११ | ७ | ५ | **२३** |
| | पुर्खेउली निरन्तरता | ० | १ | १ | **२** |
| | **जम्मा** | **११** | **८** | **६** | **२५** |
| **औसत वार्षिक प्रति घार सञ्चालन लागत** | रु. २१३४ सम्म | ६ | ६ | ४ | १६ |
| | रु. २१३४ भन्दा माथि | ५ | २ | २ | ९ |
| | **जम्मा** | **११** | **८** | **६** | **२५** |
| **घाटा वा मुनाफाको अवस्था** | खुद घाटामा रहेका | २ | ० | ० | २ |
| | मुनाफामा रहेका | ९ | ८ | ६ | २३ |
| | **जम्मा** | **११** | **८** | **६** | **२५** |
| **मुनाफा गर्नेबीच मुनाफाको वितरण** | ३ लाखसम्म | ८ | २ | १ | ११ |
| | ३ लाख भन्दा माथि | १ | ६ | ५ | १२ |
| | **जम्मा** | **९** | **८** | **६** | **२३** |

# अनुसूची २

## मौरीपालन समूहका उत्तरदाताहरुलाई मौरीपालन सम्बन्धी तालीम दिने संस्थाको नाम तथा तालीमका बिषयहरु

| क.सं. | तलिम प्रदान गर्ने विभिन्न संघ/संस्थाहरुको नाम | क.सं. | तलिमका विभिन्न बिषयहरु |
|---|---|---|---|
| १ | जि.आई.जेड. नेपाल | १ | आधारभूत |
| २ | कृषि उद्यम केन्द्र | २ | रानी मौरी उत्पादन |
| ३ | गण्डकी बि. कन्सर्न, काठमाडौं | ३ | पुनर्ताजगी |
| ४ | नेपाल मौरीपालन महासंघ | ४ | टि.ओ.टि. |
| ५ | राप्ती व्यवसायीक मौरीपालन संघ, दाङ्ग | ५ | क्षमता अभिवृद्धि तथा लिडरसिप |
| ६ | लघु उद्यम संस्था | ६ | रोग तथा सोको व्यवस्थापन |
| ७ | घरेलु तथा साना उद्योग कार्यालय | ७ | उन्नतजात रानी मौरी उत्पादन |
| ८ | अम्बिकेश्वरी माहुरीपालन सहकारी संस्था, घोराही | ८ | बिशिष्टीगत माहुरीपालन |
| ९ | उद्योग वाणिज्य संघ | ९ | कृतिम रानी तयारी |
| १० | जिल्ला कृषि विकास कार्यालय, घोराही | १० | मौरी तथा मह व्यवस्थापन |
| ११ | करितास नेपाल | ११ | प्ररम्भिक मौरीपालन |
| १२ | इसिमोड नेपाल | १२ | व्यवसायिक मौरीपालन |
| १३ | जिल्ला कृषि विकास कार्यालय, रोल्पा | १३ | मौरीपालन रोगको पहिचान |
| १४ | गोदावरी मौरीपालन केन्द्र | | |
| १५ | निर्धन विकास बैंक | | |

# अनुसूची ३

## मौरीपालन तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुको जिवनशैली/जिवनस्तर

| क्र.सं. | विवरण | मौरीपालन समूह | गैर-मौरीपालन समूह |
|---|---|---|---|
| **१.** | **आवासको अवस्था** | | |
| क | पक्की आवास हुने (सिमेण्ट तथा ईटको प्रयोग गरी बनाइएको) | १२ | ५ |
| ख | कच्ची आवास हुने | १३ | २० |
| **२.** | **आवासमा विभिन्न उपभोग्य सरसामानहरु उपलब्ध भएका** | | |
| क | टेलिभिजन हुने | २३ | २१ |
| ख | केवल सुविधा हुने | १६ | १५ |
| ग | हिटर हुने | ४ | ० |
| घ | रेफ्रिजरेटर हुने | ८ | ७ |
| ङ | वासिंग मेशिन हुने | ० | ० |
| च | कुलर वा ए.सी. हुने | ० | ० |
| छ | कम्प्यूटर हुने | १३ | ८ |
| ज | भि.सि.डि वा सि.डि. प्लेयर हुने | १३ | ७ |
| झ | इन्टरनेट हुने | ५ | १ |
| ञ | ल्याण्ड लाइन फोन हुने | ८ | ५ |
| ट | मोटरसाइकल हुने | १७ | ११ |
| ठ | माथिको केही पनि नभएको | १ | ४ |
| **३.** | **पिउने पानीको व्यवस्था गर्ने** | | |
| क | कल वा धारा वा कुवाको पानी सिधै पिउने | ७ | ९ |
| ख | पानी उमालेर पिउने | ६ | २ |
| ग | पानी फिल्टर गरेर पिउने | १२ | १४ |
| **४.** | **विभिन्न किसिमको खाना बनाउने इन्धन/प्रविधिको प्रयोग गर्ने** | | |
| क | दाउरा या गुईठा या बायोग्यासबाट खाना बनाउने | ५ | १३ |
| ख | एल.पि.जि. ग्यास सिलिण्डरको प्रयोग गरी खाना बनाउने | २० | १२ |

**(क्रम संख्या..... १)**

# अनुसूची ३

## मौरीपालन तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुको जिवनशैली/जिवनस्तर

| क्र.सं. | विवरण | मौरीपालन समूह | गैर-मौरीपालन समूह |
|---|---|---|---|
| **५.** | **शौचालयको प्रबन्ध हुने** | | |
| क | घर बाहिर कच्ची हुने | ३ | ४ |
| ख | घर बाहिर पक्की (प्यान भएको) हुने | ७ | १७ |
| ग | घरभित्र प्यान हुने | १४ | ३ |
| घ | घरभित्र कमोड हुने | १ | १ |
| **६.** | **कम्प्यूटरको व्यवस्था हुने** | | |
| क | कम्प्यूटर भएका | १३ | ८ |
| ख | कम्प्यूटर नभएका | १२ | १७ |
| **७.** | **विभिन्न किसिमको कम्प्यूटर हुने** | | |
| क | डेस्कटप मात्र भएका | ८ | ६ |
| ख | ल्यापटप मात्र भएका | ४ | १ |
| ग | दुवै भएका | १ | १ |
| **८.** | **छोराछोरीलाई अध्ययन गराएको विद्यालय तथा क्याम्पस** | | |
| क | सामुदायिक विद्यालय वा क्याम्पसमा पढाउने | ३ | ७ |
| ख | निजी विद्यालय वा क्याम्पसमा पढाउने | १५ | १३ |
| ग | दुवै किसिमको विद्यालय वा क्याम्पसमा पढाउने | ३ | ४ |
| **९.** | **१५ वर्ष भन्दा बढी उमेर भई मोबाईलको प्रयोग गर्ने सदस्य संख्या** | | |
| क | १५ वर्ष भन्दा बढी उमेर भई मोबाईल बोक्ने | ७९ | ६९ |
| ख | १५ वर्ष भन्दा बढी उमेर भई मोबाईल नबोक्ने | २९ | २७ |
| **१०.** | **बैंक खाता भए/नभएका** | | |
| क | बैक खाता नभएका | ३ | ५ |
| ख | बैक खाता भएका | २२ | २० |
| ग | बैक खाता भएकाहरुको कुल खाता संख्या | ५२ | ३४ |

**(क्रम संख्या..... २)**

## अनुसूची ३

## मौरीपालन तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुको जिवनशैली/जिवनस्तर

| क्र.सं. | विवरण | मौरीपालन समूह | गैर-मौरीपालन समूह |
|---|---|---|---|
| **११.** | **आफ्नो बैंक खाता भई ए.टि.एम. को प्रयोग गर्ने/नगर्ने** | | |
| क | प्रयोग गर्ने | १४ | १२ |
| ख | प्रयोग नगर्ने | ८ | ८ |
| **१२.** | **बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिने/नलिने** | | |
| क | कर्जा उपभोग गर्ने | ११ | १४ |
| ख | कर्जा उपभोग नगर्ने | १४ | ११ |
| **१३.** | **ऋण तथा सापट दिने संस्था तथा रकम** | | |
| क | बैक तथा वित्तीय संस्थाबाट | २३४५००० | ४२००००० |
| ख | सहकारी संस्थाबाट | २५०००० | ७८१००० |
| ग | साहु महाजनबाट | २००००० | ० |
| घ | साथिभाई तथा इष्टमित्रबाट | ११५०००० | २४५००० |
| **१४.** | **ऋण तथा सापटको औसत ब्याजदर** | | |
| क | बैक तथा वित्तीय संस्थाबाट लिएको कर्जाका औसत ब्याजदर | १३.८ | १३.७ |
| ख | सहकारी संस्थाबाट लिएको कर्जाका औसत ब्याजदर | १५.० | १६.३ |
| ग | साहु महाजनबाट लिएको कर्जाका औसत ब्याजदर | २४.० | - |
| घ | साथीभाई तथा इष्टमित्रबाट लिएको कर्जाका औसत ब्याजदर | २४.० | १२.० |
| **१५.** | **पत्रपत्रिकाको नियमित ग्राहक भएका/नभएका** | | |
| क | कुनै पत्रपत्रिकाको नियमित ग्राहक रहेका | ८ | ९ |
| ख | कुनै पत्रपत्रिकाको नियमित ग्राहक नरहेका | १७ | १६ |
| **१६.** | **निजी सवारी साधनको उपलब्धता भएका** | | |
| क | पैदल या साइकल या सार्वजनिक सवारी साधन प्रयोग गर्ने | ३ | ४ |
| ख | साइकलसम्म हुने | ६ | ९ |
| ग | मोटरसाइकल वा स्कूटरसम्म हुने | १६ | ११ |
| घ | कार वा जिपसम्म हुने | ० | १ |

**(क्रम संख्या..... ३)**

# अनुसूची ३

## मौरीपालन तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुको जिवनशैली/जिवनस्तर

| क्र.सं. | विवरण | मौरीपालन समूह | गैर-मौरीपालन समूह |
|---|---|---|---|
| **१७.** | **विभिन्न विधिबाट स्वास्थ्य परिक्षण गराउने** | | |
| क | सामुदायिक अस्पतालमा गई जचाउँने | ९ | ९ |
| ख | डाक्टरलाई आफ्नो घरमै बोलाएर या निजी अस्पताल या डाक्टरको निजी क्लिनिकमा गई जचाउँने | १६ | १६ |
| **१८.** | **व्यक्तिगत भ्रमणको अवसर प्राप्त भएका** | | |
| क | निजी भ्रमणका लागि गएको | १५ | ९ |
| ख | निजी भ्रमणका लागि नगएको | १० | १६ |
| ग | निजी भ्रमणमा गएको जम्मा पटक | ६० | २१ |
| **१९.** | **मौरीपालन बाहेक अन्य पारिवारिक आय स्रोत भएका** | | |
| क | कृषि (मौरीपालन समेत) बाट आय आर्जन गर्ने | २५ | १५ |
| ख | विप्रेषणबाट आय आर्जन गर्ने | ० | ० |
| ग | नोकरीबाट आय आर्जन गर्ने | ६ | १३ |
| घ | घर वा निजी सम्पत्ति भाडा दिई आय आर्जन गर्ने | २ | ० |
| ङ | अन्य स्रोतबाट आय आर्जन गर्ने | २ | ८ |
| **२०.** | **पारिवारको खाद्यान्न खर्चमा विभिन्न शीर्षकमा भएको खर्चको अंश** | | |
| क | अन्न, दाल, पिठोमा गरिएको खर्चको अंश | १४.७ | २३.० |
| ख | मरमसलामा गरिएको खर्चको अंश | ८.९ | ८.८ |
| ग | माछामासुमा गरिएको खर्चको अंश | २७.२ | २५.२ |
| घ | फलफूलमा गरिएको खर्चको अंश | १२.६ | १२.६ |
| ङ | हरियो सागसब्जीमा गरिएको खर्चको अंश | १२.८ | ११.० |
| च | दुध, दही, ध्यूमा गरिएको खर्चको अंश | ११.३ | ९.८ |
| छ | अण्डामा गरिएको खर्चको अंश | ६.२ | ३.७ |
| ज | अन्यमा गरिएको खर्चको अंश | ६.२ | ५.९ |

**(क्रम संख्या..... ४)**

# अनुसूची ३

## मौरीपालन तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुको जिवनशैली/जिवनस्तर

| क.सं. | विवरण | मौरीपालन समूह | गैर-मौरीपालन समूह |
|---|---|---|---|
| **२१.** | **विभिन्न गुणस्तरको स्वास्थ्य सेवा प्राप्त गर्ने** | | |
| क | अति राम्रो गुणस्तर प्राप्त गर्ने | ० | १ |
| ख | राम्रो गुणस्तर प्राप्त गर्ने | १० | ५ |
| ग | ठिकै गुणस्तर प्राप्त गर्ने | १५ | १९ |
| **२२.** | **शैक्षिक सेवाको उपलब्ध गुणस्तर** | | |
| क | अति राम्रो गुणस्तर प्राप्त गर्ने | ० | १ |
| ख | राम्रो गुणस्तर प्राप्त गर्ने | १३ | १२ |
| ग | ठिकै गुणस्तर प्राप्त गर्ने | १२ | १२ |
| **२३.** | **खानेपानी सेवाको उपलब्ध गुणस्तर** | | |
| क | अति राम्रो गुणस्तर प्राप्त गर्ने | ० | १ |
| ख | राम्रो गुणस्तर प्राप्त गर्ने | १३ | २ |
| ग | ठिकै गुणस्तर प्राप्त गर्ने | १० | २० |
| घ | खराब गुणस्तर प्राप्त गर्ने | २ | २ |
| **२४.** | **विद्युत सेवाको गुणस्तर** | | |
| क | राम्रो गुणस्तर प्राप्त गर्ने | ५ | २ |
| ख | ठिकै गुणस्तर प्राप्त गर्ने | १३ | ९ |
| ग | खराब गुणस्तर प्राप्त गर्ने | ७ | १३ |
| घ | उपभोग नगरेको | ० | १ |
| **२५.** | **यातायात सेवाको उपलब्ध गुणस्तर** | | |
| क | राम्रो गुणस्तर प्राप्त गर्ने | १२ | ६ |
| ख | ठिकै गुणस्तर प्राप्त गर्ने | १३ | १६ |
| ग | खराब गुणस्तर प्राप्त गर्ने | ० | ३ |

**(क्रम संख्या..... ५)**

# अनुसूची ३

## मौरीपालन तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुको जिवनशैली/जिवनस्तर

| क्र.सं. | विवरण | मौरीपालन समूह | गैर-मौरीपालन समूह |
|---|---|---|---|
| **२६.** | **सञ्चार सेवाको उपलब्ध गुणस्तर** | | |
| क | राम्रो गुणस्तर प्राप्त गर्ने | १४ | १५ |
| ख | ठिकै गुणस्तर प्राप्त गर्ने | १० | १० |
| ग | उपभोग नगरेको | १ | ० |
| **२७.** | **मनोरञ्जन सेवाको उपलब्ध गुणस्तर** | | |
| क | अति राम्रो गुणस्तर प्राप्त गर्ने | ११ | १ |
| ख | राम्रो गुणस्तर प्राप्त गर्ने | १२ | ४ |
| ग | ठिकै गुणस्तर प्राप्त गर्ने | २ | १९ |
| घ | खराब गुणस्तर प्राप्त गर्ने | ० | १ |
| **२८.** | **आफ्नो जिवनस्तरको स्वमूल्यांकन गर्ने** | | |
| क | उच्च वर्गमा स्वमूल्यांकन गर्ने | ० | ० |
| ख | उच्च मध्यम वर्गमा स्वमूल्यांकन गर्ने | ४ | ० |
| ग | मध्यम वर्गमा स्वमूल्यांकन गर्ने | १४ | २१ |
| घ | निम्न मध्यम वर्गमा स्वमूल्यांकन गर्ने | ५ | १ |
| ङ | निम्न वर्गमा स्वमूल्यांकन गर्ने | २ | ३ |
| **२९.** | **मौरीखेतीबाट जिवनस्तरमा आएको परिवर्तनको धारणा व्यक्त गर्ने** | | |
| क | जिवनस्तर बढेको महशुस गरेका | २० | |
| ख | जिवनस्तर घटेको महशुस गरेका | ० | |
| ग | जिवनस्तर यथास्थितिमा रहेको मसशुस गरेका | ५ | |
| **३०.** | **मौरीपालन व्यवसाय सम्बन्धी ज्ञान भएका गैर-मौरीपालक सदस्यहरु** | | |
| क | राम्रो ज्ञान भएका | | १ |
| ख | सामान्य ज्ञान भएका | | ११ |
| ग | कुनै ज्ञान नभएका | | १३ |

**(क्रम संख्या..... ६)**

# अनुसूची ३

## मौरीपालन तथा गैर-मौरीपालन समूहका उत्तरदाताहरुको जिवनशैली/जिवनस्तर

| क.सं. | विवरण | मौरीपालन समूह | गैर-मौरीपालन समूह |
|---|---|---|---|
| **३१.** | **गैर-मौरीपालक सदस्यहरु मौरीपालन व्यवसायमामा संलग्न नभएको कारण** | | |
| क | रुचि नभएर संलग्न नभएका | | ३ |
| ख | अन्यत्र संलग्न वा कार्यरत रहेकोले समय नभएर संलग्न नभएका | | १८ |
| ग | राम्रो आयआर्जन नहुने ठानेर संलग्न नभएका | | ० |
| घ | लगानीका लागि पूँजी नभएर संलग्न नभएका | | ३ |
| ङ | अन्य कारणले संलग्न नभएका | | १ |
| **३२.** | **मौरीपालन व्यवसायमा संलग्न भएबाट जिवनस्तरमा परिवर्तन हुने आशा गर्ने** | | |
| क | जिवनस्तर बढ्ने आशा गरेका | | ३ |
| ख | जिवनस्तर यथास्थितिमा रहने आशा गरेका | | १९ |
| ग | जिवनस्तर घट्ने आशा गरेका | | ० |
| घ | जिवनस्तर के हुने सो थाहा नभएका | | ३ |

**(क्रम संख्या..... ७)**

# अनुसूची ४

## मौरीपालन व्यवसायको स्तरसँग सो व्यवसायमा संलग्न विभिन्न उत्तरदाताहरुको उमेर, शैक्षिकस्तर तथा अनुभव र व्यवसायको सञ्चालन लागत तथा नाफा/घाटाको अवस्थाको अन्तरसम्बन्ध सम्बन्धमा Fisher's Exact Probability Test बाट प्राप्त नतिजा

| अन्तरसम्बन्ध | Alpha Value | P-Value |
|---|---|---|
| मौरीपालन व्यवसायको स्तर तथा कृषकको उमेर | ०.०५ | ०.१४ |
| मौरीपालन व्यवसायको स्तर तथा कृषकको शैक्षिक स्तर | ०.०५ | १.०० |
| मौरीपालन व्यवसायको स्तर तथा कृषकको अनुभव | ०.०५ | ०.२८ |
| मौरीपालन व्यवसायको स्तर तथा व्यवसायको शुरुवातकर्ता | ०.०५ | ०.३० |
| मौरीपालन व्यवसायको स्तर तथा सञ्चालन लागत | ०.०५ | ०.८६ |
| **मौरीपालन व्यवसायको स्तर तथा मुनाफाको वितरण** | **०.०५** | **०.००७** |

# अनुसूची ५

## मौरीपालक तथा गैर-मौरीपालक उत्तरदाताहरुको जिवनशैली/जिवनस्तरको तुलनात्मक अध्ययन सम्बन्धमा Fisher's Exact Probability Test बाट प्राप्त नतिजा

| अन्तरसम्बन्ध | Alpha Value | P-Value |
|---|---|---|
| समूह तथा आवासको प्रकृति | ०.०५ | ०.०७२ |
| समूह तथा पानी पिउने विधि | ०.०५ | ०.३७३ |
| **समूह तथा इन्धनको प्रबन्ध** | **०.०५** | **०.०३८** |
| **समूह तथा शौचालयको प्रबन्ध** | **०.०५** | **०.००४** |
| समूह तथा कम्प्यूटरको व्यवस्था | ०.०५ | ०.२५२ |
| समूह तथा विद्यालयको छनौट | ०.०५ | ०.४०० |
| समूह तथा मोबाइल बोक्ने प्रवृत्ति | ०.०५ | ०.८७६ |
| समूह तथा बैंकिंग बानी | ०.०५ | ०.७०२ |
| समूह तथा ए.टि.एम. सेवाको पहुँच | ०.०५ | १.००० |
| समूह तथा बैंकिंग कर्जाको पहुँच | ०.०५ | ०.५७२ |
| समूह तथा सञ्चारमा पहुँच/रुचि | ०.०५ | १.००० |
| समूह तथा सवारीको साधन/विधि | ०.०५ | ०.४३६ |
| समूह तथा स्वास्थ्य परिक्षणको विधि | ०.०५ | १.००० |
| समूह तथा भ्रमणको रुचि | ०.०५ | ०.१५६ |
| समूह तथा स्वास्थ्य सेवाको गुणस्तर | ०.०५ | ०.२१७ |
| समूह तथा शैक्षिक सेवाको गुणस्तर | ०.०५ | ०.९९९ |
| **समूह तथा खानेपानी सेवाको गुणस्तर** | **०.०५** | **०.००१** |
| समूह तथा विद्युत सेवाको गुणस्तर | ०.०५ | ०.१६६ |
| समूह तथा यातायात सेवाको गुणस्तर | ०.०५ | ०.०८१ |
| समूह तथा सञ्चार सेवाको गुणस्तर | ०.०५ | १.००० |
| **समूह तथा मनोरञ्जन सेवाको गुणस्तर** | **०.०५** | **०.०४२** |
| **समूह तथा जिवनस्तर** | **०.०५** | **०.०४०** |

# अनुसूची ६

## २०७० असार २६ गते कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित मह निर्यात सम्बन्धी समाचार

### अर्बको लक्ष्यमा ५ हजारको मह निर्यात

सरकारको लक्ष्य पुरा भएको भए यस बर्ष मात्रै महको निर्यात १ अर्ब रुपैयाँभन्दा बढी हुनुपर्थ्यो । अहिले नै विदेशबाट आउने मागलाई मात्रै पुरा गर्न सके ५० करोड रुपैयाँ त सजिलै मह बेचेर कमाउन सकिन्थ्यो । तर बर्षको १० महिना बितिसक्दा मह निर्यातबाट भएको वास्तविक आम्दानी ५ हजार रुपैयाँ मात्र छ । जसअनुसार आर्थिक बर्ष २०६९।७० मा प्रति महिना औसत ५ सय रुपैयाँको निर्यात भएको छ । अर्थात् महिनाको एक किलो । यही औसतमा बढ्ने हो भने बर्षभरीको मह निर्यात ६ हजार रुपैयाँ मात्र पुग्ने छ । यो तथ्यांक सरकारको निर्यात बढाउन र तथ्यांक राख्न स्थापित निर्यात प्रबर्द्धन केन्द्रको हो । यति मात्रै होइन दातृ निकायको सहयोगमा सरकारले ३ बर्षअघि तयार पारेको मुलुकको निर्यात सम्भावना भएका १९ वस्तुमध्ये मह एक हो । चालु आर्थिक बर्षमा यी १९ मध्ये १३ को निर्यात प्रत्येकको १ अर्ब नघाउने लक्ष्य सार्वजनिक गरेको थियो । जसमा मह पनि एक भएको वाणिज्य मन्त्रालयका एक उच्च अधिकारीले बताए । उक्त महत्वकांक्षी लक्ष्य सार्वजनिक गरेकै बर्ष मह निर्यातको उक्त भयावह तथ्यांक सार्वजनिक भएको छ । 'महको गुणस्तर र व्यवसायिक विस्तारमा ध्यान दिन सकिएन,' केन्द्रका निर्देशक ईश्वरीप्रसाद घिमिरेले भने, 'त्यसले गर्दा निर्यात हवात्तै घटेको हो ।' मह मात्रै होइन नेपालको तुलनात्मक लाभ भनिएका १३ मध्ये ५ वटाको मात्रै निर्यात बढेको हो । जसमध्ये अदुवाको निर्यात सबैभन्दा धेरै २ सय १७ प्रतिशतले बढेको छ । सबै भन्दा धेरै निर्यात घटेको मह नै हो । गत बर्षको भन्दा मह निर्यात ९७ दशमलव ५ प्रतिशतले घटेको छ ।

नेपाल केन्द्रीय मह उत्पादन संघका अनुसार गुणस्तरीय उत्पादन गरी बजार प्रबर्द्धन गर्न सक्ने हो भने बार्षिक १० लाख किलो मह निर्यात गर्न सकिन्छ । नेपाली मह औसत ५ सय रुपैयाँमा बिक्छ । हिमाली मह त किलोको १ हजारदेखि १ हजार ५ सय रुपैयाँसम्ममा बिक्न सक्ने व्यवसायी बताउछन् । सरकारको लक्ष्य छोडेर विदेशबाट आउने मागलाई मात्रै पूर्ति गर्न सकिने हो भने तत्काल महिनाको ५ देखि १० करोड रुपैयाँको निर्यात गर्न सकिन्छ । संघका सदस्य कमलबहादुर राईले सरकारले अनुदान दिए अझै सम्भावना टरिनसकेको बताए । 'मह प्रशोधन गर्ने मेशिनको अभाव छ,' उनले भने, 'अनुदानको व्यवस्था गरे गुण्स्तरीय मह उत्पादन गर्न सकिन्छ र निर्यात बढ्छ ।'

दशकअघिसम्म युरोप नेपाली महको ठूलो बजार थियो । पछि अखाद्य वस्तु मिसिएको भनेर डेनमार्क लगायत मुलुकले नेपालको मह लिन छाडेपछि निर्यात निक्कै घट्यो । गत बर्षसँग मात्रै पनि तुलना गर्ने हो भने निर्यात झण्डै ९८ प्रतिशतले घटेको छ । निर्यात घटे पनि देशभित्रको खपत भने बढिरहेको संघको भनाई छ । यसमा करीब १२ हजार किसान संलग्न छन् । आर्थिक बर्ष २०६८।६९ मा देशभित्र करीब २० लाख किलो मह खपत भयो । यसले देशभित्र करीब एक अर्बको कारोबार भएको देखाउँछ । चितवन, दाङ्ग, रुपन्देही, नवलपरासी, सर्लाही, बैतडी लगायत जिल्लामा बढी मह उत्पादन हुन्छ । नेपालमा युरोयिन मेलिफेरा, लोकल सेरेना, जंगली भिर माहुरी लगायतको खेती हुन्छ । युरोपियन मेलिफेराले करीब ६० प्रतिशत बजार ओगटेको छ । यसैगरी लोकल माहुरीले ३८ प्रतिशत र अन्य माहुरीको बजार २ प्रतिशत छ । मह व्यवसायीले पनि गुणस्तर बढाएर अन्तर्राष्ट्रिय बजारमा लैजान पहल नगरेकाले निर्यात घट्दै गएको निर्देशक घिमिरेले बताए । 'महको सही बजार पहिचान नहुँदा कृषकलाई पनि समस्या भएको छ,' उनले भने । यसका लागि कृषि मन्त्रालय र व्यवसायीबीच सहकार्य गर्न जरुरी रहेको उनले औंल्याए ।

# अनुसूची ७

## www.onlinekhabar.com मा प्रकाशित महको शुद्धता तथा मह महोत्सव सम्बन्धी समाचार

### नक्कली र सक्कली मह कसरी छुट्याउने ?
### काठमाडौंमा राष्ट्रिय मह महोत्सवको तयारी

२१ भदौ, काठमाडौं । के तपाई शहरमा बसेर मौरीको मह किन्दै हुनुहुन्छ ? मौरीको चाकामा चिनी मिसाइएको वा चिनीको घोलमा दुईचार वटा मौरी मारेर हालेको या बट्टाभित्रै मिसावट गरिएको महबाट तपाई वाक्क हुनुभएको छ भने पक्कै पनि तपाईलाई चिन्ता लागिरहेको हुनुपर्छ, मह शुद्ध छ कि छैन भनेर कसरी थाहा पाउने होला ? ***राष्ट्रिय सभागृहमा प्रथम राष्ट्रिय मह महोत्सवको तयारीमा लागिरहनुभएका केन्द्रीय मह व्यवसायी संघका अध्यक्ष धर्मराज श्रेष्ठ मह र मौरीबारे यसरी रोचक कुरा सुनाउनुहुन्छः***

- मह शुद्ध छ कि छैन भनेर थापा पाउने विभिन्न तरिका छन् । शुद्ध महको थोपा पानीमा चुहाउँदा रेसा नबनी थपक्कै पिँधमा पुग्छ भन्ने गरिन्छ । त्यसैगरी सिक्कामा मह दलेर पछाडिबाट टुकीमा सेकाउँदा चिनी मिसाइएको मह बल्छ, शुद्ध महमा आगो लाग्दैन । त्यस्तै शुद्ध मह कुकुरलाई दियो भने खाँदैन भन्ने पुरानो मान्यता छ । तर, अचेलका कुकुरले जे पनि खान सक्छन् । अनुभवी मान्छेले मह शुद्ध छ कि छैन भन्ने चाखेर पनि सहजै थाहा पाउन सक्छन् । महको शुद्धता थाहा पाउने वैज्ञानिक गरिका चाँहि ल्याबमा गरिने परीक्षण नै हो ।
- नेपालमा पाइने परम्परागतरुपमा पालिने गरेको मौरीको जात एप्पीस सेरेना हो । यो मौरी नेपालमा करिब १ लाख २५ हजार घार रहेको हुनमान गरिएको छ । व्यवसायिकरुपमा पालन गरिँदै आएको मौरी चाहिँ युरोपियन जातको हो । यो जातका मौरी नेपालमा लगभग ३५ हजार घार रहेको अनुमान छ ।
- महको मूल्य पनि मौरीको जात अनुसार फरक-फरक हुन सक्छ । हाइ अट्रीच्युडको हिमाली मह प्रतिकिलो १५ सय रुपैयाँ भन्दा बढी पर्छ । जबकी मेलिफेरा मौरीको मह ४ सय ५० वा ५ सय रुपैयाँसम्म पर्छ । भीरमौरीको मह पनि अरु महभन्दा निकै महंगो हुन्छ कठ्यौरीको मह त प्रतिकिलो ४ हजार रुपैयाँमा पनि किन्न पाइँदैन । थोरै हुने भएकाले कठ्यौरीको मह जसले काढ्छ उसैले खाइहाल्छ ।
- मह उत्पादन गर्ने मौरीका विभिन्न जातमध्ये उज्यालोमा बस्ने र अँध्यारोमा बस्ने दुईवटा जात हुन्छन् । उज्यालोमा बस्नेसँग पनि रानी हुनछ, तर त्यसलाई पाल्न सकिँदैन । अँध्यारोमा बस्नेलाई मात्रै पाल्न सकिन्छ । कठ्यौरी, भीर मौरी र खागोले उज्यालोमा मह लगाउँछन् भने अन्य मौरीले अँध्यारोमा ।
- नेपालमा उत्पादन हुने मह नर्वेसम्म जान गरेकोमा हाल गइराखेको छैन । नेपालमा उत्पादित मह नेपाललाई नै पुगिराखेको छैन । तर, नेपालमा मह उत्पादनको राम्रो सम्भावना छ ।
- चिउरीको फूलबाट उत्पादन हुने महलाई विश्वमा अर्गानिक मह मानिन्छ । तर, चिउरीको महलाई भारतले 'इण्डियन बटर ट्री' को नामबाट पेटेन्ट राइट दर्ता गरेको छ । नेपालमा पनि महाभारत श्रृंखलामा चिउरीको मह उत्पादन हुने गरेको छ र यसको व्यवसायिक उत्पादनको एक करोड किलोसम्म उत्पादन हुन सक्छ । हाल नेपालमा वार्षिक १८ लाख किलो मात्रै मह उत्पादन भइरहेको छ । अहिले नेपालमा भारत र चीनबाट समेत महको आयात भइरहेको छ ।
- महका विभिन्न परिकारहरु बनाइन्छ । मह, मौरी र मैनको महत्व पनि छुट्टाछुट्टै छ । विदेशमा मौरीको विष संकलन गरेर औषधिको रुपमा समेत प्रयोग गर्ने गरिएको पाइन्छ । मौरीलाई टोकाएर उपचार गर्ने चिनियाँ पद्दति निकै प्रचलित छ । विशेष गरी नशासम्बन्धी रोगको नियन्त्रणका लागि मौरीको विष प्रयोग हुन्छ । मौरीको चाका वा मैन जुत्ताको पोलिस, मूर्तिहरुको धलौट लिपस्टिक, क्रिम आदिमा प्रयोग हुन्छ ।
- मौरीको चाकाबाट मह निकालिसकेपछि त्यसलाई पेलेर पुनः चाका बनाउने ठाउँमा मौरीलाई राखिदिन सकिन्छ । त्यसो गरियो भने मौरीलाई चाका बनाउने शुरुदेखिको झन्झट गरिरहनुपर्दैन र छिटै मह उत्पादन गर्न सक्छ ।
- मौरीलाई एकैठाउँमा राखेर पालिरहँदा धेरै मह लगाउन सक्दैन । त्यसैले मौरीका घारहरु मौसम अनुसार सारिराख्नुपर्छ । तर, विगतमा यसरी मौरी पालकहरुले घार लिएर जंगल छेउछाऊ जाँदा कतिपय ठाउँमा माओवादीले पनि पैसा मागेर दुख दिएको तीतो अनुभव व्यवसायीहरुसँग छ । मौरकिा घार राति सार्नुपर्ने भए पनि संकटबालका बेला सेनाले दुख दिएकाले दिउँसै सार्दा मौरी मरेर व्यवसाय नै चौपट बन्यो ।
- मौरी पालक किसान तथा मह व्यवसायी संगठनहरु पनि धेरै खुल्न थालेका छन् । केन्द्रीय मह व्यवसायी संघमा १० जिल्लामा १ सय ७ जनाको सहभागिता छ । त्यस्तै मौरी पालक किसानहरुको नेपाल मौरीपालक महासंघ पनि छ । नेपाल मौरीपालन केन्द्रीय सहकारी संघ पनि स्थापना भएको छ ।
- आगामी असोज १९ र २० गते काठमाडौंमा प्रथम मह महोत्सव आयोजना हुँदैछ । त्यहाँ मह, यसका परिकार र मह उत्पादनमा प्रयोग हुने सामाग्रीका करिब ५ सय स्टलहरु रहने छन् । महको महत्व र शुद्धताबारे जानकारी गराई नेपालमा मौरीपालन व्यवसायलाई प्रवर्द्धन गर्ने र मह उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाई त्यसको बजार अन्तरराष्ट्रिय रुपमा विकास गर्ने उद्देश्यले मह महोत्सव गर्न लागिएको हो ।

(link: http://www.onlinekhabar.com/2013/09/112424/#sthash.UVv32MvG.dpuf )

# अनुसूची ८

## मौरीपालक उत्तरदाताहरुलाई मात्र दिइएको अध्ययन प्रश्नावली

## नेपाल राष्ट्र बैंक, नेपालगन्ज

**अध्ययन प्रश्नावली**

**यो प्रश्नावली नेपाल राष्ट्र बैंकद्वारा गरिने "दाङ्ग जिल्लामा मौरीपालन व्यवसायको अवस्था तथा सम्भावनाहरु" विषयक अध्ययन प्रयोजनको लागि तयार पारिएको हो । यसबाट प्राप्त जानकारी तथा सुचनाहरु गोप्य राखिने छ र उल्लेखित अध्ययन बाहेक अन्य कुनै पनि प्रयोजनका लागि प्रयोग गरिने छैन ।**

१. कति वर्ष देखि मौरी पालन व्यवसायमा संलग्न हुनुहुन्छ ?

- ☐ ० - ५ वर्ष
- ☐ ५ - १० वर्ष
- ☐ १० - २० वर्ष
- ☐ २० वर्ष भन्दा माथि

२. यो पेशा तपाईले आफै शुरु गर्नु भएको हो कि पुर्खेउली पेशा हो ?

- ☐ ० - ५ वर्ष
- ☐ ५ - १० वर्ष
- ☐ १० - २० वर्ष
- ☐ २० वर्ष भन्दा माथि

३. मौरीपालन बाहेक अन्य कुन कुन पेशामा संलग्न हुनुहुन्छ ?

- ☐ कृषि
- ☐ सरकारी सेवा
- ☐ गैर-सरकारी संस्था सेवा
- ☐ निजी क्षेत्र सेवा
- ☐ स्वउद्यम सञ्चालन
- ☐ अन्य ...............................

४. मौरी पालन व्यववसाय कति रकमबाट शुरु गर्नु भएको हो ? अर्थात् शुरु पूँजी कति थियो ?

- ☐ रु. ........................

५. हाल के कति पूँजी लगानी भएको छ ? (हालको लगानी रकम थाहा नभए कुल सम्पत्तिमा कुल ऋण रकम घटाउने)

- ☐ रु. ........................

६. यो पेशाका लागि अन्य कतैबाट ऋण वा सापट लिई चलाउनु भएको भए त्यस्तो ऋण वा सापट को-को बाट कति-कति लिनु भएको छ ? साथै, कति ब्याजदरमा लिनु भएको छ ?

- ☐ बैंक तथा वित्तीय संस्थाबाट ऋण रु. ............ ब्याजदर ....... प्रतिशत
- ☐ सहकारी संस्थाबाट ऋण रु. ............ ब्याजदर ....... प्रतिशत
- ☐ साहु महाजनसँग सापट रु. ............ ब्याजदर ....... प्रतिशत

- ☐ साथीभाई वा इष्टमित्रसँग सापट रु. ........... ब्याजदर ....... प्रतिशत
- ☐ अन्य भए उल्लेख गर्ने ................रु. ............. ब्याजदर ....... प्रतिशत

७. यो व्यवसायमा वार्षिक कति सञ्चालन खर्च व्यहोर्नु हुन्छ ?

- ☐ रु. ........................

८. यो व्यवसायमा आवश्यक पर्ने सामाग्रीहरु कहाँ कहाँबाट प्राप्त गर्नुहुन्छ ?

- ☐ आफै बनाउने
- ☐ स्थानीय बजारबाट खरिद गर्ने
- ☐ काठमाडौं, चितवन लगायत अस्थानीय स्वदेशी बजारबाट खरिद गर्ने
- ☐ भारतीय बजारबाट खरिद गर्ने
- ☐ अन्य भए उल्लेख गर्ने .........................

९. कुन कुन वर्ष के के जातको कति कति घार मौरी पाल्दै आउनु भएको छ ?

| | सेरेना | मेलिफेरा | भिर मौरी | अन्य |
|---|---|---|---|---|
| २०६५/६६ | ........ | ........ | .......... | ....... |
| २०६६/६७ | ........ | ........ | .......... | ....... |
| २०६७/६८ | ........ | ........ | .......... | ....... |
| २०६८/६९ | ........ | ........ | .......... | ....... |
| २०६९/७० | ........ | ........ | .......... | ....... |

१०. तपाईले कुन कुन जातका मौरीबाट कुन कुन वर्ष के कति के.जी. मह उत्पादन गर्नु भयो ?

| | सेरेना | मेलिफेरा | भिर मौरी | अन्य |
|---|---|---|---|---|
| २०६५/६६ | ........ | ........ | .......... | ....... |
| २०६६/६७ | ........ | ........ | .......... | ....... |
| २०६७/६८ | ........ | ........ | .......... | ....... |
| २०६८/६९ | ........ | ........ | .......... | ....... |
| २०६९/७० | ........ | ........ | .......... | ....... |

*(नोटः २०६९/७० का लागि हालसम्मको वास्तविकमा बाँकी अवधिको अनुमानित जोड्ने)*

११. तपाईले कुन कुन वर्ष कुल के कति के.जी. मह बिक्री गर्नु भयो ?

| | सेरेना | मेलिफेरा | भिर मौरी | अन्य |
|---|---|---|---|---|
| २०६५/६६ | ........ | ........ | .......... | ....... |
| २०६६/६७ | ........ | ........ | .......... | ....... |
| २०६७/६८ | ........ | ........ | .......... | ....... |
| २०६८/६९ | ........ | ........ | .......... | ....... |
| २०६९/७० | ........ | ........ | .......... | ....... |

*(नोटः २०६९/७० का लागि हालसम्मको वास्तविकमा बाँकी अवधिको अनुमानित जोड्ने)*

१२. उत्पादित मह कहाँ कहाँ बिक्री गर्दै आउनु भएको छ ?

- ☐ छर छिमेकमा घरैबाट ......... प्रतिशत
- ☐ स्थानीय बजार केन्द्रबाट ......... प्रतिशत
- ☐ उद्योगी/मध्यस्थकर्ता/व्यापारीलाई ......... प्रतिशत
- ☐ अन्य बजार केन्द्र भए उल्लेख गर्ने ........... ..........प्रतिशत

१३. कुन दरमा मह बिक्री गर्ने गर्नु भएको छ ?

| | सेरेना | मेलिफेरा | भिर मौरी | अन्य |
|---|---|---|---|---|
| व्यक्तिलाई प्रति क.जी. रु. | ........ | .......... | .......... | ........ |
| व्यापारीलाई प्रति के.जी. रु. | ........ | .......... | .......... | ........ |

१४. मौरीपालन व्यवसायबाट वार्षिक के कति रकम आम्दानी (खुद नाफा) गर्नु भयो ?

- ☐ २०६५/६६ मा रु. ..........
- ☐ २०६६/६७ मा रु. ..........
- ☐ २०६७/६८ मा रु. ..........
- ☐ २०६८/६९ मा रु. ..........
- ☐ २०६९/७० मा रु. .......... (हालसम्मको वास्तविकमा बाँकी अवधिको अनुमानित जोड्ने)

१५. मौरी पालन व्यवसायबाट मह बाहेक अन्य के कस्ता उत्पादन बिक्री गरी वार्षिक के कति आम्दानी गर्दै आउनु भएको छ ? औसतमा उल्लेख गर्ने ।

- ☐ घार सहितको मौरी रु. ..........
- ☐ रानी मौरी रु. ..........
- ☐ मैन रु. ..........
- ☐ प्रोपोलिस रु. ..........
- ☐ पोलेन रु. ..........
- ☐ आधार चाका रु. ..........
- ☐ अन्य (घार बाकस, टोपी, चक्कु, महदानी, ब्रस) रु. ..........

१६. मौरीहरुको लागि चरन अभाव रहदा कुन कुन जिल्लामा चराउन लैजाने गर्नु भएको छ ?

- ☐ ..........................................................................................................

१७. यस व्यवसायमा आफू बाहेक तपाईको परिवारका अन्य कति सदस्य संलग्न हुनु हुन्छ ?

- ☐ १
- ☐ २
- ☐ ३
- ☐ ४
- ☐ ५ र सो भन्दा बढी

१८. पारिवारिक सदस्य बाहेक अन्यलाई यो व्यवसायमा रोजगारी दिनुभएको छ ?

- ☐ छ
- ☐ छैन
- ☐ छ भने कति जना लाई दिनु भएको छ ? ............ जना

१९. मौरीपालन सम्बन्धी कुनै आधारभूत वा सीपमुलक तालिम लिनु भएको छ ?

- ☐ छ
- ☐ छैन
- ☐ छ भने कस्तो किसिमको तालिम कुन संस्थाले दिएको थियो ?

| तालिमको बिषय | तलिम दिने संस्था |
|---|---|
| १...................................... | ......................... |
| २...................................... | ......................... |
| ३...................................... | ......................... |
| ४...................................... | ......................... |

२०. मौरीपालन व्यवसायमा के कस्ता समस्याहरु विद्यमान रहेका छन्, बुँदामा उल्लेख गर्नुहोस् ?

.......................................................................................................................
.......................................................................................................................
.......................................................................................................................

**<u>व्यक्तिगत विवरण</u>**

नाम : ....................................... ठेगाना : ..........................................................

उमेर :....................................... शैक्षिक योग्यता ................................................

एकाघर परिवार संख्या :................... मासिक पारिवारिक खर्च : ...................................

मासिक पारिवारिक बचत : ............... व्यवसाय कहि दर्ता गरेको भए उल्लेख गर्ने ..............

## अनुसूची ९

### मौरीपालक तथा गैर-मौरीपालक उत्तरदाताहरुलाई दिइएको अध्ययन प्रश्नावली

# नेपाल राष्ट्र बैंक, नेपालगन्ज

**<u>अध्ययन प्रश्नावली</u>**

**यो प्रश्नावली नेपाल राष्ट्र बैंकद्वारा गरिने "दाङ्ग जिल्लामा मौरीपालन व्यवसायको अवस्था तथा सम्भावनाहरु" विषयक अध्ययन प्रयोजनको लागि तयार पारिएको हो । यसबाट प्राप्त जानकारी तथा सुचनाहरु गोप्य राखिने छ र उल्लेखित अध्ययन बाहेक अन्य कुनै पनि प्रयोजनका लागि प्रयोग गरिने छैन ।**

१) तपाईको आफ्नो घर छ ?

- ☐ छ
- ☐ छैन

२) छ भने कस्तो किसिमको छ ?

- ☐ पक्की (सिमेण्ट र ईट्टाको प्रयोग गरी बनाइएको)
- ☐ कच्ची (अन्य)

३) तपाईंको घरमा निम्न मध्ये कुन कुन घरेलु सामाग्री उपलब्ध छन् ?

- ☐ टेलिभिजन
- ☐ भि.सी.डि वा सि.डि. प्लेयर
- ☐ रेफ्रिजेरेटर
- ☐ लुगा धुने मिसिन
- ☐ कम्प्यूटर
- ☐ कुलर वा ए.सी.
- ☐ हिटर
- ☐ ल्याण्ड लाइन फोन
- ☐ इन्टरनेट सुविधा
- ☐ केवल सुविधा
- ☐ मोटर साइकल
- ☐ यी मध्ये कुनै पनि नभएका

४) तपाईको घरमा कस्तो पिउने पानी प्रयोग गर्ने गर्नु भएको छ ?

- ☐ कल वा धारा वा कुवाको पानी सिधै पिउने
- ☐ उमालेर पिउने
- ☐ उमालेको पानी फिल्टर गरेर पिउने
- ☐ फिल्टर गरेर पिउने
- ☐ यूरोगार्डबाट फिल्टर गरेर पिउने

५) खाना बनाउन प्रायःजसो कस्तो किसिमको प्रविधि प्रयोग गर्नुहुन्छ ?

- ☐ दाउरा, गुईंठा
- ☐ मट्टितेल तथा स्टोभ
- ☐ बायो ग्यास
- ☐ सोलार चुल्हो
- ☐ सिलिन्डर ग्यास
- ☐ इलेक्ट्रिक चुल्हो
- ☐ अन्य ................................

६) तपाईले उपयोग गर्ने शौचालय कस्तो किसिमको छ ?

- ☐ घर बाहिर कच्चि
- ☐ घर बाहिर पक्की (प्यान भएको)
- ☐ घरभित्र प्यान भएको
- ☐ घरभित्र कमोड भएको
- ☐ अन्य .................................

७) तपाईको घरमा कम्प्यूटर छ भने कस्तो किसिमको कति थान छ ?

- ○ डेस्कटप ........ थान

- ○ ल्यापटप ........ थान
- ○ आइप्याड वा पाल्मटप ........ थान

८) तपाईले आफ्ना छोराछोरीहरुलाई कस्तो विद्यालय तथा क्याम्पसमा अध्ययन गराउनु भएको छ ?

- □ सामुदायिक
- □ निजी
- □ दुवै, अन्य (उल्लेख गर्ने) ......................................

९) तपाईको परिवारमा १५ वर्ष वा सो भन्दा बढी उमेर भएका कति सदस्यहरु हुनुहुन्छ ? तीमध्ये कतिजनाले मोबाइल फोन बोक्ने गर्नु भएको छ ?

- □ १५ वर्ष वा सो भन्दा बढी उमेर पुगेका सदस्य संख्या ................ जना (आफु समेत) मध्ये मोबाइल बोक्ने सदस्य संख्या .................. जना

१०) बैंक खाता खोल्नु भएको छ ?

- □ छैन
- □ छ
- □ छ भने कति वटा बैंकमा छ ? ................ वटा बैंकमा

११) आफ्नो बैंक खाताबाट पैसा झिक्न ए.टि.एम. प्रयोग गर्नु भएको छ ?

- □ छ
- □ छैन

१२) तपाईले अन्यत्र कतै बाट ऋण वा सापट लिनु भएको छ ?

- □ छ
- □ छैन
- □ छ भने यी मध्ये कहाँबाट लिनु भएको हो ?
  - ○ बैंक तथा वित्तीय संस्थाबाट रु. ............ ब्याजदर ....... प्रतिशत
  - ○ सहकारी संस्थाबाट रु. ............ ब्याजदर ....... प्रतिशत
  - ○ साहु महाजनसँग रु. ............ ब्याजदर ....... प्रतिशत
  - ○ साथीभाई वा इष्टमित्रसँग रु. ............ ब्याजदर ....... प्रतिशत
  - ○ अन्य ............... रु. .............. ब्याजदर ....... प्रतिशत

१३) तपाई कुनै पनि पत्रपत्रिकाको नियमित ग्राहक हुनु हुन्छ ?

- □ छैन
- □ छ ............... वटा पत्रपत्रिकाको नियमित ग्राहक छु ।

१४) तपाईसंग निजी प्रयोगका लागि यी मध्ये कुन कुन सवारी साधनहरु छन् ?

- □ साइकल
- □ मोटरसाइकल वा स्कुटर
- □ कार वा जिप
- □ माथिका कुनै पनि साधन नभएको

१५) तपाई वा तपाईको परिवारका कोही सदस्य विरामी परी डाक्टरलाई जचाउनु पर्दा प्रायः तपाई कसरी जचाउनु हुन्छ ?

- □ सामुदायिक अस्पतालमा गई जचाउने
- □ निजी अस्पतालमा वा डाक्टरको निजी क्लिनिकमा गई जचाउने
- □ डाक्टरलाई आफ्नो घरमै बोलाई जचाउने

१६) गत १ वर्षमा व्यवसायिक प्रयोजनका लागि बाहेक बास वस्ने गरी कुनै निजी भ्रमण गर्नु भएको छ ?

- □ छैन

- ☐ छ …………. पटक

१७) तपाईको पारिवारको आम्दानीको नियमित स्रोत निम्न मध्ये कुन कुन रहेको छ ?

- ☐ कृषि (मौरी पालन समेत)
- ☐ विप्रेषण
- ☐ नोकरी
- ☐ घर वा निजी सम्पत्ति भाडा
- ☐ अन्य ……………….

१८) तपाईको परिवारको मासिक खाद्यान्न खर्चमा निम्न शिर्षकहरुमा कति कति प्रतिशत जति खर्च हुने गरेको छ ?

| | | | |
|---|---|---|---|
| ☐ अन्न, दाल, पिठो | …….प्रतिशत | ☐ हरियो सागसब्जी | ……..प्रतिशत |
| ☐ मरमसला | …….प्रतिशत | ☐ दुध, दही, घिऊ | ……..प्रतिशत |
| ☐ माछामासु | …….प्रतिशत | ☐ अण्डा | ……..प्रतिशत |
| ☐ फलफूल | …….प्रतिशत | ☐ अन्य | ……..प्रतिशत |

१९) तपाई तथा तपाईको परिवारले उपभोग गरेको यी सेवाहरुको गुणस्तर आफै मूल्याङ्कन गर्नुपर्दा कस्तो रहेको ठान्नु हुन्छ ? चिन्ह लगाउनुस् ।

| | अति राम्रो | राम्रो | ठिकै | खराब | उपभोग नगरेको |
|---|---|---|---|---|---|
| ☐ स्वास्थ्य सेवा | ………… | …… | …… | ……. | ………………….. |
| ☐ शैक्षिक सेवा | ………… | …… | …… | ……. | ………………….. |
| ☐ खानेपानी सेवा | ………… | …… | …… | ……. | ………………….. |
| ☐ विद्युत सेवा | ………… | …… | …… | ……. | ………………….. |
| ☐ यातायात सेवा | ………… | …… | …… | ……. | ………………….. |
| ☐ सञ्चार सेवा | ………… | …… | …… | ……. | ………………….. |
| ☐ मनोरञ्जन | ………… | …… | …… | ……. | ………………….. |

२०) आफ्नो जिवनस्तरलाई आफैले मुल्याङ्कन गर्दा तपाई यी मध्ये कुन वर्गमा पर्नु हुन्छ ? आफै मूल्याङ्कन गर्नुस् ।

| | |
|---|---|
| ☐ उच्च वर्ग | ☐ उच्च मध्यम वर्ग |
| ☐ मध्यम वर्ग | ☐ निम्न मध्यम वर्ग |
| ☐ निम्न वर्ग | ☐ केही कैफियत भए उल्लेख गर्ने ………………. |

२१) तपाईलाई मौरीपालन व्यवसाय सम्बन्धी कत्तिको ज्ञान छ ?

- ☐ राम्रो ज्ञान भएको
- ☐ सामान्य ज्ञान भएको
- ☐ कुनै ज्ञान नभएको

२२) तपाई मौरीपालन व्यवसायमा किन संलग्न नहुनु भएको होला ?

- ☐ रुची नभएर
- ☐ अन्यत्र संलग्न वा कार्यरत रहेकोले समय नभएर
- ☐ मेहेनत अनुसारको आय आर्जन नहुने ठानेर
- ☐ लगानी पुँजी नभएर
- ☐ अन्य ……………………………………….

२३) मौरीपालन व्यवसायमा संलग्न हुनु भएको भए आफ्नो जिवनस्तरमा कस्तो परिवर्तन हुने अनुमान गर्नुहुन्छ ?

- ☐ जिवनस्तर बढ्ने थियो
- ☐ जिवनस्तर यथास्थितिमा रहने थियो
- ☐ जिवनस्तर घट्ने थियो
- ☐ थाहा छैन

२४) मौरीपालन व्यवसाय सम्बन्धी तपाईको आफ्नो कुनै व्यक्तिगत धारणा भए उल्लेख गर्नुहोस ?

..................................................................................................................................
..................................................................................................................................
..................................................................................................................................

**<u>व्यक्तिगत विवरण</u>**

नाम : ................................................ ठेगाना : ..................................................................

उमेर :................................................ शैक्षिक योग्यता ......................................................

एकाघर परिवार संख्या :............................ मासिक पारिवारिक खर्च : ..........................................

मासिक पारिवारिक बचत : ........................ व्यवसाय कहि दर्ता गरेको भए उल्लेख गर्ने ......................

# स्थलगत अध्ययनका क्रममा लिइएका केही तश्वीरहरु



*(मौरीपालक व्यवसायी दिपकुमार बुढामगरसँग ने.रा.बैंक, नेपालगञ्जका व्यवस्थापक लगायत अध्ययन टोलीका सदस्यहरु)*




*(दाङ्ग जिल्लाका अगुवा मौरीपालक व्यवसायीहरुसँग अध्ययन टोलीले अन्तर्क्रिया गर्दै)*



*(अध्ययन टोलीसँग अन्तर्क्रिया गर्दै मौरीपालक व्यवसायी दिपकुमार बुढामगर)*